

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह को संक्षिप्त जीवनी

बाबुराम आचार्य

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह

(संक्षिप्त जीवनी)

(इ. सं. १७२३-७५)

भाग ४

– श्री बाबुराम आचार्य

प्रकाशक
श्री ५ महाराजाधिराजका
प्रमुख संवाद सचिवालय
राजदरबार,
नेपाल ।

पहिलो पटक
छापिएको
एक हजार प्रति

वि. सं. २०२६,
विजया दशमी

मूल्यः– ६।५०

मुद्रक
श्री ५ को सरकारको
छापाखाना,
काठमाडौं, नेपाल ।

श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह

समर्पण

नेपालीप्रति

त्वदीयं वस्तु गोविन्द
तुभ्यमेव समर्पये ।

—बाबुराम आचार्य

श्री ५ युवराजाधिराजबाट

बक्सेको

सन्देश

सम्पूर्ण नेपाली इतिहास वास्तविक र वैज्ञानिक तथ्यहरूका आधारमा लेखिनु आवश्यक छ। यही आवश्यकतालाई पूर्ति गर्न वयोबृद्ध इतिहासशिरोमणि बाबुराम आचार्यले यस पुस्तकद्वारा प्रस्तुत प्रयास बहुतै सराहनीय छ। यस पुस्तकले इतिहासप्रेमी सबैलाई प्रेरणा र लाभ प्रदान गर्नेछ भन्ने आशा गर्छु।



श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव

लेखक को कथन

श्री ५ बडामहाराजाधिराज **पृथ्वीनारायण** शाहको राज्यकाल उनको जीवन-चरित्रात्मक भएकोले उनको जो जीवन-चरित्र लेखियो सो उनको राज्यकालको इतिहास पनि हुनआएको छ । यो इतिहास लेख्ने कामको उठान **श्री ५ राजेन्द्र**बाट भई त्यस कामको निमित्त जो पुराना कागज-पत्र बटुलिएका थिए तिनको उपयोग यसमा गरिएको र सो बाहेक अनेक समकालिक कागज-पत्र जति प्राप्त गर्न सकियो तिनको पनि उपयोग गरिएको छ । तैपनि थोर-वहुत समकालिक कागज-पत्रहरू प्रतिवर्ष भेटिंदैछन् तिनको उपयोग नयाँ संस्करण हुँदागरिने छ । परन्तु यो जीवन-चरित्र लेख्ने काम नयाँ विषय भएको हुनाले यसमा कमी भए तापनि कहीं पछिका संस्करण-हरूमा सुधारिएर जाने आशा छ ।

यसमा लेखिएका विषयहरूको मूल्याङ्कन गर्नेकाम विद्वान् आलोचक सज्जनहरूका उपर छोडिएको छ ।

बत्तिसपुतली, काठमाडौं ।

संवत् २०२६

विजयादशमी ।

श्री ५ बडामहारानी रत्न राज्य लक्ष्मी देवी शाह

यस संक्षिप्त जीवनीको चौथो भागमा

● अठाऱ्हौं परिच्छेद

राज्य-व्यवस्था ६४१

● उन्नाइसौं परिच्छेद

न्याय-व्यवस्था ६४६

टिप्पणी ६५६

● बीसौं परिच्छेद

प्रशासन-व्यवस्था, भूमिकर र राजअंक ६६७

टिप्पणी ६७१

● एकाइसौं परिच्छेद

अर्थनीति ६७६

टिप्पणी ६८५

● बाइसौं परिच्छेद

तिबतबाट सुन पैठारी गराउने विषयमा ६८९

टिप्पणी ६९३

● तेइसौं परिच्छेद

परराष्ट्र व्यवस्था ६९७

टिप्पणी ७०५

● चौबीसौ परिच्छेद

श्री श्री श्री महाराजे पृथ्वीनारायण शाह बहादुर शंशेर जंग ... ७११

टिप्पणी ७१३

● पच्चीसौं परिच्छेद

सैनिक कम्पनीहरूको संगठन ७२१

टिप्पणी ७२७

● छब्बीसौं परिच्छेद

जागीरदारलाई सदाचारी बनाउने व्यवस्था ७३५

टिप्पणी ७३९

● सत्ताइसौं परिच्छेद

बही बुझ्ने व्यवस्थाको स्थापना ७४९

टिप्पणी ७५५

● अठ्ठाइसौं परिच्छेद

जैसीहरूको समस्याको समाधान गर्ने प्रयास ७६५

टिप्पणी ७६९

● उनन्तीसौं परिच्छेद

कीर्तिपुरमा अत्याचार गरिएको प्रचार ७७७

● तीसौं परिच्छेद

पादरी जोसेप्पीको अरू भनाइ ७९१

● एकत्तीसौं परिच्छेद

गुठीगाना बढाउने र बिर्ता घटाउने व्यवस्था ७९७
टिप्पणी ८०३

● बत्तिसौं परिच्छेद

श्री ५ पृथ्वीनारायण शाहका समयका कविहरूको बयान र लक्ष्मण-कविको काल्पनिक उडान ८११
टिप्पणी ८१७

● तेत्तिसौं परिच्छेद

श्री ५ पृथ्वीनारायण शाहको व्यक्तितत्व र उनमा रहेका गुण ... ८२१
टिप्पणी ८२७

● चौंतीसौं परिच्छेद

परमावश्यक भ्रम संशोधन ८३१
टिप्पणी ८३५

अठारैं

परिच्छेद

राज्य-व्यवस्था

राष्ट्रको मुटु राज्य हुन्छ । कैयुँ ठकुराइहरूको एकीकरण भए-पछि मात्र राज्य बन्दछ । राजा यक्ष मल्लका समयतक मल्लराज्य विद्यमान थियो । यिनका छोरानातिहरूका समयमा यो राज्य टुटेर काठमाडौं उपत्यकामा भिन्नाभिन्नै तीन ठकुराइ बनेका हुनाले मल्लराज्यको अस्तित्त्व गायव भइ रहेको थियो। दूधकोशीदेखि पूर्वपट्टिका विजयपुर र चौदण्डीका सेनराजाहरू आफूलाई हिन्दूपति भन्दथे तापनि यिनका प्रशासन राज्यका रूपमा परिणत भएका थिएनन्; ठकुराइकै रूपमा रहेका थिए । यही हालत काठमाडौं उपत्यकादेखि ठीक दक्षिणपट्टि रहेको मकवानपुरको ठकुराइको थियो । गोर्खादेखि पश्चिमपट्टि प्युठानासम्म रहेका चौबीसीराजाहरू पनि आफूलाई **'महाराजाधिराज'** भनेर सोही अनुसारको प्रशस्तिको व्यवहार गर्दथे तापनि राज्यमा रहनुपर्ने लक्षण यिनका प्रशासनमा नरहेको हुनाले,

यी सबै ठकुराइ नै थिए। सखीका लेकदेखि उत्तर-पश्चिमपट्टि रहेका बाइसीराजाहरू पनि सानासाना क्षेत्रका स्वामी भएकाले यिनका प्रशासनक्षेत्र पनि ठकुराइकै रूपमा रहेका थिए। यस प्रकार किराँतदेखि डोटीसम्मको हिमालयमा राज्यको अभाव भई अव्यवस्था चलिरहेको थियो।

हुन ता अरू सबै ठकुराइका राजाहरू आफ्ना छिमेकका राजालाई जितेर अनेक ठकुराइ मासी राज्य बनाउनचाहन्थे। तर, यो काम उनीहरू प्रजालाई हात नलिई उनलाई थिचोमिचो गर्दै धकेलेर छिमेकका राजाहरूलाई हटाई आफ्ना-आफ्ना राज्य बनाउन चाहन्थे। आफ्ना प्रजालाई अनुकूल नबनाई राज्य निर्माण गर्ने काम हुनसक्तैन भन्ने तत्त्वलाई यिनीहरूले जानेका थिएनन् र केवल दण्डनीतिको प्रयोग गर्ने मुर्ख्याइँ गरी धनजनको बरबादीमा मात्र लागेका हुनाले उनीहरू सफल हुननसकेका देखिनआएका छन्। छिमेकका राजाहरूलाई जित्नाका निमित्त साम, दान र भेदनीतिको पनि उपयोग गर्नुपर्छ भन्ने तत्त्व **श्री ५ पृथ्वीनारायण शाह**ले जानेका हुनाले यिनी यस काममा पूरा मात्रामा सफल हुन समर्थ भए।

श्री ५ पृथ्वीनारायण शाहले राज्याभिषेक हुनुभन्दा केही वर्ष पहिलेदेखि नै काठमाडौं उपत्यकामा राजधानी गरिरहेका तीन मल्लठकुराइको उन्मूलन गरेर नेपाल अधिराज्य र नेपालराष्ट्रको जग बसाई अनिपछि पूर्व र पश्चिमपट्टि हिमालयभित्र नै बढेर अधिराज्य बढाई राष्ट्रको जग मजबूत पार्ने योजना तयार गरेका थिए।

तर, यो काम सजिलो थिएन; महाकठिनको थियो। यी ठकुराइका राजाहरूसंग साम, दान, भेद र दण्ड चारै नीतिको समयानुकूल प्रयोग गर्नुपर्ने भएको थियो। राज्यप्रशासनमा चौतारा र मन्त्रीपछि मर्यादाका क्रमले राजसभामा रहने भारादारहरूमा खजान्ची, कपर्दार र टक्सारी हुन्थे। **श्री ५ पृथ्वीनारायण शाह**ले पहिला टक ढालेपछि टक्सारीको पद बनेको र खजान्ची र कपर्दार **श्री ५ पृथ्वीनारायण शाह**का राज्यारम्भदेखि नै नियुक्ति भएका थिए। पुराना खजान्ची

श्री ५ रामशाहको पहिलो पाथी

कपर्दार र टक्सारीका नाम पाइँदैनन् । तर, पछिका खजाञ्ची वीरभद्र उपाध्याय र कपर्दार कालिदास खँडका प्रसिद्ध छन् । टक्सारीको काम मोहारको टक ढलाउने र खजाञ्चीको काम टक्सारमा ढालिएका र राजस्वमा आएका अनेकथरि रुपैयाँ जम्मा गर्ने र खर्च गर्नेहुन्थ्यो । राजस्वमा आएका जिन्सीमालको (जवाहिरात, सुन, चाँदी, कसनतमन र लत्ता कपडातकको) आम्दानी र खर्च गर्ने काम कपर्दारको हुन्थ्यो ।

राजाका सहायक उनका भाइ र भैयाद हुने नियम सबै पहाडी ठकुराइहरूमा कामय थियो । राजाका सहकारी भएर **"चौतारा"** रहने नियम सबै ठकुराइमा थियो । तर, किराँतका ठकुराइमा खम्बू वा लिम्बू चौतारा हुन्थे । काठमाडौं उपत्यकामा मल्लठकुराइहरूमा अनेक मन्त्री (प्रमान) हुने नियम हुनाले मुख्य प्रमान चौतारा कहिन्थे । गोर्खामा र चौबीसी ठकुराइहरूमा राजाका भाइ भएसम्म मर्यादाक्रमले भाइलाई नै र नभए नजिकका भैयादलाई चौतारा बनाउने नियम थियो । यस नियम अनुसार **श्री ५ पृथ्वीनारायण शाह**ले महोद्दामकीर्ति शाहलाई चौतारा बनाए । आफ्नो शक्ति बढ्दैगएर राज्य विस्तृत हुँदै गएपछि पहिले चौतारा बनाएका माहिला भाइ चौतारा महोद्दामकीर्ति शाहले नपुगी उनले साहिला भाइ दलमर्दन शाहलाई पनि कान्छा चौतारा बनाई अरू दुइ भाइलाई काजी बनाएका थिए । तर, यी भाइहरूमा विवेक-बुद्धि पैदा नहुँदा यिनीहरूका विषयमा **श्री ५ पृथ्वीनारायण शाह**ले चिन्तित हुनुपरेको थियो । **श्री ५ पृथ्वीनारायण शाह**ले प्रारम्भ गरेका एकीकरण अभियानका शुरुका वर्षहरूमा आफ्ना भाइहरूबाट उनलाई केही मद्दत मिलेको थियो तापनि राज्य बढ्दै गएपछि यिनीहरूका दिलमा पनि ईर्ष्याले घर जमाउँदैगएको हुनाले यिनीहरू बिभिण्डिन-थालेका थिए ।

एक पटक **श्री ५ पृथ्वीनारायण शाह**लाई ललितपुरका प्रमानहरूले राजा थाप्न आमन्त्रण गर्दा उनले आफू नगएर आफ्ना भाइ कान्छा चौतारा दलमर्दन शाहलाई प्रतिनिधि गराएर पठाएका थिए । कीर्ति-पुरको दोस्रो लडाइँका समयमा ललितपुरका प्रमानहरूले **श्री ५ पृथ्वी-**

नारायण शाहलाई पदच्युत गरेर दलमर्दन शाहलाई नै ललितपुरको मुकुट पहिराएका थिए। दाज्यूको आज्ञा नपाई परचक्रीका वहकावटमा लागेर ललितपुरको मुकुट पहिरनु दलमर्दन शाहको अघ्र्यालो काम थियो; साथै केही समयका रमझमपछि फेरि लुत्रुक्क परेर दाज्यूका आश्रयमा जानुपर्ला भन्ने कुरा पनि दलमर्दन शाहले बुझ्नसकेका थिएनन्। कान्तिपुर दखल भएको लगत्तैपछि ललितपुर पनि गोर्खालीका दखलमा आएपछि एक पटक नाममात्रको भए पनि राज्याधिकारको चस्का लागेका दलमर्दन शाहले ललितपुरका प्रमानहरूसंग साँठगाँठ मिलाई त्यहाँको अधिकार लिने प्रयत्नमा लाग्दा **श्री ५ पृथ्वीनारायण शाह** सावधान भई उनले त्यहाँका प्रमानहरूलाई पदच्युत गरर बक्शी कहर्रसिह बस्न्यातलाई त्यहाँका हाकिम बनाएका थिए। कहर्रसिह बस्न्यातलाई पश्चिमतिरको लडाइँमा खटाएपछि **श्री ५ पृथ्वीनारायण शाह**ले काजी धनवन्त खवासलाई ललितपुरको हाकिम दिएका थिए र दलमर्दन शाहले प्रशासनको कामबाट सदाका निमित्त हात झिक्नुपरेको थियो। जेठा चौतारा महोद्दामकीर्ति शाहले पनि इ. सं. १७७१ मा संभवतः मकवानपुरको अधिकार लिने कुचेष्टा गरेको प्रमाण **श्री ५ पृथ्वीनारायण शाह**ले भेट्टाएका थिए। तेस्रा भाइ दलजित शाहले अनुचित कार्य केही गरेको देखिन्न। कान्छा भाइ काजी शूरप्रताप शाह पनि भक्तपुरको अधिकार नपाउँदा विभिण्डिएर गोर्खालीका शत्रु बनेका चौबीसीठकुराइमा चक्कर लगाउनपुगेका थिए र आफ्ना जीवन-कालको अन्तिम समयमा शूरप्रताप शाह मारिएको शोक-जनक समाचार **श्री ५ पृथ्वीनारायण शाह**ले सुन्नुपरेको थियो। यस प्रकार भाइहरूले बखत-बखतमा **श्री ५ पृथ्वीनारायण शाह**लाई अप्ठ्यारामा पारेका थिए तापनि आफ्ना विवेक-बुद्धि र व्यक्तित्त्वका प्रभावले उनले व्यवस्थालाई बिग्रनदिएका थिएनन् र भाइहरूका मान-मर्यादालाई पनि कायम राखिदिएका थिए। यसो हुँदा बीचबीचमा उठेको गृह-कलहको उपयोग शत्रु भएका राजाहरूले गर्नपाएका थिएनन् र यसको प्रभाव पनि उनले शुरु गरेका अभियान-कार्यमा पर्नदिएका थिएनन्।

चौबीसी ठकुराइहरूमा राजाका मन्त्री **'काजी'** कहिन्थे । मर्यादा-क्रममा यिनीहरू चौतारा वा राजाका काजी भएका भाइभन्दा तल्ला तहमा रहन्थे । तर, प्रशासनमा मन्त्रीको अधिकार ज्यादा हुन्थ्यो । **श्री ५ पृथ्वीनारायण शाह**का पहिला काजी कालू पाँडे वडा योग्य पुरुष थिए । दोस्रा काजी रणरुद्र शाह **श्री ५ पृथ्वीनारायण शाह**का ल्याइता आमापट्टिका छोरा थिए तापनि महोद्दामकीर्ति शाह आदि अरू भाइभन्दा वहुत योग्य थिए । **श्री ५ पृथ्वीनारायण शाह**ले मर्यादा-क्रममा यिनलाई कालू पाँडे भन्दामाथि राखेका थिए। आफ्ना जीवनभर गोर्खाका रक्षा यिनैले गरेका थिए । संभवतः **श्री ५ पृथ्वीनारायण शाह**का जीवनकालका अन्त्यमा नै यिनको पनि देहान्त भयो र उनले दुःखको अनुभव गर्नुपरेको थियो ।

कालू पाँडेलाई मन्त्रीका पदमा नियुक्ति गरेका केही सालपछि तुलाराम पाँडेलाई पनि **श्री ५ पृथ्वीनारायण शाह**ले काजी गराएका थिए । यी पनि योग्य पुरुष भए । कालू पाँडेका देहान्त-पछि **श्री ५ पृथ्वीनारायण शाह**ले मन्त्रीको पद पाँच वर्ष खालि राखी पछिवाट उनका छोरा काजी वंशराज पाँडेलाई मन्त्री गराएका थिए । यिनी कालू पाँडेभन्दा पनि योग्य देखिए। तर, सतहूँका हारपछि यिनी शत्रुका कैदमा रहेका हुनाले साढेतीन वर्षसम्म यिनीसंग विछोड भई **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको थियो । **श्री ५ पृथ्वीनारायण शाह**ले कालू पाँडे, वंशराज पाँडे, तुलाराम पाँडे, शिवरामसिंह वस्न्यात, कहरसिंह बस्न्यात, श्रीहर्ष पन्थ, रणरुद्र शाह (भैयाद) र कालिदास खड्का (मगर) लाई जिन्दगीभर भुलेनन् । यस कारण उनले दिव्य-उपदेशमा **पाँडे बस्न्यात पंथ भैयाद मग्रलाई माराताप दिंदा** आलोपालो गरी खान दिनु । **ई मेरो नुन् गुन्का स्वज्ञा सेवक हुन्,** भनेका छन् ।

राज्यका मुख्य पुरोहित परम्परादेखि आएका अर्ज्यालकुलका ब्राह्मण हुन्थे । पुरोहितका भैयादमा एक जना खरिदार हुन्थे । राजकाजका सारा लेखापढी यिनैका हातमा रहनेहुनाले राजाका मुख्य

दफ्तरमा मुख्य हाकिम यिनै हुन्थे । उनका अन्तिम समयका खरिदार बालकृष्ण जोशी (अर्ज्याल) को नाम भक्तविजय (पद्य १२) मा पाइन्छ। **श्री ५ पृथ्वीनारायण शाह**ले विजयपुर दखल भइसकेपछि बख्शी अभिमानसिंह बस्न्यात आदिलाई १२ अक्टोबर, १७७४ मा लेखेका पत्रका फडकेमा यिनका नामका साथ खजान्ची वीरभद्र उपाध्याको नाम पनि आएको छ (इ. प्र. भा. १. पृ. १३) । विजयपुर र अम्बरपुरको मालपोत पौनेदुइलाख रुपैयाँ हुनाले लगत खडा गर्न खरिदार र खजान्ची दुवै खटाइएका देखिन्छन् । वीरभद्र उपाध्या खजान्चीको काममात्र गर्दैनथे यिनी प्रसिद्ध योद्धा पनि थिए । सिन्धुलीबाट अंग्रेजी सैन्यदललाई भगाउनमा यिनको पनि ठूलो हात थियो ।

द्रव्य शाहका काजी (पाँडे), सर्दार पन्थगुरु (अर्ज्याल), पुरोहित (खनाल), मालपोत विभागका अध्यक्ष (बोहरा) र न्यायाध्यक्ष (राना मगर) का वंशघरबाट एकएक जना लिइएर बनेको समिति थरघर कहिन्थ्यो । यो समिति आवश्यक परेका समयमा राजसभालाई परामर्श दिन्थ्यो । यस समितिमा नियुक्त भएका व्यक्तिहरू अर्को राजकीय सम्मान प्राप्त भएसम्म आफ्ना जीवनकालको ज्यादा भाग र जीवनभरसम्म पनि बहाल रहनेहुनाले यिनीहरू सम्मानित व्यक्तिमा गनिन्थे । यो सन्मान **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको छब्बीस वर्ष पछिसम्म चालू रहेको देखिनआएको छ (पृ. ४ र ५८)। **श्री ५ पृथ्वीनारायण शाह**ले भट्टराई थर भएका एक ब्राह्मणलाई पनि पुरोहित गराएका थिए । तर, थरघरभित्र भट्टराई रहनेपाउने नियम चलेर नआएकोले यिनी थरघरभित्रका थिएनन् । **श्री ५ पृथ्वीनारायण शाह**ले श्रीहर्ष पन्थलाई र तुलाराम पाँडेलाई पनि काजी गराएका थिए । तर, यिनीहरू राजसभाका सदस्य थिएनन् ।

उन्नाइसौं परिच्छेद

न्याय-व्यवस्था

राज्यको मुख्य काम देशमा शान्ति, सुरक्षा कायम गर्नु हुन्छ । शान्तिभंग गर्ने अपराधीलाई दण्ड दिनु अदालतको काम हुन्छ । शान्ति-सुरक्षा कायम गर्नाको निमिभ वर्तमान समयमा पुलिसचौकी र ठानाहरू राखिएका हुन्छन् । पुलिस शब्द अंग्रेजी भाषाको हुनाले **श्री ५ पृथ्वीनारायण शाह**का समयमा पुलिस थिएनन् । नेपाली भाषामा **'कटुवाल'** शब्द पाइन्छ । यो संस्कृतका **'कोट्टपाल'** शब्दसंग सम्बन्ध राख्दछ । त्यस बखत प्रत्येक पहाडी मौजामा कटुवाल रहन्थे र सरकारी उर्दी कुर्लेर जनसमुदायलाई सुनाउनु यिनको काम हुन्थ्यो र यो चलन पछिसम्म पनि थियो । तर, कटुवाल शब्दको मूल अर्थं विचार गर्दा शुरुमा डाँडामा दुवैपट्टिका मौजाहरूको देखरेख गर्नसक्ने गरी सानू कोट बनाएर राखिएको अनुमान हुन्छ । नेपाली भाषामा अचेलका पुलिससंग सम्बन्ध राख्ने **'ठाना'** शब्द रहेको छ । यसको सम्बन्ध

संस्कृत भाषाको **'स्थान'** शब्दसंग रहेको छ र कटुवाल रहने स्थान **'ठाना'** भनिने गरेको देखिन्छ। यी कटुवालहरू मतवाली साथै क्षत्री पनि हुन्थे १। यिनीहरू राजाबाट केही पाउँदैनथे। गाउँको बाली काटिए-पछि घरघरैपिच्छे यिनीहरू प्रचलित नियम बमोजिम अनाज उठाएर लिन्थे। शान्ति-सुरक्षाको काम गर्नेगरेकाले राजा र प्रजाका बीचका मध्यस्थ यिनै हुन्थे।

शान्तिभंग गर्ने अपराधीलाई दण्ड दिनु अनिवार्य सम्झिइन्थ्यो।

त्यो दण्ड दुइ उद्देश्य लिएर दिइन्थ्यो। पहिला उद्देश्य दण्डको दुःख भोगेर छुटेपछि चेतेर शान्तसंग रहोस् भन्ने हुन्थ्यो। अपराधीलाई भएको दण्ड देखेर निरपराधी पनि चेतोस् र अपराध नगरोस् भन्ने दोस्रो उद्देश्य हुन्थ्यो। **श्री ५ पृथ्वीनारायण शाह**का समयमा दण्ड दिने अदालत स्थापना भएको कुरा उनका दिव्योपदेशबाट स्पष्ट भएको छ। आफ्ना दिव्योपदेशमा उनले घूस खाने र घूस दिने दुवै राजाका महाशत्रु हुन् भनेर प्रशस्त निन्दा गरेका छन्। उनले आफ्ना दिव्योपदेशमा **'ठकुरी जाँची डिट्ठा राख्नू। मगर जाँची विचारी थाप्नू। कचहरीपिच्छे एक एक पण्डित राखी शास्त्र बमोजिम अदालत चलाउनू'** पनि भनेका छन्। त्यस बखत ठकुरी र मगरको स्वभाव धनमा लोभ नगर्नेदेखेर ठकुरीलाई डिट्ठा र मगरलाई विचारी दिने नियम गरेको देखिन्छ। लेखपढ जान्ने ठकुरीको कमी हुँदैनथ्यो, तर, त्यस्ता मगरहरूको कमी हुन्थ्यो। ठकुरी डिट्ठा एकै थलामा बसेर काम गर्नपाउँदथे। विचारीले घरबास छोडेर टाढाटाढा पुग्नुपर्ने हुनाले धनको लोभ नभएका मानिस बिचारीमा नियुक्त हुन राजी हुँदैनथे। यसकारण यो कमी पूरा गर्नाका निमित्त जैसीब्राह्मणलाई नियुक्त गर्नुपर्दथ्यो। यिनीहरूमा फलित-ज्योतिषको काम गर्ने वृत्ति लिएका पनि निकै पाइन्थे र लेखपढमा पनि कुशल हुनाले यिनीहरू बिचारीका पदमा नियुक्त हुन अघि सर्दथे २।

कचहरी (अदालत) पिच्छे एकएक पण्डित राखी शास्त्र बमोजिम

अदालत चलाउने नियम पनि **श्री ५ पृथ्वीनारायण शाह**ले दिव्यो-पदेशमा दिएका छन्। न्यायका विषयमा स्थानीय निवासीसंग अनुमति



श्री ५ पृथ्वीनारायण शाह निर्मित नुवाकोट दरबार

लिने-नलिने विषयमा दिव्योपदेशमा केही खुलेको छैन । स्थानीय जनतालाई अधिकार दिएका उनका छाप लागेका दुइ लालमोहरबाट देखिन्छ ३ । तर, बेहोरा छोट्ट्याएर लेखिएको हुनाले यो कुरा स्पष्ट खुल्दैन ।

यो **'शास्त्र'** भनेको के हो ? र शास्त्रज्ञ पण्डित कसरी छानिन्थे भन्ने कुरा दिव्योपदेशबाट खुल्दैन । तैपनि शास्त्र भनेर व्याकरण-शास्त्र र दर्शनशास्त्रलाई नलिएर धर्मशास्त्रलाई लिएको हो भन्ने निश्चय गर्नसकिन्छ । **श्री ५ पृथ्वीनारायण** शाहलाई वेद पढाउने वेद गुरु र पुरोहित मोक्षेश्वरको नामका साथ धर्माधिकरण भन्ने विशेषण जोडिएको (पृ. १२०) र ललितावल्लभले लेखेका **'भक्तविजय'** मा शास्त्रज्ञ धर्माधिकारी हरिदत्तको नाम आएको छ (पद्य ११) । यस हिसावले राजपुरोहित र राजपण्डितहरूमा एक जना विशिष्ट विद्वान् छानेर धर्माधिकारीको पद दिने नियम भएको देखिन्छ । तर, यो पद जीवनभरलाई नदिएर प्रत्यक वर्ष बदल्ने अथवा दुइतीन वर्षसम्म थमौती गरिरहने नियम भएको अनुमान हुन्छ । यी धर्माधिकारीहरू राजदरवारका साथैमा रहनेहुनाले राजाका साथमा रहेका मुख्य अदालतका ठकुरीडिट्ठा भएका ठाउँमा धर्मशास्त्र बमोजिम दण्ड यो हुनुपर्दछ भनेर मन्तव्य दिन्थे र राजधानीबाहिर बिचारीहरू रहेका अदालतहरूमा अपराध अनुसारको दण्ड दिने मन्तव्य यिनै धर्माधि-कारीले खटाएका पण्डितहरूले दिने नियम भएको देखिन्छ ।

राजधानीमा रहेका अदालतमा ठकुरीडिट्ठा रहन्थे भन्ने कुरा माथि लेखिसकिएको छ । उनताक वादी वा प्रतिवादी लेख्ने पेशा लिएका गोर्खाली हुँदैनथे । यसकारण बादीले फिराद गर्न आएपछि उसले भने बमोजिमको फिरादपत्र लेख्ने र प्रतिवादीलाई बोलावट पठाई आएपछि उसले भने बमोजिम प्रतिउत्तर लेख्ने काम पनि आफ्ना साथमा रहेका लेखकद्वारा लेखाइलिने र साक्षीहरूका बकपत्र पनि अदालतकै लेखकद्वारा लेखाई अपराधको निर्णय आफूले गरी अपराध-अनुसारको आर्थिक वा शारीरिक दण्ड धर्माधिकारीले शास्त्रबमोजिम

तोकिदिन्थे र त्यो निर्णय दण्ड समेत राजालाई सुनाई अन्तिम निर्णय ठेगान गरिन्थ्यो । निरपराधी मानिसले सजाय नपाओस् र अपराधी दण्डबाट नछुटोस् भन्ने विचार राजा र डिट्ठा दुवै राख्तथे । धर्माधिकारीले तोकी दिएको दण्ड शास्त्रबमोजिम ठीक छ छैन भन्ने कुरा राजा र डिट्ठा पनि जान्नसक्तैनथे । शास्त्रहरू भारतमा लेखिएका हुन्थे । कुनै प्राचीनकालमा, कुनै मध्यकालमा र कुनै मुगलकालमा पनि लेखिएका हुन्थे । समय-समयमा सामाजिक परिवर्तन हुँदैरहने हुनाले यी शास्त्रज्ञ पण्डितहरूमा पनि एक मत हुनसक्तैनथ्यो । उसमाथि **श्री ५ पृथ्वीनारायण शाह**का समयको उत्तरभारतका समाजमा र गोर्खा, लमजुङ्ग आदि चौबीसी ठकुराइका पहाडी समाजमा प्रशस्त अन्तर रहेको थियो। यसकारण गोर्खाली धर्माधिकारीहरूले बनाएका दण्ड-सजाय व्यवस्थामा अन्तर नहोस्भनेर बेन्हुवावहीहरूमा दण्डविधान लेखिएका हुन्थे । तर, यी बहीहरूको र फैसलाहरूको सुरक्षाको प्रबन्ध नभएको हुनाले आज ती एउटा पनि भेट्टिएका छैनन् । यसकारण **श्री ५ पृथ्वीनारायण शाह**का समयमा दण्डव्यवस्था यो थियो भन्ने ठीकठीक पत्ता लगाउनसकिएको छैन । तैपनि **श्री ५ पृथ्वीनारायण शाह**भन्दा पछिका दण्डविधानका नमूना जो यत्रतत्र पाइन्छन् तिनबाट उस समयमा दण्डविधानको अनुमान गर्नुपरेको छ र यो साबित हुनआउँछ कि र **श्री ५ पृथ्वीनारायण शाह**को नीति आफ्नो युगमा सहिष्णुतापूर्ण थियो ।

साधारणतया लूट-पिट र अंगभंग नभएका कुटपिटका मुद्दा जो किसानहरूमा पर्दथे ती अदालतसम्म आइपुग्दैनथे । अदालतमा झुलेर बेकार रहनुभन्दा घरायसमै मिलेर आफ्नो खेतीपाती सँभाल्न उनीहरू उचित सम्झन्थे र छिमेकका भलाद्मीहरू मिलेर उनका बीचका कलहको कारण मेटाएर मिलाप गराइदिन्थे । परन्तु, धनीहरूका लेनेदन मुद्दामा र यिनीहरूकै पंचखतका मुद्दामा घुसपेस चल्न संभव थियो र यसै घुसपेसलाई **श्री ५ पृथ्वीनारायण शाह**ले निन्दा गरेका र यसलाई संभव उपायद्वारा हटाउन प्रबन्ध उनले गरेको देखिनआएको छ ४ ।

गोर्खाबाट नुवाकोटमा राजधानी सरेपछि डिट्ठा र धर्माधिकारी समेत राजधानीमा सरेका हुनाले गोर्खाका वासिन्दालाई न्यायका निमित्त नुवाकोटसम्म पुग्न कठिन हुँदा गोर्खाका निमित्त अलग अदालत कायम गर्नुपर्ने भएकोले त्यहाँ डिट्ठाको काम गर्ने बिचारीको पद खडा गरेर धर्माधिकारीको प्रतिनिधि स्वरूप उनैले खटाएको एक पण्डित रहन र राजाको सट्टा मुद्दा सुन्ने काम त्यहाँ रहेका प्रशासनविभागका हाकिमलाई सौंपिएको दखिन्छ । वादी र प्रतिवादीलाई समेत चित्त बुझाई मिलापत्र गराएको अथवा हार्ने झगडियाको चित्त बुझी छिनिएको मुद्दा गोर्खामा नै समाप्त हुनेगरेको र एकथरि झगडियाको चित्त नबुझेको मुद्दा नुवाकोटका राजदरबारमा रहेका डिट्ठा र धर्माधिकारीसम्म पुगी राजाका निर्णयबमोजिम छिन्नेगरेको देखिन्छ । तर, राजालाई प्रशासनका काममा व्यस्त रहनु पर्नेहुनाले मुद्दा छिन्ने काम राजाका सहकारी भएका चौताराले गर्नेभएको र त्यस निर्णयमा **श्री ५ पृथ्वीनारायण शाह**को लालमोहर लगाइदिने गरेको अनुमान हुन्छ ।

नुवाकोट दखल भएपछि लामीडाँडाजिल्ला दखल हुँदा त्यहाँ पनि गोर्खामा रहे जस्तै बिचारीको साथमा धर्माधिकारीका प्रतिनिधि भएका पण्डितद्वारा मुद्दाको कारवाई गर्ने नियम भएको र सिन्धु-पाल्चोक, काभ्रे-पलान्चोक र दोलखामा अधिकार भएपछि त्यहाँ पनि यस्तै अदालत खडा हुँदैगएका देखिन्छन् ।

मकवानपुरको ठकुराइ उन्मूलन भएपछि मकवानपुरगढीमा नै अदालत स्थापित भई विचारी र पण्डितसमेत रहेर त्यहाँका प्रशासनका कामका रहेका हाकिमसमेत भएर अदालत खडा गराएको देखिन्छ । मकवानपुरका तलहट्टीका पर्सादेखि महुत्तरीसम्मका जिल्लाहरूमा पञ्चायतवाट मुद्दा छिन्ने प्रथा पनि चलिरहेको थियो । यी पञ्चायतहरू स्वयं खडा भएका भए पनि राजाहरूले यिनलाई मान्यता दिइरहेका हुनाले गोर्खाली न्यायाधीशहरूले पनि यिनको सम्मति लिएर मुद्दा छिन्ने प्रथा चलाई ती जिल्लाहरूमा अधिकार पक्का गरेका थिए । सिँधुलीको लडाइँपछि अंग्रेजहरूले त्यस तलहट्टीका बाग्मतीदेखि

पश्चिमपट्टिका भागमा तीन वर्षसम्म अधिकार जमाएका हुनाले त्यहाँ कचमच चलिरहेको थियो। इ. सं. १७७० सम्ममा काठमाडौं उपत्यकाका तीनै मल्लठकुराइहरूको उन्मूलन भई काठमाडौं राजधानी हुँदा नुवाकोटमा रहेका धर्माधिकारी र डिट्ठासहितको मुख्य अदालत काठमाडौंमा सारिंदा नुवाकोटमा पनि गोर्खा र लामीडाँडाका जस्तै अदालत खडा भयो। उता अंग्रेजसँग सुलह भई पर्सादेखि महुत्तरीसम्मको जम्मै तलहट्टी गोर्खालीका अधिकारमा आउँदा अंग्रेजी इष्ट इण्डिया कंपनीले त्यहाँ आफ्नो प्रभाव बाँकी राख्नाका निमित्त मालवाजवीको रूपमा हात्ती लिने गरेको थियो तापनि कंपनीले त्यहाँ आफ्नो अदालत स्थापित गर्नसकेको थिएन। यसकारण **श्री ५ पृथ्वीनारायण शाहले** आफ्नो अधिकार दरिलो गराउनाका निमित्त जुन अदालत स्थापना गरेका थिए त्यसमा गोर्खाली धर्माधिकारीका दण्डविधानलाई मकवानीका दण्डविधानसंग मिलाएर पञ्चायतलाई पनि अदालतको अङ्ग बनाएका हुनाले यो तलहट्टीको अदालत बिलकुल भिन्नै किसिमको भएको थियो। माझकिराँत र पल्लोकिराँतका पहाडी जिल्लाहरू दखल भएपछि त्यहाँ जो अदालत स्थापना भएका थिए ती दोलखा र गोर्खाका जस्तै पहाडी किसिमका भए तापनि लिम्बू र खम्बूका समाज-व्यवस्था ब्राह्मण-क्षेत्रीका समाज-व्यवस्थाभन्दा विलकुल फरक हुनाले यी किराँती जातिका समाज-व्यवस्थालाई पनि मिलाएर नयाँ किसिमको दण्ड-व्यवस्था गरेको देखिन्छ। पछिवाट अम्बरपुर र विजयपुरका तलहट्टीमा अधिकार भएपछि चौदण्डी र विजयपुरमा जो अदालत स्थापित भए ती मकवानपुरका तलहट्टीका अदालतसंग मिल्दाजुल्दा थिए।

काठमाडौंमा रहेका मुख्य अदालतले दुइथरि काम गर्दथ्यो। एकथरि काम ता आफ्ना सीमानाभित्रका काठमाडौं उपत्यकामा परेका सहर र गाउँहरूका वादीदेखि लिएर अन्तिम फैसला हुने कामसम्म गरेर मुद्दा किनारा गर्दथ्यो। डिट्ठा र धर्माधिकारीद्वारा राजासम्म पुगी मुद्दा छिनिन्ने हुनाले फेरि झगडियाको उजुर लाग्दैनथ्यो। तर, अदालतका सीमानाभित्र रहेका नेवारहरूको सामाजिक व्यवस्था, एक थरि मुर्मी,

मगर आदिको सामाजिक व्यवस्था भिन्नै र खश भाषाभाषी ब्राह्मण, ठकुरी र क्षत्रीहरूको सामाजिक व्यवस्था अर्कैथरि हुनाले अपराधको निर्णय गर्न डिट्ठालाई र दण्डको निर्णय गर्न धर्माधिकारीलाई कठिन पर्दथ्यो। सामाजिक व्यवस्था खलल नहुने गरी दण्ड तोक्न महाकठिन थियो। तैपनि धर्माधिकारीहरूले पढेजानेको शास्त्रलाई पन्छाएर परम्पराबाट चलिआएका दण्ड तोकिदिन कर लाग्दथ्यो। यस मुख्य अदालतको दोस्रो काम काठमाडौं उपत्यकादेखि बाहिर रहेका सामान्य अदालतले छिनेका मुद्दामा चित्त नबुझ्ने झगडियाले गरेको उजुर सुन्नु र अन्तिम फैसला गर्नु पनि थियो। तर, यस्ता उजुर बाटाका कठिनाइले गर्दा अधिक मात्रामा आउनसक्तैनथे। ज्यादै मर्का परेका झगडियामात्र आउँथे र यिनीहरूका अपराधको निर्णय गर्नलाई डिट्ठालाई ता उत्तिको कठिन थिएन। तर, भिन्नभिन्न प्रदेशमा रहेका मानिसको सामाजिक व्यवस्था धर्माधिकारीहरू जान्नसक्तैनथे र दण्ड तोकिदिन लकपकाउनु पर्नेहुन्थ्यो। तैपनि सोधपुछ गरी दण्ड सुनाएर मुद्दा किनारा लाउँथे। पञ्चखतका मुद्दामा सामान्य अदालतले मुद्दा छिन्नपाउँथे तापनि अन्तिम फैसला राजाबाट भई दण्ड-व्यवस्थाको निर्णय गरिन्थ्यो। यसकारण पञ्चखत मुद्दाका विषयमा मिसिल जाँच गरी राजाबाट अन्तिम निर्णय लिने काम पनि राजधानीमा डिट्ठा रहेका अदालतबाट गरिन्थ्यो। यस मुख्य अदालतको यो तेस्रो काम थियो।

राजधानीमा प्रायः **श्री ५ पृथ्वीनारायण शाह** रहन्थे तापनि मुद्दा मामिलाका पचेडातिर नलागी उनी यो काम आफ्ना सहकारी भएका चौतराहरूलाई दिएर अन्तिम निर्णयमा आफ्नो लालमोहर लगाइदिन्थे। तैपनि राजधानीमा उनको उपस्थिति रहनाले घुसपेसको गुप्ती चाल बहुत कम हुन्थ्यो। अन्यत्रका सामान्य अदालतका विचारी भर्ना गर्नालाई योग्यता पुगेका र इमान्दार व्यक्ति पाइन केही गाह्रो हुनेहुनाले डिट्ठाले र धर्माधिकारीले भर्ना गर्दा सहलिया व्यक्ति भर्ना गर्नुपर्दथ्यो। यिनीहरूले जिल्लाका प्रशासकहरूसंग सम्मिलित भएर अदालत कायम गर्नुपर्दथ्यो र प्रशासकहरू प्रायः इमान्दार हुनाले यिनी-

हरूसंग मेल नभई अदालतको व्यवस्था बिग्री न्यायमा बराबर बाधा उठ्थ्यो ।

दण्ड अनेकथरिका हुन्थे । ज्यानमारा मानिसलाई काटी मारिदिने सामान्य नियम थियो । तर, ब्राह्मण, सन्यासी जोगी, बैरागी र जनाना-हरूले ज्यान मारे पनि प्राणदण्ड हुँदैनथ्यो र दण्ड हुन्थ्यो । आफ्नो स्वास्नी जारी गरेरलैजाने जारलाई साधुले काट्न पाउने पनि व्यवस्था थियो । तर, ब्राह्मण आदि अवध्य जातलाई काट्ननपाउने र अरू गाउँ-निकाला आदि हलुका सजाय गर्ने अथवा जारसंग विवाह खर्च भराइ-लिने व्यवस्था थियो । तर, तागाधारी (जनै लाउने) जातलाई मतवाली (मद्य खाने) जातका मानिसले जारीखतमा जारलाई काट्न पाउँदैन-थ्यो । पोइल जाने विवाहिता स्वास्नीमानिसको नाकको नथुनी काटेर बेरूप गराइन्थ्यो । हाडनातामा बिग्रने मर्दाना र जनानालाई चाक र चकुई नाम दिई दास र दासीमा परिणत गराई बिक्री गरेर अदालका खातामा धन जम्मा गरिन्थ्यो । दोस्रा पटके चोरको शायद चोर औंलो काटिन्थ्यो । उनताक दण्डका कडाइँले नै अपराध कम हुन्छ भन्ने सिद्धान्त समाजमा प्रचलित थियो र निकै अंशमा यो सिद्धान्त त्यस बखत सत्य पनि देखिन्थ्यो ।

ब्राह्मणबाहेक अरूले विधवा भाउज्यूको पाणिग्रहण गरी गृहिणी बनाएर आफ्नै घरमा राख्नसक्तथे । तर, ब्राह्मणले विधवा भाउज्यूलाई यसै गरी गृहिणी बनाएमा शिर मुडेर जात पतित गरी जिल्लाबाट बाहिर निकालिन्थे । ब्राह्मणले नाता नपर्ने विधवा ब्राह्मणीको पाणि ग्रहण गरेर गृहिणी बनाउनसक्तथे । तर, यस्ता गृहिणीपट्टिका सन्तानले पनि फलितज्योतिषको काम गर्नेहुनाले फलितज्योतिषिको काम नगर्ने पनि जैसीब्राह्मण कहिन्थे र यिनको अलग समाज बन्दथ्यो । यस तरहका वर्णसंकर अनेकथरि हुन्थे र सामाजिक विषमता बढि-रहन्थे । सतीप्रथा समाजमा चलेको थियो । सन्तान नभएकी अथवा छोराको उमेर पुगेकी स्वास्नीमानिसको लोग्ने मर्‍यो भने उसलाई लोग्नेका लासका साथ जलाइदिन्थे । यसरी जलेर सती भएका पतिका

साथ स्वर्गमा आनन्दसंग रहिन्छ भन्ने पुराणका कथा सुनाएर स्वास्नी-मानिसलाई उत्साहित गराइन्थे र लाज-गालले पनि विधवा वनेर हेला भई बाँच्नुभन्दा मर्नु नै बेस भनेर उनीहरू पोलिन्थे । कोहीकोही जनानाहरू साँच्चिकै स्वर्गमा पुगिन्छ भनेर हठ गरेर पनि पोलिन्थे । कुनैकुनै सती जाँदैनौं भन्दाभन्दै पनि उनका हकदारहरूले जबर्जस्ती पोलिदिएको उजुर परेर मलामी लगायत दण्डित हुन्थे र कैद गरिन्थे ।

तागो (जनै) लाउनेलाई तागाधारी र तागो नलाउने जातिमा संन्यासी, जोगी आदि भेषधारीबाहेक मतवाली कहिन्थे । तागा-धारीमा मद्य पिउन बिलकुल वर्जित थियो । यसकारण तागाधारी जातका नरनारीले मतवाली जातका नरनारीसंग जानाजानी मद्य लिएर खायो भने खानेलाई जनै झिकी मतवाली जातमा मिलाइन्थे । मतवाली जातका नरनारीले झुक्याएर तागाधारी जातका नरनारीलाई मद्य खुवाएमा यिनलाई मासी दास-दासी बनाएर अदालतले बिक्री गरिआएको धन अदालतको आम्दानी खातामा दरिन्थ्यो । झुक्किएर मद्य खाने तागाधारी नरनारीले "**पतिया**" पाउँथे । घटीबढी जातमा जारी-करणीको मुद्दा परेमा भात-पानीमा बोरिएको कुरा उठ्दथ्यो र जानीजानी भात-पानी खाने जति तल्ला जातमा मिलाइन्थे । थाहा नपाएर त्यस्ता पतित नरनारीहरूका हातको भात-पानी खाएमा पतिया मिल्दथ्यो र शुद्ध हुनालाई धर्माधिकारी पण्डितद्वारा ब्राह्मण भोजन गराउनुपर्दथ्यो । पातकबाट शुद्ध हुने काम '**पतिया**' कहिन्थ्यो । शुद्ध हुनालाई पहिले नजिकका नदीमा स्नान गरी शुद्ध भएर व्रत-उपवास गरी ब्राह्मणभोजन गराउने काम पतियाको हुन्थ्यो ५ ।

श्री ५ पृथ्वीनारायण शाहले गोर्खाका राजा राम शाहको, भक्तपुरका राजा स्थिति मल्लको र काठमाडौंका राजा महेन्द्र मल्लको समेत स्थिति-बन्देज पढिसकेका थिए र भिन्नभिन्न राजाहरूका स्थिति-बन्देजमा अन्तर देखेका थिए । काठमाडौं उपत्यकाका स्थिति मल्लका भक्तपुरका ठकुराइको र काठमाडौंका महेन्द्र मल्लको स्थिति-बन्देजमा कार्यविशेषमा अन्तर भए तापनि समाज-व्यवस्थामा अन्तर नहुनु स्वाभाविक थियो । तर,नेपाल अधिराज्य खडा भएपछि विभिन्न-

थरिका जातिहरू एउटै छत्रछायामा आएका हुनाले सामाजिक व्यवस्थामा स्वाभाविकैले प्रशस्त अन्तर आउने नै थियो । आफ्ना राज्यकालमा धर्माधिकारीले जो दण्डविधान बनाएका थिए ती जाति-पिच्छे फरक हुने गरी बनाएका हुनाले एउटै राज्यमा एकै किसिमका अपराधमा भिन्नभिन्नथरिको दण्ड-व्यवस्था हुनु **श्री ५ पृथ्वीनारायण शाह**लाई अयोग्य जँचेको थियो । तैपनि यस विषम दण्ड-व्यवस्थालाई जहाँसम्म हुन्छ समतातिर ल्याउनेगरी एउटै दण्डविधान बनाएमा एक राज्यभित्रका जनतामा मेल बढेर राज्य बलियो गराउने विचार **श्री ५ पृथ्वीनारायण शाह**ले गरेका थिए । तर, उनको सारा जीवन राज्य बढाउने काममा लागेको हुनाले उनले यस दिशातिर जोडले कदम सार्न-भ्याएका थिएनन् । यसैकारण उनले आफ्ना दिव्योपदेशमा **'उप्रान्त राजा राम शाहले वाध्याको थिति हेरी सक्या जये तिथि मल्लले वाध्याको थिति पनि हेरि सक्याराजा महेन्द्रमल्लले वाध्याको थिति पनि हेरि सक्या इस्वरले दियो भन्या म पनि यस्ता वन्देजको वाह्र हजारको थिति वाधी जाला भन्या अवीलाषा थियो"** । यहां "**वाह्र हजार**" भनेर गोर्खाली बाह्र हजारलाई भने जस्तो भान हुन्छ तापनि परिभाषिक शब्दका रूपमा यो शब्द व्यवहार भएको हुनाले समग्र नेपालीका निमित्त, **वाह्र हजार** शब्दको प्रयोग भएको देखिन्छ । दिव्योपदेशमा यो पनि बताएका छन् **"आफ्ना आफ्ना जात विशेषको कर्म गर्नु (भन्न्या) वन्देज** गरि जाला" । यी दुवै कुरा आफ्ना उत्तराधिकारीहरूले गरून् भन्ने अपेक्षा गरेर सुनाएको देखिन्छ । यसकारण राज्यमा शान्तिसुरक्षा कायम गर्नाका निमित्त धर्माधिकारीले बनाएका दण्ड-विधानमा समयानुकूल संशोधन गरी विस्तृत दण्ड-विधान बनाउने अभिलाषा **श्री ५ पृथ्वी-नारायण शाह**का चित्तमा उठेको र उत्तराधिकारीहरूले पूरा गर्ने आशा राखेको देखिन्छ । तथापि अदालतहरूबाट अन्याय पनि हुनेगरेको उनले अनुभव गरेर नमिसाउनेगरी त्यस आयले अदालतहरूको खर्च चलाई बचेको रुपैयाँ धर्मखातामा चढाई दान-पुण्यतिर लगाउने गरेको पनि दिव्योपदेशबाट देखिन्छ । यो कम महत्त्वको कुरा थिएन ६ ।

टिप्पणी

१– नेपाली क्षत्रीको थर पनि **'कटुवाल'** देखिएको हुनाले यो अनुमान गरिएको हो । तराईमा पनि पानी चल्ने जातका साथै चमार पनि गाउँपिच्छे चौकीदार भएका हुन्थे र यिनीहरूले कटुवालले गर्ने काम गरी गाउँको बाली पाकेपछि आफ्ना भागको अनाज उठाइलिने जो चलन थियो त्यो **श्री ५ पृथ्वीनारायण शाह**का समयभन्दा पहिलेदेखि नै चलेरआएको देखिन्छ ।

२– **श्री ५ रणबहादुर शाह**का समयमा मुख्य न्यायाधिकारी भएका डिट्ठा लक्ष्मीनारायण दहाल र बिचारी भएका उनका भैयाद

दहालहरू पनि जैसी थिए । यसकारण श्री ५ पृथ्वीनारायण शाहका समयदेखि नै विचारीमा जैसीहरूको प्रवेश भएको अनुमान गरिएको हो ।

३– ती दुइ लालमोहर लागेका रुक्का (पत्र) का नक्कल यहाँ दिइन्छन् (इ. प्र. सं., पृ. ७५ बाट)

स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का

आगे विर्सि महरा भिमल् वोगटि. कालुराना. वैजनाथापाध्या. प्रति. लक्ष्मिकांतपाध्याको र. नाथुपाध्याका झगरा. वापतका रुपैया लैजाउ र. वुझाइ सम्झाइ रुपैया नाथुपाध्याकन सौंपिदेउः पोर्को वाली नाथुपाध्या थि छ. त्यो लिएर. मोहिवालि मोहिकन सौंपिदेउ. धानवालि. लक्ष्मिकांत उपाध्याकन सौंपिदेउ. घर. षेत मांहां पनि वसाइदेउः नाथुपाध्या. मान्दछन्ता आपना विर्तामहां जाइ वसुन्. नमान्या. नाथुपाध्याकन मर्स्यादिपार तारिदेउ. नाथुपाध्याकन अघि वक्स्याको मोहोर पनि लिएर लक्ष्मिकांत उपाध्याकन सौंपिदेउ. सम्बत् १८२४ आषाड शुदि १३ रोज ५ शुभम्

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे. आंगिचोक्या उमरा.र.लक्ष्मिकांत उपाध्या प्रति. तिमिहरुका. आपना आपना ठाउँ महां. पऱ्याका षत्पत्. आपनु. दुवैकन वक्स्याको छ. अड्याई राषन्या नगर. मिलिकन षत्पत्. छिन. वांकि. ह्यांपि षोलाका. दुइ ठांउंको षोरियामहा झाक् झिक् गर्छौ गरे. आजसम्म. चौंध. पंध्. वर्षको वालि जस्ले षायाको छ. त्यो. वालि सुद्धा. ठांउ उसैको छ. उपाध्याको. वांधा म हो. तपाइको जागिर म हो. विर्ता दुवैको होइन. वाकि काल्या कमाराको. तपाइंले. मोल. षाइकन. घलेछेउ वेच्याको रहेछ. तेस्ले चोरि गऱ्यो भन्नाले. घलेषवर आयेनर. काल्याकन. उपाध्यालाई वक्स्यौं वांकि. तपाइं पनि. उपाध्या पनि भलै मनुष्य हौं. थोरा थोरा वात-महा. राढों कोहि नगर. मिलि. रहुंः वांकि. छाड्याका गोठबाट. नवनायाको हलो. टिपि लैग्यो भनि. जस्धर जैसिको कमारो. वांधि लैजानु भयेछ. तेस षतमहा कमारो. उठन्याहोइन.

छोडि देउ. जस्तो परापूर्व देषिभै आयाको छ. तस्तै गर. इति सम्वत् १८२८ साल आषाड वदि १२ रोज २ मुकाम कांतिपुर राजधानि शुभम्

पहिलो पत्रमा **श्री ५ पृथ्वीनारायण शाह**ले संबोधन गरेका मानिसहरू कुनै उच्च अधिकारी देखिंदैनन् । यसकारण यी व्यक्तिहरूका नाउँमा यो पत्र लेखिनाको कारण पत्तो लाग्नसकेको छैन । दोस्रो पत्र गोर्खाका एक भागको प्रशासनको काम गर्ने उमराव र एक पण्डितका नाउँमा लेखिएको देखिन्छ । उमराव भन्ने दर्जा सर्दारभन्दा पनि सानू भए तापनि आफ्ना काका नाता पर्नेहुनाले **श्री ५ पृथ्वीनारायण शाह**ले तपाइँ भनेको देखिन्छ । लक्ष्मीकान्त उपाध्याय भनेका अदालतमा धर्माधिकारीद्वारा खटाइएका पण्डित अनुमान गर्नसकिन्छ । तर, यिनै अधिकारीहरू आपसमा जुधेर खिचातानी गर्नलागेका हुनाले **श्री ५ पृथ्वीनारायण शाह**ले आफ्नो निर्णय पठाउनुपरेको अनुमान हुन्छ ।

४– पञ्चखतको अर्थ हुन्छ **'पांच ठूला अपराध'** । प्रमाण-परिवन्द पुगेमा प्राण दण्ड हुने, गालामा डामी जन्मभर कैद गरिने, टुप्पीसमेत मुडेर जात पतित गरी जिल्लावाट वा राज्यवाट निर्वासित गरिने, घटी जातमा मिलाई छोडिने र जातबाट पतित गराइने जति मुद्दा पञ्चखतमा जनिन्थे ।

५– **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको सैंतीस वर्षपछि काठमाडौंमा आएका डा. हेमिल्टनको नेपालवर्णनमा पनि पतियाका निमित्त ब्राह्मणभोजन गराउने नियम भएको कुरा लेखिएको छ । परन्तु पछि आएर यो व्यवस्था विकृत भएको हुनाले काठमाडौं उपत्यकाका अदालतहरूबाट छिनेका पतिया दिने मुद्दामा धर्माधिकारीबाट ब्राह्मणभोजनको सट्टा केही रुपैयाँ लिएर अरू पतियाको विधि पतिया लिने मानिसले नै गर्नुभन्ने पुर्जी दिने चलन थियो । राजधानीदेखि वाहिरका अदालतहरूबाट छिनेका मुद्दामा पतिया दिनलाई धर्माधिकारीबाट जिल्लाजिल्लामा पण्डित पठाइएका हुन्थे । यिनीहरू वर्षका आरम्भमा नै धर्माधिकारी कहाँ आएर वर्षको निश्चित रुपैयाँ ठेक तिरी पट्टा लिएर धर्माधिकारीका प्रतिनिधि वन्दथे । यी पण्डितहरू

साक्षरसम्म हुन्थे । यिनीहरू आफूले ठेक लिएका जिल्लाभित्रको काम अरूलाई कर्कन्दारीमा पनि दिन्थे । यो चलन पछि हटेर केहीमात्रामा नगद रुपैयाँसम्म धर्माधिकारी कहाँ अदालतबाटै पठाइदिने व्यवस्था गरिएको थियो ।

६– यस परिच्छेदमा परेका विषयमा **श्री ५ पृथ्वीनारायण शाहका** दिव्योपदेश जति यहाँ उतारेर दिन आवश्यक देखिएको छ ।

(क) तव राजाले ठुलो निन्ना निसाफ हेर्नु । अन्याय मुलुकमा हुन नदिनु । निन्ना निसाप विगार्न्या भन्याको घुस् दिन्या र घुस् षान्या । ईन दुईको ता धन जीव गरि लियाको पनि पाप छैन । ई राजाका महा सतुर हुन् ।

(ख) अदालतमा पनि ठकुरि जाचि दिष्ठा (डिट्ठा) राष्नु । मगर जाचि विचारि थाप्नु । कचहरिपिछे यक् यक् पण्डीत राषि सास्त्र वमोजिम अदालत चलाउनु ।

(ग) उप्रान्त राजा राम साहले वाध्याको थिति हेरि सक्यां । जयेथिति मल्लले वाध्याको थिति पनि हेरि सक्यां । राजा महिन्द्र (महेन्द्र) मल्लले वाध्याको थिति पनि हेरि सक्यां । इस्वरले दियो भन्या म पनि यस्ता वन्देजको वाह्र हजारको थिति वाधी जाला भन्न्या अवीलाषा थीयो ।

(घ) आफ्ना आफ्ना जात विसेषको कर्म गर्नु (भन्या) वन्देज गरि जाला ।

(ङ) अदालतका पैसा दरवारभित्र नहाल्नु । फकीर फकिडा अतित जोगि सन्न्यासि व्राह्मणहरु उनैलाई दछिना भोर्जन चलाई दिनु । उव्रेका पैसा दक्षिना चलाई धोति रुमाल चलाई दिनु । यस्व भया असत्यको दोस् लाग्दैन ।

वाराजिल्लादेखि पूर्वपट्टि सप्तरीसम्म रहेका दनुवाररजपूतका र चितौनका चितवनिया थारुका पञ्चायतहरू आज पनि दरिला छन् । यी पञ्चायतहरू स्वयं खडा भएका छन् । परन्तु, पछि यिनलाई

मान्यता नदिइएकोले वर्तमान समयमा आफ्ना समाजका जातभात र विवाह सम्बन्धका विषयमा मात्र निर्णय गर्दथे । दनुवाररजपूतका छोरीबेटी नै पछिल्ला मल्लराजाहरू विवाह गर्दथे र यिनैका कुमार-हरूलाई बोलाएर आफ्ना छोरीहरूका **'दुलहाजी'** बनाउँथे भन्ने मेरो अनुमान छ। यी दनुवाररजपूतहरू सिमरावनगढमा राज्य गर्ने पहिला राजा नान्यदेवका वर्गका हौं भन्ने यिनलाई विश्वास छ । पच्चीस वर्ष अघिसम्म यिनका कुमारको उमेर दस वर्षको र कुमारीको उमेर आठ वर्षको हुँदा विवाह गर्ने अनिवार्य नियम थियो । विधवा सती नभएर जीवन-भर वैधव्यको पालन गरिरहन्थे । भित्रभित्र भ्रूण-हत्या चले पनि प्रत्यक्षमा विधवा नै रहन्थे । अब विवाहको उमेरको बन्धन तोडि-एर युवक-युवतीको विवाह हुनलागेको छ । तैपनि सामाजिक व्यवस्था-मा यिनका र चितवनिया थारूका नियम दरिलै रहेका छन् । यसकारण **श्री ५ पृथ्वीनारायण शाह**का समयमा यिनका पञ्चायतहरूको न्यायव्यवस्थामा पनि आदर गरिंदो हो भन्ने अनुमान यहाँ गरिएको छ ।

पछिका कागज-पत्रमा द्वारे र थरी नामक दुइ पद पनि अदालतका विषयमा पाइन्छन् । बिचारीभन्दा माथि द्वारे र मनि थरी रहेका देखिन्छन् । तर, यी पदको उल्लेख दिव्योपदेशमा नहुनाले यी पछि खडा भएका देखिन्छन् ।

बीसौं परिच्छेद

प्रशासन व्यवस्था, भूमिकर र राजअंक

गोर्खामा जो प्रशासन व्यवस्था थियो त्यसलाई नबदल्नु भनेर **श्री ५ पृथ्वीनारायण शाह** काजी रणरुद्र शाहलाई गोर्खामा छोडेर आफू नुवाकोटमा आएका थिए । नुवाकोटमा धेरै काल रहेका हुनाले गोर्खाको प्रशासन-व्यवस्था त्यहाँ र लामीडाँडाजिल्लामा पनि उनले ल्याएका थिए । नुवाकोटबाटै सिन्धु-पाल्चोक, काभ्रे-पलान्चोक र दोलखा जितेका थिए तापनि त्यहाँ शान्ति भङ्ग नहोस् भनेर प्रशासन-व्यवस्थालाई उनले ज्यादा बदलेका थिएनन् । मकवानपुर जितेपछि त्यहाँका प्रशासन-व्यवस्था जस्ताको तस्तै राखेका र भक्तपुर दखल भएपछि काठमाडौंलाई राजधानी बनाई आफ्नो सिंहासन समेत त्यहीं लगे तापनि उनले प्रशासन-व्यवस्था विशेष अन्तर गराएनन् । किराँतका दुइ सेनठकुराइ जितेपछि पनि त्यहाँका प्रशासन-व्यवस्थामा हेरफेर भएको देखिंदैन ।

श्री ५ पृथ्वीनारायण शाहले नेपालको एकीकरणका निमित्त पहिले नुवाकोटमा अधिकार गर्ने योजना ता बनाए। तर, वाराणसीबाट फर्कँदा उनको हात रित्तिएको हुनाले कमलवनसित कर्जा लिई र गोर्खाको एक वर्षको आयबाट खर्च कटाई बचेको धनसमेत नुवाकोट दखल भएपछि गोर्खाको प्रशासन काजी रणरुद्र शाहलाई सौंपी **श्री ५ पृथ्वीनारायण शाह**ले नुवाकोटलाई राजधानी बनाएपछि गोर्खा र नुवाकोटका आयबाट ऋण तिरी बचेको धनको सहायताले अगाडि पनि लामीडाँडा, सिन्धु-पाल्चोक, काभ्रे-पलान्चोक र दोलखामा समेत उनले अधिकार गरेका थिए। दोलखा अधिकार हुँदा रुम्जाटारको गुरुंगको वस्तीसमेत दखलमा आएको थियो। यस तरहसंग नयाँ प्रदेश जित्तै त्यहाँका आम्दानीबाट खर्च कटाई बचेको धनले अगाडि जित्दै जानुपर्दा खर्चले भ्याउँदैनथ्यो। यसकारण गोर्खा, नुवाकोट र काठमाडौंका समेत रैकर जग्गा रजबन्धकी राखी हजारौं रुपैयाँ कर्जा लिंदै ठकुराइहरू दखल गर्दैजानु परेको थियो १। यसरी भूमिमा अधिकार बढाउँदै, अधिकार भएका भूमिका प्रशासन-व्यवस्था मिलाउँदै र तीन मल्लठकुराइका साथ तीन सेनठकुराइसमेत उन्मूलन गर्न सफल हुनु **श्री ५ पृथ्वीनारायण शाह** जस्ता महान् व्यक्तिको काम थियो।

जितिएका ठकुराइका रैतीहरूले परचक्रीको शासन भनी उनमा विराग पैदा नहोस् भन्नाका निमित्त भूमिकर साविकभन्दा बढाएको देखिन्न। तर, भूमिकर बाँकी नराखी राज्यको आय क्रमशः बढाउँदैलगेको देखिन्छ। इ. सं. १७७० मा काठमाडौंलाई राजधानी बनाएपछि काठमाडौं उपत्यकालाई राजधानीक्षेत्र र अन्यत्रलाई विस्तृत क्षेत्रहरू (जिल्ला) मा बाँडेर प्रत्येक जिल्लामा (क्षेत्रमा) एकएक प्रशासनाधिकारी राखिएका देखिन्छन्। तीं यस तरहसंग रहेका अनुमान गरिन्छन्:– पश्चिमपट्टि १– गोर्खा २– सल्यान (धादिंगसहित) ३– नुवाकोट र ४– लामीडाँडा। पूर्वपट्टि ५– सिन्धु-पाल्चोक ६– काभ्रे-पलान्चोक, ७– दोलखा, ८– माझकिराँत र ९– पल्लोकिराँत। दक्षिणपट्टि १०– मकवानपुर (तलहट्टीसमेत), ११– चौदण्डी

(अम्बरपुरको तलहट्टीसमेत) र १२– विजयपुर तलहट्टी ।

काठमाडौं उपत्यकामा र बाह्यप्रशासन क्षेत्रमा पनि रैकर भूमि सर्वत्र थियो । गोर्खामा रजवन्धकी भएका भूमि पनि थिए । यिनको भूमिकर वन्धकवाला उठाउँथे । बिर्ता सर्वत्र थिए, यिनको भूमिकर बिर्तावार नै उठाउँथे । राजगुठी पनि सर्वत्र थिए । यिनको भूमिकर गुठियार उठाउँथे । पल्लोकिराँतमा सेवा जागीर पनि थिए । सेवकले सेवा छाडेमा यी जागीर झिकिन्थे पनि । अन्यत्र सेवाबिर्ता पनि थिए । सेवा छोडेमा ती बिर्ता पनि रैकर हुनसक्तथे । हिमालपट्टि खेत छँदैथिएनन् । पाखा पनि वैरान ज्यादा हुनाले अनाजको उब्जनी कम हुन्थ्यो । पहाड-खण्डमा खेत पनि थिए । तर, कम मात्रामा थिए । खेतको तिरो चर्को थियो । पाखाबाली भिरालामा हुनाले त्यहाँ मकै कोदो, मास आदि अनाजमात्र उब्जनी हुन्थ्यो । खेती गर्न कठिन हुनाले तिरो नाममात्रको नगदी हुन्थ्यो । तराईपट्टि पनि भाँभरमा खेत कम र पाखा ज्यादा हुन्थे । तलहट्टीपट्टि खेत ज्यादा हुन्थे । यिनबाट राजकर ज्यादा आउनेहुँदा तराईमा अधिकार थाम्नका निमित्त **श्री ५ पृथ्वीनारायण शाह**ले अनेक कूटनीति खेल्नुपरेको थियो ।

श्री ५ पृथ्वीनारायण शाहले किराँतमा आक्रमण गर्नुभन्दा पहिले गोर्खादेखि दोलखासम्मका सेनाको काम गर्नसक्ने मुर्मीहरूलाई उनीहरूको घर-बास परेको पाखाजग्गालाई किपट भन्ने नाम दिएर रैकर वनाई एक तरहको जागीर वनाएका थिए । किपटजग्गाको असूल तहसील गर्नुनपर्दा जिल्लाका प्रशासकको काम केही हलुका भएको थियो । साधारणतया जिल्लाका प्रशासक सुब्बा वा सर्दार हुन्थे । तर, विजयपुरमा बख्शी अभिमानसिंह बस्न्यात न सुब्वाको काम पनि गर्दथे । जग्गा भिन्नभिन्न किसिमका भएका तिरोको दर फरक भएको थियो तापनि साविकको दरभन्दा **श्री ५ पृथ्वीनारायण शाह**ले बढाएनन् । रैकरखेतको तिरो धान लाग्दथ्यो । कहींकहीं पाखाको तिरोमा मास र पल्लोकिराँतमा अलैंची पनि लाग्दथ्यो । यिनको मोल नगद लगाएर असुल गरिन्थ्यो । प्रत्येक जिल्लाको आम्दानी प्रायः जिल्लाहरूका

काममा लाग्ने भई तलहट्टीबाट मात्र केही नगद उठ्ती भएर काठमाडौंका राज्यकोषमा पुग्दथ्यो ।

भूमिकर बाहेक **'श्री राज अंक'** नामक अर्को राजकर पनि लागेको थियो२ । **'रानी, पानी, खानी'** राजाको हुन्छभन्ने सुप्रसिद्ध नियम भएकोले माछा पाल्ने पोखरीको तिरो, नदीनालाको घाट तर्ने नाउको तिरो र खानीको तिरो राजअंकभित्र पर्दथ्यो । बजारमा बिक्री हुनजाने चौपाया र अरू वस्तुको जगात-भन्सार पनि राजअंकभित्र पर्दथे । यी बाहेक काठमाडौं उपत्यकाभित्र रहेका बिर्ता जग्गा खरीद-विक्री भएमा रोपनी एकको ४ आना (रुपैयाँको चौथाइ भाग) काम पाको गराए बापत किन्नेसंग कर असुल गरिन्थ्यो । यसै गरी पक्की घर खरीद-विक्री हुँदा पनि मामूली कर असुल गरिन्थ्यो र यी पनि राजअंक-भित्र पर्दथे ३ । प्रशासक भएका जिल्लाका हाकिमहरूले यो राजअंक उठाउनपाउँदैनथे । यस विषयमका अलग विभाग हुन्थ्यो र राजाबाट खटिएका कर्मचारीले यो राजअंक उठाउँथे । राजदरबारको खर्च, परराष्ट्रसम्बन्धी खर्च र लडाइँको खर्च ज्यादा गरी राजअंकका आम्दानीबाटै चल्दथ्यो र पछि राजकोशमा जगेडा पनि रहनलागेको देखिन्छ । तर रजबन्धकीका ऋण तिरिएका देखिन्नन् ।

चौतारा, काजीदेखि लिएर खजान्ची, कपर्दार, सर्दार, खरिदार र पण्डिततकका खानगीमा जग्गा भर्ना हुन्थे र आफ्नाआफ्ना खानगीमा परेका जमीनको भूमिकर यिनै उठाउँथे ४ । यस तरहसंग सामान्यतया प्रशासनको खर्च भूमि-व्यवस्थाबाटै चल्दथ्यो ।

धर्माधिकारीको निमित्त सर्वचान्द्रायण पतियाका रूपमा पानी चल्ने जातसम्मका घरबाट घरैपिच्छे एक आना दानका रूपमा उठाइन्थ्यो र यो धर्माधिकारीको आम्दानी हुन्थ्यो । उनको अलग खानगी हुँदैनथ्यो । राजधानी रहेको काठमाडौं उपत्यकाको चान्द्रायणदान धर्माधिकारीकै मानिस उठाउँथे । पहाड र तराईपट्टिको चान्द्रायणदान संभवतः धर्माधिकारीले नियुक्त गरेका अदालतका पण्डितहरू उठाएर आफ्नो पारिश्रमिक कटाई बुझाउँदाहुन् । सार्की, कामी, दमाई आदिबाट शिल्प-कर पनि उठाउने गरेको अनुमान हुन्छ । तर, कागज-पत्र नपाइएका हुनाले कर-व्यवस्था राम्रो प्रकाशमा आउनसकेको छैन ।

टिप्पणी

१– **श्री ५ पृथ्वीनारायण शाह**ले रजबन्धकी दिएका जग्गाका लालमोहरका नक्कल जो सरकारी दफदरमा थिए ती पछि पहाड बन्दोबस्त लगतफाँटमा आएका रहेछन् । तिनको पञ्जिका खडा गरी अरू कागज-पत्र समेत घाँस-पराल मिसे झैं मिसी हनुमानढोका राजदरबारका एक कोठामा मुसाले नकाट्ने गरी झुण्ड्याइएका रहेछन् । ती कागज-पत्र छुट्ट्याई वर्गीकरण गर्न असंभव छ । त्यहाँ रहेका रजबन्धकी गएका कागज-पत्रका अपूर्ण पञ्जिका मालपोत विभाग अन्तर्गत लगतफाँटमा छन् । तिनमा छाप लागेका पनि छैनन् । तिनबाट **श्री ५**

पृथ्वीनारायण शाहले रजबन्धकी दिएका जग्गा पाउने मानिसको नाम, जग्गाको परिमाण खेतमा रुपैयाँ र मिति समेत यहाँ दिइन्छः–

संख्या	लिनेको नाम	जग्गाको परिमाण खेत	रुपैयाँ	मिति
				सम्वत्
१.	विद्याधर उपाध्याय	०।६०	२४०	१८०६
२.	दामोदर पाँडे	(अंक मेटिएको)	५०१	१८२५
३	राजीवलोचन पंडित	आफ्नो खायल	१८०१	१८२०
४.	जयपति जैसी	रतन पाध्यासमेतको खायल	१८७	१८१७
५.	भवदेव जैसी	रामचन्द्र उप्रेतीको खायल च्यांगली ढार समेत	३२५	१८११
६.	छोटु उपाध्याय	आफ्नो खाय ।१८ र चाकुवाङ खुपा-को घडेरी समेत	२२५८	१८२१
७.	लिछुमन ठौनि	८। र घडेरीसमेत	४००१	१८१७
८.	तुलाराम पाँडे	२।२० गाउँ घडेरी समेत	११०१	१८२१
९.	सेष जोरावर	१८। डिही समेत	१८०१	१८१२
१०.	वलभद्र नहर्की	।८०	११६५।।	१८०५
		जम्मा	१३३८०।।	

नमूनाका निमित्त उतारिएका १० खलाको जम्मा यहाँ लेखियो । समयको कमीले अरू उतारिएका थिएनन् ।

श्री ५ पृथ्वीनारायण शाहले कन्यादान गरेर दिएका पण्डित धर्माङ्गद खन्यालका नाउँमा भएका लालमोहर तिनका वंशधर शिवप्रसाद खन्यालका नुवाकोटका घरमा रहेछन् । तीमध्ये **श्री ५ पृथ्वी-**

नारायण शाहले रजबन्धकी दिएको लालमोहर घतलाग्दो भएको हुनाले त्यसको प्रतिलिपि यहाँ दिइन्छः–

"स्वस्तिश्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादिविविधविरूदावलीविराज मानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री श्रीमत्पृथ्वीनारायणसाहदेवानांसदासमर विजयिनाम्

आगे धर्मा गद पंडितके संकर पाध्या अधिकारिको चोकदेको मज्गिडाको माटो मुरि च्यूसि ८० खेत तपाञ्लिे वांधा पांचसय चालिस ५४० हाम्रा महिन्द्र मलिले लियाको रहेछ तपाञ्ीको दाता संकर पाध्याको च्यासिग्या मोहर आठविस १६० रह्याछन् चारका दरहमा सिक्का चालिस् हुन्छ ति रूपैया दाताकन तिर्नु हवस जयप्रकाशले लाष रुपैञा गाछ ध्याव्याको पाला महा हरियाको त्यो षेत तेस् षेतको लगापात डिहि वारी समेत तपाञ्ीलाई वांधा वितलव गरि हामिले ववस्यौं फिक्रि नमानि चलन गर्नु हवस इति सम्वत् १८२६ फाल्गुन शुदि ६ रोज ७मु. काठमाडौं शुभम्"

नुवाकोट जिल्लाको चोक्दे गाउँ प्रसिद्ध छ । त्यहाँका शंकर उपाध्याय अधिकारीसंग रु ५४० मा धर्मा गद पण्डितले बन्धकी लिएका रहेछन् । यो जग्गा जयप्रकाश मल्लले गोर्खालीसंग नुवाकोट फिर्ता गराउनाका निमित्त नुवाकोटकै जग्गा बन्धक राखी एक लाख रुपैयाँ उठाउने योजना तयार गरेर शंकर उपाध्यायसंग च्यासंग्या मोहर १६० लिई रजबन्धकी गरिदिएका रहेछन् । ती मोहर चवन्नी बराबरका हुनाले रु. ४० ठहर्दोरहेछ र त्यति रुपैयाँ शंकर उपाध्यायलाई तिरी उनले रजबन्धकी लिएको च्युसी नामक खेत ।८० धर्माङ्गदपण्डितलाई उनले शंकर उपाध्यायलाई दिएका रु. ५४० मा नै आफूले रजबन्धकी गरिदिएको देखिनआएको छ । यसबाट शंकर उपाध्यायको र धर्माङ्गदपण्डितको समेत हानि केही नहुने प्रवन्ध मिलाएको देखिनआएको छ ।

२– डा. हेमिल्टनले लेखेका नेपालवर्णनमा अनेक ठाउँमा राजअंकको चर्चा गरिएको छ; पृष्ठ १०६, १५४ । जागीरदारको

खानगी खालि भएमा त्यो खानगीमा परेका गाउँको तिरो उठाई बुझाउने ठेक्का पट्टामा– "**श्री राजअंक, कल्याण-धन धर्माधिकार र पंचखत वाहेर**" भन्ने वाक्य जोडिन्थ्यो। यसैकारणले यो राज-अंकको व्यवस्था **श्री ५ पृथ्वीनारायण शाह**भन्दा पहिलेदेखि नै चालू भएर-आएको देखिन्छ।

३– काठमाडौंमा राजधानी सरेपछि धर्माङ्गदपण्डितले पनि काठमाडौंमा सर्नुपर्दा घर-वासका निमित्त जो जग्गा खरीद गरेका थिए त्यस विषयको लालमोहर निज राइटर शिवप्रसादसंग रहेको हुनाले त्यसको प्रतिलिपि यहाँ दिइन्छ–

श्रीदुर्गासहाय

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नररानायणेत्यादिविविधविरूदावली विराज मानामानोन्नश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारायण साहदेवानां सदासमर विजयिनाम्

आगे जेठी वहिनिका मार्फत काठमाडौंका व्राह्मण टोल्या मुगोर्लक्षि-को रत्ववीरसिं नेवारको भगुष्वल षेत रोपनि ९ अक्षरेपि नौ साध पूर्व दिशा वाटो दक्षिण पश्चिम उत्तर रैकर पति विर्ता वेच्यो मोल रुपैञा सिक्का ८१ अक्षरेपि एकासि पुडेटोल्या श्री धर्मा गद पंडित्तले कुश वृत्ता विर्ता गरि किन्या ववसावनी भेट रोपनि एक १ को आना ४ का हिसापले २। सर्कार दाषिल भयो वाइस हजार काठमाडौंका सरहसित सर्कारमाहा पोत तिर्नु वेचन्याको रूपैञा पाको किन्न्याको माटो पाको षतिर्जामासितभोग गर इति सम्वत् १८२७ मिति भाद्रपद शुदि १० रोज ५ मुकाम काठमाडौं राजधानी शुभम्"

श्री ५ पृथ्वीनारायण शाहकी जेठी वहिनी पद्मकुमारी बाउन्ने भएकीले अविवाहिता रहेकी थिइन्। यिनैका अध्यक्षतामा खरीद विक्री भई लालमोहरको छाप लागेका काठमाडौंका घर विक्री भएका पचासौं तमसुक पनि देखिएका थिए। तर, यस ठाउँमा देखिएका भन्ने अहिले याद भएन र विशेष खोजी गर्ने समय पनि भएन। यस कारण यहाँ "**मामुली कर असुल गरिन्थ्यो**" भन्नेलेखेर विराम गर्नु-

परेको छ ।

४– कर्क प्याट्रिकले नेपालवर्णनमा चौताराले जागीरबाहेक अरू अनेक रकमका सलामी दस्तूर आदि लिने गरेको कुरा लेखेका छन् । **श्री ५ पृथ्वीनारायण शाह**का समयमा जागीर सिवाय अरू रकम लिन संभव थिएन । **श्री ५ प्रतापसिंह शाह**ले वख्शी अभिमानसिंह वस्न्यातका नाउँमा गरिदिएका श्रावण वदि २ (संवत् १८३२) का लालमोहरमा "**... ... सप्तरी विजैपुर दुवै मुलुक पाहाड मधेस गरि पौने २ लाख रुपैया साल वसाल अवन्या मुलुक अम्वल गरिस् । तस्को रीझ वापत् तैंले जागिर षायाको दहियाड भया पनि तेसै वरोवरको वारा जिल्लैमा अरू जगह भया पनि विर्ता गरि जिमि वक्सौंला**" भन्ने-लेखिएको छ । (इ. प्र. भा. १, पृ. १४) । यो दहियाड भन्ने मौजा तलहट्टीको देखिएको र अघिल्लै साल **श्री ५ पृथ्वीनारायण शाह**ले जागीर गरिदिएको देखिनआएको छ । **श्री ५ प्रतापसिंह शाह**ले धर्माङ्गद पण्डितलाई "**आगे धर्मागद पंडितज्युके हरि वंशले वामन छेउ वांध लियाको थापल्या पारक हरिवंसले जति अंवल गरेको थियो सो हामिले जागिर वक्सौंला**" भन्ने बेहोराको संवत् १८३३ साल चैत्र-शुदि ३ रोज ६ को लालमोहर नुवाकोटका राइटर शिवप्रसादसंग देखिएको छ । **श्री ५ प्रतापसिंह शाह**ले यिनलाई राजपण्डित गराउँदा नयाँ खानगी दिएको देखिए पनि **श्री ५ पृथ्वीनारायण शाह**का समयका राजपण्डितलाई खानगी दिने परम्परा अनुसार दिएको देखिनआएको छ । चौताराले वख्शीले र राजपण्डितले समेत खानगी खानेगरेको देखिएको हुनाले चौताराभन्दा तल्ला र वख्शीभन्दा उपल्ला दर्जामा रहेका काजीहरूले खानगीमा जग्गा खाएका होइनन् भन्नसकिन्न । राजपण्डिततकले जागीरमा जग्गा पाएका हुनाले यिनीभन्दा माथिल्ला दर्जामा रहेका खजांची, कपर्दार, सर्दार र खरिदारतकले जागीरमा जग्गा खानेगरेका थिएभन्ने यहाँ निर्णय गरिएको छ ।

एकाइसौं परिच्छेद

अर्थनीति

अर्थोत्पादनका निमित्त खानी, खेती र शिल्प-कला संसारभरमा मुख्य मानिएका छन् । **श्री ५ पृथ्वीनारायण** शाहका राज्याभिषेकका समयसम्म गोर्खामा सल्यानपट्टि एउटा ताँवाखानी थियो तापनि त्यो नगण्य थियो । **श्री ५ पृथ्वीनारायण** शाहका प्रशासनका आरम्भमा नै आगरदेखि पूर्वपट्टि चन्दागिरि, र फुलचोकीका दक्षिणपट्टि महाभारतको काखसम्म फिंजिएको खानी-वाहुल्य भएको प्रदेश अधिकारमा आइसकेको हुनाले र नाकाबन्दीका सीमानादेखि बाहिर परेको हुनाले त्यहाँका खानीहरू चालू नै रहे । तिनमा ताँवा, राँग, सिसा र फलामका खानी थिए । त्यहाँका खानीबाट निस्कने ताँवा, राँग र सिसाहरू अवध, विहार र बंगालतिर निकासी हुँदैरहेको हुनाले लडाइँका खर्चका निमित्त भरथेक भइरहेको थियो । तर, त्यहाँका खानीबाट र सिँधुलीदेखि उत्तरपट्टिका ठोसेका खानीबाट निस्केको फलाम लडाइँका र खेतीका

हतियार बनाउन चाहिनेहुनाले फलामको निकासी बिलकुल बन्द गरिएको थियो । ताँवा, फलाम आदि धातु जति उत्पादन गर्नसके पनि आफ्ना देशलाई चाहिनेबाहेक गरेर पनि बढी धातु यथेष्ट मात्रामा अवध, विहार, बंगाल र तिबतपट्टि पनि निकासी हुनसक्थ्यो । यस कारण **श्री ५ पृथ्वीनारायण शाह**ले खानी पत्ता लागेमा गाउँ अन्यत्र सारेर भए पनि खानी चलाउनु भन्ने नियम गरिदिएका थिए १ ।

नेपालका पहाडमा हिमालपट्टिबाहेक अन्यत्र पाखाबाली लाग्दथ्यो।

तर, पाखाबाली पैदा गर्नका निमित्त ज्यादा परिश्रम गर्नुपर्ने भएको हुनाले भूमिकरको आय नगण्य थियो । धानको खेती गर्दा परिश्रम कम हुने र अरू अनाजभन्दा धान ज्यादा पुष्टिकर हुनाले जनताको चाह ज्यादा हुन्थ्यो र भूमिकर पनि प्रशस्त मात्रामा असूल हुनसक्तथ्यो । धानको खेती गर्नाका निमित्त खेत बनाउनलाई कुलो काटेर पाखोबारी भत्काउनाको निमित्त र खेत सिंची राख्नाका निमित्त कुलाको आवश्यक पर्दथ्यो । तर डाँडाकाँडाका स्रोतहरूबाट कुलो काटेरल्याउनु कम परिश्रमले पुग्दैनथ्यो । ठाउँठाउँमा पहरा पनि काट्नु पर्दथ्यो । तैपनि परिश्रमी स्थानीय निवासीहरू हच्कदैनथे । यसकारण **श्री ५ पृथ्वी-नारायण शाह**ले कुलो काटेर खेत बन्नसक्तछ भने सो कुलाका वाटामा घर परे पनि घर अन्यत्र पाखामा सारी कुलो काटेर खेत बनाउने नियम गरिदिएका थिए २ ।

खानी वाहुल्य भएको भाग ललितपुरका ठकुराइमित्र परेको हुनाले

ललितपुर शहर धातुका भाँडा-वर्तनमात्र वनाउने होइन ठूलाठूला घण्ट बनाउने शिल्पकारहरूको शहर भएररहेको थियो । यस शहरमा हस्तिहाडका र हात्तिदाँतका समेत अनेक वहुमूल्य वस्तु बन्दथे । यस-कारणले **श्री ५ पृथ्वीनारायण शाह**का समयमा पनि यो शहर शिल्पकार-नगर भइरहेको थियो ।

भक्तपुरका ठकुराइमा खानी नहुनाले भक्तपुर शहर कृषक र

वस्त्रकारहरूको सहर भइरहेको थियो ! तर, भक्तपुरका ठकुराइमा कपासको उब्जनी हुँदैनथ्यो । पूर्वपट्टिका किराँत-प्रदेशमा कपासको



श्री ५ पृथ्वीनारायण शाह निर्मित वसन्तपुर दरबार काठमाडौं

उब्जनी हुन्थ्यो र त्यहाँ मोटा कपडा (खाँडी) बुनिन्थे पनि । त्यहाँबाट कोरा कपास झिकाएर भक्तपुरका वस्त्रकारहरू मसीना खालका कपडा पनि बुन्दथे । तलहट्टीपट्टि अम्बरपुर (सप्तरी) मा खयरले पक्की रंग गराएका 'खरुवा' कपडाको पैठारी काठमाडौं उपत्यकाका मल्लठकुराइ-मा महोत्तरीतर्फबाट हुन्थ्यो । अचेलका महोत्तरीदेखि पूर्वपट्टि कमला-पारको मधुवनी प्रगन्नामा कैलो रंगको कपासको उब्जनी हुन्थ्यो र त्यसका धागाले बनेका महीन खालको 'कोगिटा' कपडा पनि काठमाडौं उपत्यकासम्म आइपुदथ्यो । **श्री ५ पृथ्वीनारायण शाह**का राज्यभित्र मधुवनी प्रगन्ना पनि परेको हुनाले तराईमा बुनिने खरुवा र कोगिटा समेत काठमाडौंमा आउँदा यी कपडामा परेको मोल आफ्नै राज्यका वस्त्रकारहरूका हातमा पर्नेभएकोले **श्री ५ पृथ्वीनारायण शाह**ले प्रतिबन्ध लगाएका थिएनन् [३] । किराँतमा, दोलखाजिल्लामा, नुवाकोट र गोर्खामा समेत मोटा घरबुना (खाँडी) बुनिने र मजिठो आदिले रंगको पनि काम दिनेहुनाले नेपालका पहाडखण्डपट्टि आफ्नै देशका कपडाले निर्वाह चल्नेगराएका थिए । हिमालपट्टिलाई चाहिने राडी-पाखी आदि हिमालखण्डकै निवासीहरूले बनाउनेहुनाले **श्री ५ पृथ्वी-नारायण शाह**का राज्यकालमा विदेशी कपडाका पैठारीको जरुरत थिएन । यस तरहले **श्री ५ पृथ्वीनारायण शाह**ले आफ्नै अधिराज्यमा बुनेका कपडा यथासंभव आफ्ना रैतीलाई व्यवहार गर्ने नियम चलाएका थिए । अवध-बिहारपट्टि बनेका मसीना खालका कपडाहरू तलहट्टीपट्टि आउन उनले रोक्नसकेका थिएनन् र रोकेर निर्वाह पनि चल्दैनथ्यो । तर, चुरे पहाडमा सर्वत्र चौकी राखिएका हुनाले अवध-बिहारपट्टिबाट आउने महीन कपडाहरू र विलासका सामग्रीहरू रोक्नसकिन्थ्यो । यी महीन कपडा र विलासका सामग्रीहरू पसेपछि अधिकांश जनता (प्रजा) को आदत बिगारी हिन्दुस्थानी व्यापारीकहरू पसी आफ्ना देशलाई कंगाल गरिदिनेछन् भनेर उनले भन्सारका आयलाई नगण्य सम्झी हिन्दुस्थानी व्यापारीहरूलाई चुरेदेखि दक्षिणपट्टिको चारकोसे झाडी जङ्गलभित्र घुस्न पनि कडा प्रतिबन्ध लगाएका थिए र चुरेदेखि

यता जनतालाई विदेशी कपडा लगाउन रोकिदिएका थिए ४ ।

महीन कपडा अंग्रेजी राज्यतिरबाट पैठारी हुनरोकेका भए तापनि-

आफ्ना राज्यमा महीन कपडा बनोस् र जनताका चाड-पर्वमा व्यवहार गर्नाका निमित्त नेपालमा नै कपडा बुनिने उद्योग उनले चलाएका थिए ५ । **श्री ५ पृथ्वीनारायण शाह**ले पहाडका जङ्गलले पहिरो रोक्ने र वर्षाद गराउने हुनाले पहाडका जङ्गललाई आवश्यक काठपातका निमित्त सुकेढलेका काठबाट चलाई जङ्गल नासिनर्दिदैनथे । तराईमा सखुवा, सिसौ आदि कडा जातका रुख भएका र सिमल आदि नरम जातका उपयोगी जङ्गल पनि हुन्थे । सिमलको भुवा कपडा बुन्न काम लाग्ने हुनाले संभवतः विक्री पनि गराउँथे । अंग्रेजका तोप आउननसकुन् भनेर तराइका चारकोसे जङ्गललाई पटेर राखेर बीचबीचमा चौकी राखी बाटा खुलाइएका हुन्थे । त्यस जङ्गलमा हात्ती, गौरीगाई र अरू मृगजातका पशु र बाघहरू पनि प्रशस्त हुन्थे । जङ्गल सुरक्षित राख्नाका निमित्त तलहट्टीका बासिन्दालाई हरसंगा र घरसंगाका निमित्त हलो बनाउने जातका र सखुवाका सुके ढलेका रुख सित्तैं दिइन्थे । गौरीगाई र साँढेहरू पक्रननसकिने र अवध्य पनि हुनाले यिनका मरेका गाई र साँढेका सिंग फेला परेमा ती र मरेका दँतार हात्तीका दाह्रा परेमा राजाको संपत्ति मानेर राजअंक सहर नै लिइन्थ्यो । ठाउँठाउँमा हात्ती-सार राखी खेदा गरेर पक्री राजदरबारका निमित्त र सैनिक कार्वाहीका निमित्त असल हात्ती हात्तीसारमा राखी अरू हात्ती बिहारपट्टिका धनी गृहस्थहरूलाई बेचिन्थ्यो; यही तराईका जङ्गलको आय हुन्थ्यो । पहाडका र तराइका समेत जङ्गलका जडीबूटीहरू राज्यका नागरिकहरू-लाई बिना शुल्कमा दिइन्थ्यो र यो पनि हिउँदका फुर्सदका समयमा गर्ने जनताको एउटा पेशा वनिरहेको थियो । यस तरहबाट आफ्ना राज्यको जिन्सी अन्न र तिलान्न पनि सकभर बाहिर जाननदिई रोकिनेगरेको हुनाले राज्यका रैयत धनी हुन्थे । उस समय दुइचार हजार रुपैयाँ जम्मा गर्ने मानिस धनीमा गनिदो हो । तर, कृषकहरू परिश्रमी हुन्थे र उनको चेहरा राता-पीरा हुन्थे । पेटका समस्याले उनलाई सताउँदैनथ्यो।

नेपालका पहाडमा नून खानी थिएनन् । गोर्खाका गण्डीनदीका सिरानपट्टि एउटा नगण्य पानीनूनको खानी थियो । अन्यत्र कहीं पनि नून खानी थिएनन् । तराईपट्टि महोत्तरीमा सोरा बन्ने माटाको खानी थियो र त्यसबाट बारुदका निमित्त सोरा बनाइन्थ्यो पनि । त्यहाँका र तलहट्टिका अन्य भागमा रहने नुनियाहरू माटो खारेर नून बनाउँथे । तर, तिबतबाट आउने मीठो नून खाइरहेका जनता नुनियाहरूले बनाएको तलहट्टीको नून खल्लो हुने हुनाले व्यवहार गर्नसक्तैनथे । यस कारण तिबतीहरूसंगै नून किन्नुपर्दथ्यो र सीमानामा रहेका तिबतीका मण्डीसम्म धोक्रामा चामल बोकेर लगी नून साटेर ल्याउनुपर्दथ्यो ।

टिप्पणी

१– "गह्लो वन्न्य जग्गामा घर भया पनि घर अरू जग्गामा सारि कुलो काटि षेत वनाई आवाद गर्नु" –दिव्योपदेश

२– "हामीले च्यागा पांगालाई तिन सहर नेपाल र नौलाष किरांत र हिन्दूपतिको राज्य आर्ज्या थ्येउ" –दिव्योपदेश

"च्यागो-पाँगो" यो द्वन्द्व शब्द नेपाली भाषामा व्यवहार हुन धेरै पहिलेदेखि छुटेको हुनाले यो शब्द प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको शब्द-कोशमा पनि परेको छैन । च्यागा शब्द कपडाका अर्थमा व्यवहार भएको सुनिन्थ्यो । काठमाडौं उपत्यकामा रहेका प्रत्येक

झैं शहरका घरमा तान र चर्खा रहने हुनाले कपडाका अर्थमा नै च्यागा पाँगा शब्द व्यवहार भएको देखिन्छ । काठमाडौं उपत्यकाका तीन शहर बाहेक दिव्योपदेशमा हिन्दूपतिको राज्य भनेर चौदण्डी र विजयपुरका राजाहरूको ठकुराइ भनेको देखिन्छ । यी ठकुराइहरूका पहाडखण्डमा बुनिएका कपडा काठमाडौं उपत्यकामा बनाएका कपडाभन्दा भद्दा हुनेहुनाले त्यहाँबाट काठमाडौंसम्म आउन संभव थिएन । चौदण्डीका ठकुराइभित्र परेका सप्तरीमा बुनिने खरुवा र महोत्तरीमा बुनिने कोगिटा विशेष प्रकारका हुनेहुनाले यिनैलाई लिएर हिन्दूपतिका ठकुराइका च्यागा पाँगा शब्दको व्यवहार दिव्योपदेशमा भएको अनुमान हुन्छ

३- **"उप्रान्त देसका महाजनलाई गोड प्रसाह देषि उभो आउन नदिनु । देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्न्या दुनिञा कंगाल गरि छाड्दछन् । देसका कपरा लगाउनालाई मन्हाई गरि दिनु"।**

—दिव्योपदेश

'गोड प्रसाह' भनेको **'गढ पर्सा'** हो । आजकल त्यो गढ रहेको थलो पर्सागढी कहिंदैछ । त्यहाँ गढी छैन; भत्केको गढीको खण्डहर अझै पाइन्छ । दिव्योपदेशमा मुख्य मूलबाटोमा यो गढ पर्सा परेको हुनाले नमूनाका निमित्त यसको नाम लिएको देखिन्छ । पर्सादेखि विजयपुरसम्म रहेका यस्ता पच्चीस तीस गढीका नाम पुराना लेखमा पाइन्छन् । तिनैमध्येका **'बैराटगढी'** अचेल विराटनगर बनेको देखिन्छ ।

४- **"आफना देसका कपरा वस्त्र जान्न्यालाई नमना देषाई सधाउनु र वस्त्र लाउनु र यस्व भया नगद विदेस जादैन ।" —दिव्योपदेश**

बाइसौं परिच्छेद

तिबतबाट सुन पैठारी गराउने विषयमा

कान्तिपुरका राजा प्रताप मल्लका समयदेखि भास्कर मल्लका समयतक पौनेएक सय वर्ष (इ.सं. १६४१-१७१५) सम्म तिवतबाट आउने सुन कान्तिपुरका ठकुराइमा प्रशस्त मात्रामा आयो र त्यो सुन र ललितपुरका ठकुराइका खानीबाट निस्केका ताँवाका पातामाथि सुनको मोलम्मा भएर कान्तिपुरका ठकुराइका देवलका छाना र राजा-रानीहरूका ढलौटे मूर्तिसमेत सुन घसिएर झल्झलाएका थिए । सुनमा आकर्षणशक्ति ज्यादा रहनेहुनाले **श्री ५ पृथ्वीनारायण शाहले** काठमाडौंका ठकुराइबाट खासासम्मको कुतीमा जाने मार्ग इ. सं. स१७४६ मा दखल गरी भक्तपुरका राजालाई दिएका थिए तापनि आपसमा सहयोग भएको हुनाले भक्तपुरका व्यापारीसंग मिलेर कुतीपट्टिबाट सुनको व्यापार गर्न आरम्भ गर्दा उनले भक्तपुरका टकको उपयोग गरेका थिए र यस काममा निमित्त कमल वनका चेला संन्यासी-

हरूलाई र काश्मीरी मुसलमान व्यापारीहरूलाई पनि साथ लिएका थिए १। इ. सं. १७५४ मा सिन्धु-पाल्चोक, काभ्रेपलान्चोक र दोलखामा समेत एकलौटी अधिकार गरेपछि यस तरफबाट हुने सुनको व्यापार आफ्ना हातमा लिएर उनले भक्तपुरका राजाले वाणिज्यदूत बनाएका हरिदेवपण्डितलाई नै आफ्ना वाणिज्यदूत बनाए। यसबीचमा कान्तिपुरका राजा जयप्रकाश मल्लका टकहरू कसर मिसिएर दूषित भइरहेका हुनाले दूषित टकहरूबाट व्यापार चल्नसक्तैन भन्ने तत्त्व जानेर आफ्ना टकमा शुद्ध चाँदीको उपयोग उनले गरेका थिए। तैपनि कुत्यालहरूले सुनको व्यापार चालू हुनदिएनन्। यसको रहस्य इ. सं. १७१६ देखि ह्लासामा चीनका अम्मानहरू रहनु थियो। यी अम्मानहरू तिबतका दलाइलामाका प्रशासनमा हस्तक्षेप ता गर्दैनथे; तर, दलाइमालाई उचित परामर्श दिन्थे। यिनीहरूकै परामर्शबाट दलाइलामाका सरकारले तिबतमा जम्मा भएको सुन नेपालतिर झर्नरोकेको थियो। यसकारण कान्तिपुरका राजा जगज्जय मल्लको समयदेखि नै सुनको पैठारी दिनप्रतिदिन कम हुँदैआएको थियो। यस समयसम्म तिवतमा कान्तिपुरका राजाका टक चल्दथे। तर, यी टक दूषित हुँदैआएका हुनाले अरू वस्तुको व्यापार पनि मन्द भइरहेको थियो। इ. सं. १७५७ मा कीर्तिपुरको पहिलो हार भएको लगत्तैपछि पनि वैरभाव भुलेर कान्तिपुर र गोर्खाका दुवै राजाले शुद्ध चाँदीका टक चलाउने र व्यापार पनि सजियाँ रूपले गर्नेभन्ने उनले वाणिज्यसन्धि गरे तापनि चाँडै नै जयप्रकाश मल्लले त्यो सन्धि भंग गरेर फेरि मेल हुनैनसक्ने अवस्था गराइदिएका थिए।

श्री ५ पृथ्वीनारायण शाहले इ.सं. १७६८ मा कान्तिपुरका ठकुराइमा अधिकार गरेपछि त्यहाँ रहेका दूषित टकहरू मासेर शुद्ध चाँदीका टक ढलाएका थिए। कान्तिपुरको टक तिबतमा व्यवहार गर्ने परंपरालाई थामेर कान्तिपुरमा मेरो अधिकार भएको हुनाले मेरो टक तिबतमा चालू रहोस् भनेर तिबतका निमित्त पनि तिबती लिपिमा टक ढलाउने योजना **श्री ५ पृथ्वीनारायण शाह**ले गरे। यस कामका निमित्त



गोर्खा लिगलिग कोटको भग्नावशेष

श्री ५ पृथ्वीनारायण शाहलाई चोखा चाँदीको आवश्यक थियो । उस समयमा मुगलबादशाहहरूका चाँदीका रुपैयाँका टक (सोह्रआना) शुद्ध चाँदीका हुन्थे । **श्री ५ पृथ्वीनारायण शाह**ले तराईमा अधिकार गरेपछि त्यहाँ पनि आफ्ना शुद्ध चाँदीका टक चलाई मुगलानपट्टिबाट त्यहाँ आउने मुगलबादशाहका टकहरू खिचेर काठमाडौंका टक्सारमा ल्याई मासी नेपाली मोहरका टक ढाल्ने नियम चलाएर आफ्ना राज्यभरमा एउटै टक चलन चल्तीमा आउनेगराएका थिए । तराईपट्टिबाट आउने मुगलबादशाहका छाप लागेका टकहरू आवश्यकभन्दा ज्यादा हुने भएकोले यिनै रुपैयाँका टकबाट तिबतका निमित्त पनि तिबती लिपिमा टक ढालेर योजना पूरा गर्ने उद्देश्य लिएर नै राजगिरिका नेतृत्त्वमा तिबतमा दूतमण्डल पठाउने उनले निधो गरेको देखिन्छ । तर, यो सुन खरिद गर्ने काम आरम्भदेखि नै बाधा पर्दैरहेको हुनाले फष्टाउननसकेको हुँदा र राजागिरिका साथ जाने दूतमण्डल नुवाकोटबाट प्रस्थान नहुँदै **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भयो र तिबतमा पठाइने दूतमण्डल सफल हुननसकेको देखिन्छ ।

हुन ता कुत्यालहरूबाट खरिद भएको सुन राजकोषमा थन्क्याउनका निमित्त किनिने व्यवस्था भएको देखिन्न; विदेशी व्यापारीलाई बिक्री गरेर नाफा लिने व्यवस्था भएको देखिन्छ । तथापि आएको नाफाको धान राजकोषमा रहने व्यवस्था भएको हुनाले भूमिव्यवस्था जस्तै वाणिज्यव्यवस्था अन्तर्गत यो सुनको व्यापार रहेको देखिन्छ ।

टिप्पणी

१– **श्री ५ पृथ्वीनारायण शाह**ले खासामा रहेका वाणिज्यदूत हरिदेव पण्डितलाई फागुनशुदि ६ रोज ५ (२४ फरवरी, १७५७) मा लेखेका पत्रका फडकेमा **"मिति फाल्गुण शुक्ल १५ खासाका गुवाका लामा थि मिल्याका मींहद्र मल्ली भादगाउंका १४९५ मुगा माला ५३ चीन समेत"** भन्ने लेखिएको छ (पृ. ३६७)। ललितपुरका राजा महीन्द्र मल्लका टक पहिले गोर्खामा चलनचल्तीमा आएका हुनाले पछि सबै मल्लराजाहरूका मोहरका टकलाई महीन्द्र मल्ली भन्ने परिभाषा बनेको हुनाले यहाँ भक्तपुरका रणजित मल्लका टकलाई **'भादगाउंका मींहद्र मल्ली'** भनिएको छ।

तेइसौं परिच्छेद

परराष्ट्र व्यवस्था

श्री ५ **पृथ्वीनारायण शाहले** इ. सं. १७७० का आरम्भसम्ममा नेपालको एकीकरण गरेर काठमाडौंलाई राजधानी गराएपछि नेपालले राष्ट्रको रूप लिएको थियो। राष्ट्रको रक्षा गर्न र बढाउनाका निमित्त छिमेकका राष्ट्रहरूमा मात्र होइन परपरका राष्ट्रहरूमा पनि कूटनैतिक सम्बन्ध स्थापित गर्नाका निमित्त राजदूत राख्ने नियम उस समयका राष्ट्रहरूमा चलिसकेको थियो। तर, **श्री ५ पृथ्वीनारायण शाहका** राज्याभिषेकसम्म गोर्खा राष्ट्र बनेको थिएन। लमजुङ्ग आदि पश्चिमपट्टिका ठकुराइहरू पनि यसै अवस्थामा रहेका थिए। तैपनि यी ठकुराइहरूका राजाहरू पहाडभित्रलाई स्वतन्त्र रहेका हुनाले आपसमा स्थायी दूत राख्ननसके पनि समय-समयमा दूतमण्डलको आदानप्रदान गर्दथे। यस कुराको उदाहरण कुमाउँका इतिहासमा पाइन्छ र त्यसमा लेखिएअनुसार लमजुङ्गका राजा वीरनारायण साईका

वकील रघुपति विष्ट र जुमलाका राजा सुरथ साई वकील धर्मदास उपाध्याय आदि आफ्नाआफ्ना राजाको पत्र र भेट सौगात लिई कुमाउँ-का राजा कल्याणचन्द्रका राजधानी अल्मोडामा पुगेर पत्रको उत्तर र भेट लिई फर्केका थिए [१] ।

तर, स्थायी दूत राख्ने काम सबभन्दा पहिले **श्री ५ पृथ्वीनारायण शाह**ले गरेको देखिनआएको छ । भविष्यमा नेपाललाई राष्ट्रका रूपमा परिणत गराउने यो पहिलो योजना देखिन्छ । यस विषयमा प्रकाश दिने **श्री ५ पृथ्वीनारायण शाह**ले लेखेका पत्रहरूमध्ये यिनका राज्यारम्भदेखि दुइ वर्ष (इ. सं. १७४३–४४) सम्मका पत्र भेटिएका छैनन् । १६ जनवरी, १७४६ को जो पत्र भेटिएको छ त्यो यिनले कस्केली पण्डित राजीवलोचनलाई लेखेको पत्र देखिएको थियो (पृ. २५८) । यस मितिको **श्री ५ पृथ्वीनारायण शाह**ले कास्कीमा रहेका आफ्ना राजदूत गंगाधर पन्थलाई लेखेको पत्र पनि जैसीकोठामा भेटिएको छ र त्यस पत्रको उतार यहाँ दिइन्छ,–

"स्वस्तिश्री गिरिराज चक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदा-वलीविराज मानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीश्रीमत्पृथ्वी-नारायण साह देवानांसदा समर विजयिनाम्

स्वस्तिश्री सर्वोपमा ज्योग्य राजभारा सामर्थ श्री गंगाधर पंथके प्रणाम्. पूर्वक पत्रमिदम्. ऱ्याहा कुसल ताहा कुसल चाहिये पत्र आयो अर्थ मालुम भयो आगे ऱ्याहाको समाचारभलोछ उप्रान्तऱ्याहा काज गर्न आटचा थ्यां. ताहाबाट ढिल् हुदा. ऱ्याहा काज अट्वयो. गयाको पक्षमा काज भयेनता पनि आउदा पक्षमाहा काज आट्टचा ततावाट पनि काज गऱ्या जावस्. भनि विन्ति गरि पठाइ छस परंतु ऱ्याहा साथ् चागु महा काज गर्छौं. तस् कारण एतावाट वलीयो गरि काज् हवैन ततावाट भाइका पाउने काज गऱ्या एतावाट पनि हेरि रहोइनौं, जो सकौला सो काज गरौला एस्तै तरह सित भाइका पाउ माहा विन्तिगर. तं तांहां वस्याको छस् ता सानु काज होइन. ठुलो काज्हो तेरो टहल् हामीले देष्यैको छ. ताहाको हकीगत घटिवढि पर्दा. चाडो चाडो

विन्ति गरि पठाउदै गर उप्रान्त कास्किको हर्मन भन्याको पर्वतले अर्घाको गुहार निमित्त छाडि गयाको होकि कास्किको र पर्वतको सम्मतले छोड्याको हो त्यो कुरो निस्तुक् गरेर चाडो विन्ति गरि पठा उप्रान्त काजिका कविला थाम्नाको कुरो विन्ति गरि पठाइछस् काजिका कविला हामिले थांदा काजिको र काजिका कविलाको नमिलन्या डवल् भयो र काजिका कविला थाम्न सकेनौ एक्ता हामिसित काजिले अनुचित गर्‍या र जाना महा पर्‍या. दोश्रो काजिको र काजिका कविलाको फाटो क्यान पारौ भनेर काजिका कविला जान दिञ्ञौं ञाहावाट भला मानिस पनि पठाउछौं. ताहा भाइका पाउ छेउ विन्ति गरि काजिकन बुझाइ संझाइ ञाहा पठाइ देउ किमधिकम् माघ वदि ६ रोज ७ मुकाम नुवाकोट शुभम्".

यस पत्रका लेखाइमा कूटनीति वडो सफाइका साथ भरिएको छ ।

जुन कुरा कस्केली पण्डितलाई लेख्न अयोग्य सम्झिएर गोप्य राखिएको थियो त्यो यस पत्रमा स्पष्ट गरिएको छ । पश्चिमपट्टिका सबै ठकुराइहरूमा राजदूत निर्वाह नहुनेहुनाले सबै चौबीसीठकुराइको माझमा परेको र लमजुङ्ग र पर्वतका राजाहरू मिलेर मिचिराखेको कास्कीका ठकुराइमा **श्री ५ पृथ्वीनारायण शाहले** आफ्ना राजदूत राख्न वडो योग्यतासँग ठाउँ छानेको देखिन्छ । चौवीसीठकुराइहरू परस्पर लडिरहेका समयमा र गोर्खाली र कस्केली लडेका समयमा पनि गङ्गाधर पन्थले कास्की नछोडी जरो गाडेर **श्री ५ पृथ्वीनारायण शाहका** देहान्तसम्म त्यहाँ अडिरहेका हुनाले **श्री ५ पृथ्वीनारायण शाहले** नुवाकोटमा आक्रमण गरेका साल इ. सं. १७४४ भन्दा एक वर्ष-पहिलेदेखि नै गङ्गाधर पन्थ कास्कीमा राजदूत भएररहेका देखिन्छन् ।

श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटवाट ३१ मे, १७५२ मा

गोर्खामा रहेका आफ्ना भाइहरू र मन्त्रीका नाउँमा जो पत्र लेखेका थिए त्यो घतलाग्दो छ । यस पत्रवाट चौबीसीराजाहरूसंग जुन कूट-नैतिक व्यवहार **श्री ५ पृथ्वीनारायण शाह** गर्दथे त्यो स्पष्ट झल्कने हुनाले जैसीकोठामा रहेका त्यस पत्रको प्रतिलिपि यहाँ दिइन्छ,–

"स्वस्तिश्रीगिरिराज चक्रचूडामणि नरनारायणे त्यादि विविध विरूदावली विराज मानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री मन्नृप पृथ्वीनारायण साहदेवानां सदा समर विजयी नाम्
स्वस्तिश्रीगिरिराजेत्यादि श्रीमन्महदामर्किर्तिसाह श्री रणरूद्र साहकेषु आसिष. श्री काजि कालुपांडेकेषु आसिष पुर्वक पत्रमिदं इहाकुसल. ताहाकुसल चाहिय जेहिते परमा नन्द होई. पत्र आयो अर्थ पाईउं. आगे समाचार भलोछ उप्रान्त माल रथि मल्लका हातसौपन्याहो कि होइन भनिर्विति गरि पठायाथ्यौं भलो तेस्जिनीसले. पर्वत्या. राजभयनन् अलीक तिनहज्जार नगद गरि रथिमल्लका हात सौप उंप्रान्त भोटको वाटो गरि भानुजैसिकन पश्चिम तिर पठाया कसो होला भनी विन्ति गरि पठायाछौ भलो भोटको वाटो गरि भानुजैसिकन चाडैपठाव भलामानिस पश्चिम तिर नजादा सह्यार हवैन चाडै पठाव उंप्रान्त पल्पासित पनी वहुतै मिठो गर. पल्पासित पनि वलियो गरि गांठिपार उंप्रान्त कास्कि भिर्कोट छेउपनी मानिसपठाव गुहार गर्नुछत चांडैगरि हांन्नु हवस् भनी विंति गरि पठाव उंप्रान्त हामिले लम्जूंकन हान्न पऱ्यात चांडो वनाई हानौला कदाचित् तनहुं लमजूंगे हान्यात जाहांको ताहा वलटंचिदिजाला चांडो केहि हवैन तव अगावै चांडो गरि राषएस ठाउं आई लाग्या एसो चांडो गर्नु यस ठाउं आइलाग्या यो चांडो गर्नु भनी सभै थुमकामानिस सुधाका सभैठानाका मानिस सुद्धा मतोगरिराष एसठाउंमाहा वैरिजाई लाग्या यसै ठाउका मानिस्ले हान्नु एसैठाउ ठाना हालनु यसैठाउंमा गुहार गर्नु भनी मतो गरि राष वैरि आइलाग्दा हानि सपऱ्या भया हांन्यामतो ठान्नु घालि सप्रन्या भया ठानु घाल्नाको मतो गुहार गरि सप्रन्या भया गुहार गर्नाको मतो गरि राष जसै आईआईलाग्छन् तसैमतोगरि चांजोगरि काम् पुग्दैन् मतो गर्दात यकदिन् दुइदिन लाग्छ जुझत वहुतै होला दसघडि होला दस् घडि भीत्रत चुकि जांछ तस अर्थले अगावै मतोगरि राष अगावै मतो गर्छर कास्किले अव ठाव जित्छ एसं चांजाले हो तिमिहरूले पनी अगावै चांजो गरि राष उंप्रान्त लमजूं संगपनी मुषले मिठो मसिनु गर्दैरहु मानीस पठाउंदै

संवत् १८२४ सालमा सिँधुलीको निर्णायक लडाइँमा गोर्खालीहरूले अंग्रेजी सेनाबाट खोसेको तोप जो पौवागढीमा रहेको छ ।

रहु मानीस पठाया हुंदि कुरोपनि हुंछ सैसमाचार पनि पाईन्छ मानिस पठाउँदै रहु विग्यषु किमधिकम् मिति आषाढ वदि १४ रोज १ मुकाम नवाकोट शुभम्" (सम्वत् १८०९ साल, ३१ मे १७५२)।

कान्तिपुर दखल भएपछि चौबीसीठकुराइहरूले गोर्खालीको सर्वनाश गर्ने प्रयत्न गरेका हुनाले यिनलाई कूटनैतिक चालबाट खेलाउनाका निमित्त घुमन्ता राजदूतका रूपमा राखिएका ज्योतिषी कालू पाँडेले पनि यस कार्यमा आफ्नो योग्यता देखाएका थिए र **श्री ५ पृथ्वीनारायण शाह**का अन्तिम समयसम्म उनी यसै पदमा रहेका थिए।

२१ मार्च, १७७० का दिन नेपालको राजधानी काठमाडौं बनेपछि नेपालले राष्ट्रको रूप लिएको हुनाले अंग्रेजी इष्ट इण्डिया कंपनी-संग सम्झौता गर्नालाई राजदूत भएर खटिएका सुब्बा दीनानाथ उपाध्याय पनि कूटनीतिमा चतुर र सुयोग्य राजदूत थिए ।

आफ्ना राज्यका दक्षिणसीमानापट्टि रहेको अंग्रेजी राज्यमा राज-दूत राख्नु परम आवश्यक भइसकेको हुनाले **श्री ५ पृथ्वीनारायण शाह**ले पटनाका अंग्रेज हाकिमका साथमा किरीटिमाली पण्डितलाई राखेका थिए । परन्तु, अवधका नवाबवजीर सुजाउद्दौला अंग्रेजका आधिपत्यमा आइसकेका हुनाले लखनौमा राजदूत राख्नु उत्तिको आवश्यक थिएन । तर, सुजाउद्दौला र पालपाली राजाका बीचमा राजनैतिक सम्बन्ध रहेको र पालपाका ठकुराइलाई नेपाल अधिराज्य-भित्र सम्मिलित गराउने **श्री ५ पृथ्वीनारायण शाह**को योजना हुनाले अवधका नवाबवजीरको र पालपाली राजाको सम्बन्धको परीक्षण गर्नाका निमित्त उनले लखनौमा वैकुण्ठ उपाध्यायलाई राखेका थिए । वाणिज्यदूत वा राजदूतका काममा **श्री ५ पृथ्वीनारायण शाह**ले ज्यादा गरी सो काम योग्य र शिक्षितलाई नै रोजेका र यिनीहरूले पनि आफ्ना-आफ्ना काम सुचारु रूपले चलाएको देखिन्छ । उनले यस कामको लागि पनि अन्य कार्यहरूको जस्तै जातिपातीलाई कम महत्त्व दिई योग्यतालाई नै महत्त्व दिएका थिएभन्ने देखिन्छ ।

गोर्खाली राजवंशको मिश्रगुरुवंशको मूलघर बनारसजिल्लामा थियो र त्यस वंशका एकनएक मिश्रज्यू वाराणसीमा रहन्थे। त्यहीं एक अंग्रेज पोलिटिकल एजेन्ट भएररहन्थे र अवधका नवाबवजीरका प्रशासनकार्यमा **पनि** तिनी परामर्शका नामले आज्ञा पनि दिन्थे। यिनीसंग पनि सम्पर्क राखी अंग्रेजको गतिविधि जान्नालाई **श्री ५ पृथ्वीनारायण शाह**ले वाराणसीमा रहेका गजराज मिश्रलाई माल खरिद गर्ने एजेन्टका रूपमा आफ्ना अन्तिम वर्षमा नियुक्त गरेका थिए [३]।

श्री ५ पृथ्वीनारायण शाहले नेपाललाई **'दुइ ढुंगाका तरूल'** को जो उपमा दिएका छन्; हुन पनि त्यस्तै छ [४]। यसकारण नेपाललाई बचाई राख्नाका निमित्त दुवै ढुंगालाई नहल्लने गरी समतोलनमा राख्नुपर्दछ भन्ने उनका यस दिव्योपदेशवाट स्पष्ट हुन्छ। दक्षिणपट्टि उत्तरहिन्दुस्थानका मैदानमा बंगालदेखि रुहेलखण्डसम्म इष्ट इण्डिया कंपनीको आधिपत्य स्थापित भएको हुनाले यस कंपनीसंग राजनैतिक सम्झौता भएको भए पनि त्यो कच्चा छ र निकट भविष्यमा नै एकनएक दिन उसको नेपालमाथि आक्रमण हुन्छ र अंग्रेजहरू पेशवाका गृह-कलहमा पसेका हुनाले यसद्वारा हुने युद्ध सकिनेबित्तिकै नेपालमा आक्रमण हुन्छ भन्ने उनले ताडेका देखिन्छ।

तिवत र मंगोलदेशमा समेत आधिपत्य जमाइरहेका चीनका बादशाहले **'सलाम'** पाएमा नेपालका उपर केही नगरी तिवत र नेपालका बीचको वाणिज्य-सम्वन्ध पनि राम्रो गराइदेलान् भन्ने आशा **श्री ५ पृथ्वीनारायण शाह**ले राखेको देखिन्छ [५]। चीनका वादशाहसम्म आफ्ना दूत पठाउन संभव थिएन। यसकारण उनले ल्हासामा रहेका चिनियाँ अम्मानहरूद्वारा सम्वन्ध स्थापित गर्ने उद्देश्य लिएर नै राजगिरिका नेतृत्वको दूतमण्डल ल्हासासम्म पठाउने तर्जुमा गरेको देखिन्छ र चीनका वादशाहसंग राजनैतिक सम्बन्ध स्थापित भएमा बढ्दो अंग्रेजी शक्ति पनि नेपालतिर फर्कनहच्कला भन्ने **श्री ५ पृथ्वीनारायण शाह**को विचार भएको देखिन्छ।

तर, चीनका बादशाहसंग सम्बन्ध स्थापित हुने कुरा टाढाको पल्ला थियो। अंग्रेजले निकट भविष्यमा नै आक्रमण गरेमा आफ्ना उत्तराधिकारीहरूले कर्त्तव्य सम्झुन् भनेर **'दक्षिण सीमानाका अंग्रेजसंग मित्रसंबन्ध राख्नू अर्थात् मैदानमा उसका देशमा जाइनलाग्नू। आइलाग्यो भने भांमरसम्म आउनदिई गुरिल्ला लडाइँद्वारा त्यसलाई परास्त गरी फर्काउनू'** भन्ने उपदेश **श्री ५ पृथ्वीनारायण** शाहले दिएका थिए। यतिमात्र होइन **'त्यो महा चतुर छ।** लडाइँ **नगरीकन पनि छल कपट गरी घुस्न आउनेछ। होसियार भई अगावै सन्धि सर्पन हेरी गढी बनाई बाटाघाटामा** भाजा हालिराख्नू' भन्ने पनि उपदेश उनले दिएका थिए ६।

यसबाट यो देखिन्छ कि **श्री ५ पृथ्वीनारायण** शाह आफ्नो मुलुक वरपरका देश-विदेशहरूमा के के भइरहेछ पूरापूरा जानकारी राख्ने प्रयत्न गर्दथे र उनी उनका वैदेशिक नीतिमा पूरापूरा सफल **देखिन्छन्।**

टिप्पणी

१– वदरीदत्त पाँडे लिखित 'कुमाउँका इतिहास' (इ. सं. १९३७ मा प्रकाशित), पृ. ३२३ । यस समयमा लमजुङ्गमा, राजा वीरनारायण देखिंदैनन्; ठकुराइ वा राजाका नाममा गल्ती भएको देखिन्छ । जे भए पनि **श्री ५ पृथ्वीनारायण शाह**का राज्यारम्भ-कालमा चौबीसी र बाइसीठकुराइका राजाहरू परस्परमा भेट र सौगातको आदान-प्रदान गर्दथे भन्ने कुरा निश्चय छ ।

२– **श्री ५ पृथ्वीनारायण शाह**ले योगी भगवन्तनाथलाई (संवत् १८३१) भाद्रपद शुदि ६ मा लेखेको पत्र; इ. प्र. भा. १, पृ. १५२ ।

३– **श्री ५ पृथ्वीनारायण शाह**का अन्तिम समयमा उनका गुरु श्रीहर्ष मिश्र जीवित भएनभएको निश्चय छैन । गजराज मिश्र यिनका छोरा वा भतिजा को हुन् भन्ने पनि जनिएको छैन । **श्री ५ पृथ्वीनारायण शाह**का चिठ्ठीपत्रहरूमा यिनको नाम पनि भेटिएको छैन । तथापि **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त हुनेबित्तिकै काठमाडौंमा आएर यिनी काममा लागेका देखिनाले यिनी **श्री ५ पृथ्वीनारायण शाह**को अन्तिम वर्षमा नै राजकर्मचारीका रूपमा नियुक्त गरिएका देखिनआएका छन् ।

४– **"उप्रान्त यो राजे दुई ढुंगाको तरुल जस्तो रहेछ"।**
–दिव्योपदेश ।

५– **"चीन वादसाहसित ठुलो घाहा राषनु" ।** –दिव्योपदेश।

६– **"दषिनको समुद्रका वादसाहसित घाहा ता राषुन । तर त्यो महा चतुर छ । हिन्दुस्थाना दवाई राषेछ । सरजिमीमा परि रहेछ । हिन्दुस्थाना जाम्यो भन्या कठिन् पर्ला भनि किल्ला षोजन आउन्या छ । सन्धी सर्पन् हेरि गढि तुल्याई राष्नु र रस्ता रस्तामा भाजा हालि राष्नु र यक दिन त्यो वल आउन्या छ । जाई कटक नगर्नु झिकी कटक गर्नु र चुन्या घाटिमा षुपै काटिन्या छ" ।**

यसमा समुद्रको बादशाह भनेर अंग्रेजजातिलाई लिएको स्पष्ट छ । उस समयमा दक्षिणभारतका पेशवाको र उत्तर भारतपट्टि पनि मालवा-गुजरात र राजपुतानामा समेत आधिपत्य जमाइरहेको मरहट्टाको शक्तिलाई बलियो देखेर **श्री ५ पृथ्वीनारायण शाह**ले हिन्दुस्थान जमेर अंग्रेज पनि आपत्तिमा फस्नेछ भन्ने अनुमान गरेको देखिन्छ। उनले दिव्योपदेशमा निम्नलिखित वाक्यको पनि प्रयोग गरेका छन्,–
" ... ... पांच सात पुस्तालाई षजना पनि मिल्न्या छ । श्री गंगाजीको सांध पनि लाग्नै छ । लडाईमा पुर्केन भन्या लोलोपोतो अनेक छल कल गरिकन पनि यो नेपालको तषत किल्ला हो यो किल्ला पायो भन्या चारै वादसाहलाई वह्राला लाउनै छ ।"

आफ्ना र भारादारहरूका उत्तराधिकारीहरूलाई एकातिर अंग्रेज-जातिका प्रकृतिको दिग्दर्शन गराउन र अर्कातिर त्यस जातिले चाल्ने कूटनैतिक गोटीचाललाई पहिलेदेखि नै बुझी सावधान भएर त्यसका प्रतिरोधका उपायहरू पनि पहिलेदेखि नै ठीक गरी राखेमा नेपालको बचावट हुने मात्रहोइन यस अधिराज्यको सीमानासमेत बढ्न-गई प्रशस्त श्रीसम्पत्ति समेत प्राप्त हुने छभन्ने कुरा समेत दर्शाउनका निमित्त **श्री ५ पृथ्वीनारायण शाह**ले यो भनेका थिए ।

चौबीसौं
परिच्छेद

श्री श्री श्री महाराजे पृथ्वीनारायण शाह बहादुर शंशेर जंग

इ.सं. १७७१ का आरम्भसम्ममा तौतरप्रगन्नाका पर्सादेखि महुत्तरीसम्मका तलहट्टीको समस्या सुल्झिसकेको थियो । अम्बर-पुरपट्टिको समस्या बाँकी नै रहेको हुनाले **श्री ५ पृथ्वीनारायण शाहले** इष्ट इण्डिया कंपनीका कलकत्ता कौन्सिललाई राजी राख्न आवश्यक थियो । कलकत्ता कौन्सिलले पनि संन्यासीदललाई उन्मूलन गर्न **श्री ५ पृथ्वीनारायण शाहको** खुशामद गर्नुपरेको थियो । यसै अवस्थामा इलाहाबादमा रहेका मुगलबादशाह शाहआलम (द्वितीय) का नामबाट १२ मार्च, १७७१ का दिन **श्री ५ पृथ्वीनारायण शाहका** नाममा लेखिएको एक फर्मान काठमाडौंमा आइपुग्यो । त्यसमा **श्री ५ पृथ्वीनारायण शाहलाई "महाराज पृथ्वी-**

नारायण बहादुर शंशेर जंग" भन्ने खिताब दिइएको थियो १ ।

यस समयभन्दा पहिले **श्री ५ पृथ्वीनारायण शाह**का प्रशस्तिका साथ सामान्यतया **"श्रीमन्महाराजाधिराज श्री श्री श्री मन्नृप पृथ्वीनारायण शाह'** अथवा **"श्रीमन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वीनारायण शाह"** लेखिन्थ्यो । विशेषतया दोलखाली देसवार प्रधानका नाउँमा लेखिएका पत्रमा **"श्री श्री श्री मन्महाराजाधिराज श्रीश्रीश्री श्रीमन्नृप पृथ्वीनारायण शाह"** र दोलखाली प्रजाका नाउँमा लेखिएका पत्रमा **"श्रीमन्महाराजाधिराज श्री श्री श्री श्री श्री मत्पृथ्वीनारायण शाह"** लेखिएको थियो । राजा जयप्रकाश मल्लसंग भएको वाणिज्यसन्धिपत्रमा दुवै राजाका नामभन्दा पहिले **"स्वस्ति श्रीमन्महाराजाधिराज श्री श्री मज्जयप्रकाश मल्ल देव"** र **स्वस्ति श्रीमन्महाराजाधिराज श्रीश्रीमन्नृप पृथ्वीनारायण शाह देव"** लेखिएको छ ।

मुगल बादशाहको उक्त फर्मान आएपछि श्री ५ पृथ्वीनारायण शाहका संवत् १८२८ देखिका लालमोहर लागेका राजकीय पत्रहरूमा पहिले **"श्री श्री श्री"** जोडेर **"महाराजे पृथ्वीनारायण शाह बहादुर शंशेर जंग"** भन्ने उपाधिसहितको नाम उनका जीवनकालभर व्यवहार हुँदैरहेको देखिन्छ ।

टिप्पणी

बक्सरको लडाइँ (इ. सं. १७६४) पछि मुगलबादशाह शाहआलम (द्वितीय) इष्ट इण्डिया कंपनीका संरक्षणमा इलाहाबादमा रहेका थिए । यिनीसंग गोर्खासरकारको वा नेपालसरकारको कुनै प्रकारको सम्बन्ध थिएन । यस अवस्थामा यिनबाट **श्री ५ पृथ्वीनारायण शाह**का नाममा फर्मान आउनु अचम्मको घटना देखिनआएको छ । यो फर्मान जैसीकोठामा रहेको देखिएको हुनाले पहिले यसको परिचय दिनु उचित देखिएको छ । सुनको जलपका बुट्टेदार किनारा भएको कागजमा कालो मसीले फारसीमा यो फर्मान लेखिएको छ । यसमा

कालनिर्देश गर्दा जुलुसको सन् १२ जीकाद महीनाको २५ तारीख मुताविक हिजरी सन् ११८४ लेखिएको छ। पिल्लेका इण्डियन इफे-मेरिज अनुसार हिजरी सन् ११८४ का जिकाद महीनाको २५ तारीखको दिन १२ मार्च, १७७१ मा पर्दछ। बादशाहले ताज पहिरेका सालदेखि उठान भएको सन् जुलुस कहिने हुनाले यी बादशाहले इ. सं. १७६९ मा ताज पहिरेको देखिनआएको छ।

फर्मानको लेख पुराना मुगलशैलीमा लेखिएको हुनाले त्यसबाट ठीकठीक अर्थ निकाल्न कठिन छ। उसमाथि त्यसमा लेखिएको फार्सी लेखबाट अनुवाद गराउनसकिएको छैन। यसकारण त्यसमा नत्थी भएको नेपाली भाषाको अनुवादको प्रतिलिपि, पाठकहरू-लाई विषयको बोध गराउनाका निमित्त, यहाँ दिनु आवश्यक देखिएको छ,——

श्रीः

इवारत विंतिमा पुग्यो

जुलुस्को सन् १२ जीकाद महिनाको २५ तारिष मुताविक् हिज्रि सन् ११८४ मा अमिरि र सर्दारिका दर्जा भयाका मर्दान्गी र दिलेरिक मर्तवा भयाका दर्वारमा नजिक् रहन्याहरूका सर्दार. भलो मनाउन्या यक् दिलहरूका वहाका वल् जवर्दस्त राज्यका षंव प्रकट भयाको वादशाहिलाई मदद दिन्या शान् र दव् दवाका निशानलाई षडा गर्न्या वडाई र सर्दारिका विछचाउनामा वस्न्या वाद शाहि भेदहरूका कठिन् कुरा बुझ्न्या मिजाज् चिन्ह्या काम्का भेद जांन्या निकम हलालि र अंत स्करणका दर्पन्को जौहर. सफाई र सच्चाईका वत्तिका जोति. वडा दर्जा भयाका षान्हरूका सर्दार वडा शान् भयाका अमिरहरूका सर्दार वलियो वंदोवस्त गर्न्या अमिर वडा दर्जा भयाको ठुलो मर्तवा भयाका अमिरहरूका सर्दार लडाञाका मयेदान्मा लड्न्या. वषशि युल् मुलुक्. कया मुद्दौला

हजुरमा विंति पुग्यो

अहमद षान् वहादुर कायम जंग शजावल् मुलुकका वजिरीमा र. अकास् समाना भयाका दर्वारका सानु षाना वाद मनि राम्ले वृत्तान्त्र लेष्न्या पालामा लेषिछकी. सूर्य्यजस्ता किरण भयाका जाहान्ले मांन्या वादशाहका हुकुम आयो कि फर्द तयार भई दफतर्मा पुग्यो महाराज पृथ्वीनारायण वहादुर शम्शेर जंगको पदवि हवस् जलुसको सन् १२ जीकाद महिनाको २५ तारिष्मा सहि गऱ्या वमोजिम् – – – – – – – – – – – –

दस्तषत् को शरह

भया बमोजिम सर्व ७

अमिरि र सर्दारिका दर्जा भयाका मर्दान्गीर दिलेरिका मर्तवा भयाका. दर्वारमा नजिक् रहन्याहरूका सर्दार भलो मनाउन्या यक् दिल् भयाकाहरूका वंहाका वल् जवर्दस्त राज्यका षंव. प्रकट भयाका वादशाहिलाई मदत दिन्या शान् र दव्दवाका निशान्लाई षडा गर्न्या वडाई र सर्दारिका विछ्याउनामा वस्न्या. वादशाहि भेदहरूका कठिन् कुर बुझन्या. मिजाज् चिन्ह्याकाम्मा भेद जांन्या. निमक हलालि र अंतस्करणका दर्पणका जोहर सफाई र सच्चाइका वत्तिको जोति. वडा दर्जा भयाका षान्हरूका सर्दार वडा शान् भयाका अमिरहरूका सर्दार वलियो वंदोवस्त गर्न्या अमीर वडा भयाका ठुला मर्तवा भयाका अमिरहरूका सर्दार लडाईका मयेदान्मा लड्न्या. वष्शि युल् मुल्क कया मुद्दौला अहमदषान् वहादुर कायम् जंग शजा वल् मुलक – – – – – – – – –

जात पांच हजारि र सवार चार हजारको पदवी सन् सदर

स्वादषास

फर्द तयार भई दफतर्मा पुग्यो गोर्षाको जमिदार . पृथ्वीनारायण मेहेर्वानी र कृपाको आस् राष्द छ की पांच हजारि र चार हजार सवारका जागीरमा महाराज पृथ्वीनारायण वहादुर सम्सेर जंगको

पदवि हवस् – – – – – – – – – –
वष्शि युक् मुल्कका दस्षत्को शरह यस्तो छ की स्वादषास्को वमोजिम
अमल् गर्नु – – – – – – – – – – –

यसमा लेखिए बमोजिम **'स्वादषास'** (सवादखास ?) अर्थात् वादशाहको मुख्य स्थान (इलाहाबादको कार्यालय) बाट निस्केको आदेशमा **"गोर्षाको जमिंदार पृथ्वीनारायण मेहेर्वानी र पदवि हवस्"** भन्ने **"वष्शि युल् मुल्कका दस्षत्को शरह यस्तो छ की स्वादषास्को वमोजिम अमल् गर्नु"** भन्ने पनि लेखिएको छ। फर्मानिका बीचमा वख्शी उल मुल्कको पूरा नामक **"कयामुद्दौला अहमद षान् वहादुर"** लेखिएको छ। **श्री ५ पृथ्वीनारायण शाह** आफूलाई गोर्खाका राजा भन्नसक्तथे; जमीन्दार भन्नसक्तैनथे। उनको बादशाह शाहआलमसंग र वख्शी कयामुद्दौलासंग पनि राजनैतिक सम्वन्ध भएको नेपालमा पाइएका कागजपत्रबाट देखिन्न। यसकारण उनले यस विषयमा आफ्नो कुनै लेख गिराएको देखिन्न। संभवत: पटनामा रहेका आफ्ना दूतले यो फर्मान काठमाडौंमा पठाइदिएका थिए र **श्री ५ पृथ्वीनारायण शाहले** भेट्टाएका थिए।

यस समयमा इष्ट इण्डिया कंपनीका कलकत्ता कौन्सिलले **श्री ५ पृथ्वीनारायण शाहसंग** खुसामद राख्नुपर्ने भएको थियो भन्ने कुरा मूलमा लेखिसकिएको छ। कलकत्ता कौन्सिलका गभर्नर कार्टियरले **श्री ५ पृथ्वीनारायण शाहलाई** बिना दाममा प्रसन्न गराउनाका निमित्त वादशाहका वख्शी कयामुद्दौलालाई अह्राएर यो फर्मान तयार गराई पटनाकोठीमा रहेका अंग्रेजहाकिमबाट त्यहीं रहेका नेपाली दूतका हातमा दिएर काठमाडौंमा पठाएको अनुमान हुन्छ।

यसमा **श्री ५ पृथ्वीनारायण शाहलाई** गोर्खाका जमीन्दार लेखिएको छ। मुगल वादशाहहरू हिमालयका राजाहरूलाई राजामा नगनेर जमीन्दारमा गन्दथे। बादशाह शाहजहाँका समयमा कुमाउँका राजा वाजबहादुर चन्दलाई यस्तै फर्मान दिंदा तराईका जमीन्दार भनेर लेखिएको थियो (कुमाउँका इतिहास, पृ. ६१)।

कलकत्ता कौन्सिलका गभर्नर कार्टियरले वख्शी कयामुद्दौलालाई आफ्ना मानिसद्वारा वा पत्रद्वारा अह्राउँदा **श्री ५ पृथ्वीनारायण शाह**लाई चारहजार सवार राख्नालाई जागीरका रूपमा पर्सादेखि महोत्तरीसम्मको तौरप्रगन्नाको भाग पर्नेगरी **'महाराज'** र **'बहादुर' शंशेर जंग'** को पदवी दिने कुरा लेखेको अनुमान हुन्छ। जागीर दिनालाई मुगलकालको ठूलो दर्जा मानिएको **'पंजहजारी'** भन्ने पदसमेत दिनुपर्ने आवश्यक देखेर बादशाहले र कयामुद्दौलाले फर्माएका होलान्। मुगलबादशाहहरू तलहट्टीको मालपोत उठाउनपाउने गरी जागीरमा लिने हिन्दू राजाहरूलाई **'जमीन्दार'** भन्दथे। यसै कारण वख्शी कयामुद्दौलाले **श्री ५ पृथ्वीनारायण शाह**लाई गोर्खाका जमीन्दार भनेर-लेखेको देखिन्छ।

तर मुगलसाम्राज्य काँचो धागो समान भएररहेको हुनाले **'पंजहजारी'** भन्ने खिताव दिने प्रथा पनि बन्द हुनलागेको थियो र संभवतः अन्तिम यही थियो। यसकारण **श्री ५ पृथ्वीनारायण शाह**ले यस पदको महत्त्व राख्तैनथे। तर, तलहट्टीलाई जागीरका रूपमा घुसाएर कलकत्ता कौन्सिलले जो कचिंगलको वीज रोपेको थियो त्यो **श्री ५ पृथ्वीनारायण शाह** र सुब्बा दिनानाथ उपाध्याय पनि जान्दथे। जागीरमा दिएको जमीन बादशाहको उत्तराधिकारी भएर कंपनीले जहिले पाए पनि बल पुगेमा झिक्नसक्तथ्यो। तर, **श्री ५ पृथ्वीनारायण शाह**ले तौतरप्रगन्नाको अम्वरपुरपट्टि रहेको भाग र यस प्रगन्नादेखि पूर्वपट्टिको विजयपुरको तलहट्टीसमेत आफ्ना दखलमा ल्याउने योजना र भारादार सैनिकसमेत तयार गरिराखेका थिए। यस अवस्थामा फर्मानको अनादर गर्नसकी समुद्रका बादशाहसंग लोलोपोतो गरी सदा **'घा'** राख्नु भन्ने आफ्ना नीतिलाई कायम राखेर जति सक्यो चाँडो अम्बरपुर र विजयपुर दखल भएपछि अंग्रेजहरूले पनि विरोध गर्नसकोइनन्भन्ने निर्णय गरेर उनले फर्मानलाई अपनाएको देखिन्छ। यसकारण **'पंजहजारीको'** पद र **'चारहजार सवारको जागीर'** भन्ने काला शब्दहरूलाई फर्मानबाट वाहिर ननिकाली लिफाफाभित्रै उनले बन्द राखेको देखिनआएको छ।

यो **'बहादुर शम्सेर जंग'** को पदवी उस बखत तलहट्टीको समस्या सुल्झाउन **श्री ५ पृथ्वीनारायण शाह**बाट ग्रहण गरिएको थियो तापनि यो वि. सं.२०१९ सालमा **श्री ५ महेन्द्र वीर विक्रम शाहदेव**बाट हटाइबक्सियो ।

पच्चीसवाँ परिच्छेद

सैनिक कम्पनीहरूको संगठन

श्री ५ पृथ्वीनारायण शाहले आफ्ना दिव्योपदेशमा "………लषनैवाट तिन् मुसल्माँ मेरो चाकरीलाई नुवाकोटमा पिछा परि आयाका थिया । इनै वन्दुक को तुल कलायेत तिनै मुसुर मानले जान्याको रहेछ र सेषजर वर ममतकि भेषासि तिनै जनालाई अजिटनी दिञाँ र तिलंगा सधयाको हो" भनेका छन् । यिनीहरू नबोलाइकन आएका होओइनन्, समयसमयमा बोलाउँदा आएका होलान् । 'भेषासि' भन्ने नाममा लेखाइ गलत भएकोले उच्चारण अशुद्ध हुँदा यिनको ठीक नाम र आएको समय पनि पत्ता लाग्नसकेको छैन । इ. सं. १७८७ (संवत् १८४५) मा तिबतमा आक्रमण गर्नजाने सैनिकदलमा अजिटन भएर जाने महमद तकी देखिएका हुनाले दिव्योपदेशका ममतकी यिनै देखिन्छन् १ । सम्वत् १८१२ (.इ सं. १७५५) मा सेख जोरावरलाई

श्री ५ पृथ्वीनारायण शाहले रु. १८०१। मा खेत १८ लगा डिहीसमेत रजबन्धकी दिएको देखिनाले दिव्योपदेशमा सेष जरवर भनी कहिएका यिनै जोरावर देखिनआएका छन् २ । उनताक आफ्ना खानगी-बाट घरखर्च कटाई रु. १८००। वचाउन निकै वर्ष लाग्नेहुनाले **श्री ५ पृथ्वीनारायण शाह**ले सबैभन्दा पहिले यिनैलाई बोलाएको देखिन्छ। तर, समय निश्चय गर्नसकिएको छैन । उनताक पत्थरकला बन्दूकका नाल, कान र पत्थरसमेत अलगअलग बनाई युरोपेली कालिगढहरू विक्री गर्दथे ३ । **श्री ५ पृथ्वीनारायण शाह**ले शेख जोरावरद्वारा खरिद गराई नुवाकोटमा कुन्दा समेत वनाएर वन्दूक तयार गर्ने, यिनै वन्दूकबाट गोर्खाली सिपाहीलाई तारो हान्नसिकाउने कामको अभ्यास गराएको देखिन्छ । तर, नौलो काम हुनाले गोर्खाली सैनिकले यो काम नरुचाएको हुँदा र कंपनी जमाउनपुग्ने बन्दूक र बारुद तयार हुननसकेको हुनाले शुरुमा यस काम राम्ररी हुनसकेको देखिन्न ।

श्री ५ पृथ्वीनारायण शाहले सैनिक कम्पनी खडा गरेको कथा तीन ठाउँमा गज्यांगमज्यांग पारेर भाषावंशावलीमा लेखिएको छ ४ । विचार गरी हेर्दा पहिले बंगाल-बिहारका नवाब कासिमअलि खानका सेनापति गुर्गिन खानका नेतृत्वमा आएको सेनालाई मकवान-पुरको लडाइँमा हराउँदा दुइ तोप र चारसय पचास जत्ति बन्दूक लूटमा आएपछि यिनै बन्दूकवाट **श्री ५ पृथ्वीनारायण शाह**ले पहिले श्रीनाथ र कालिबक्स कंपनीहरू खडा गराएका र इ. सं. १७६७ मा सिँधुलीका लडाइँमा अंग्रेजी सैन्यदललाई भगाई लूटमा आएका बन्दूक-बाट गोरख, बर्दवानी र सबुज तीन कंपनी त्यसै सालमा थपिएका देखिन्छन् । **'नाथ'** भनेर गोरखनाथलाई लिएर सम्मानका निमित्त पहिले **'श्री'** थपी **श्रीनाथ** भन्ने र गोर्खाली राजाकी इष्टदेवी कालीका नामबाट कालिवक्स नाम राखिएका देखिन्छन् । बर्दवानी शब्दको अर्थ विचारणीय छ । फार्सी भाषाका सब्ज शब्दको अर्थ हरियो हुनाले र संभवत: यस कंपनीका पगरी र पोसाक हरिया रंगका गराइएका हुनाले कंपनीको नाम सबज राखिएको र यही शब्द अपभ्रंश भएर सबुज वनेको देखिन्छ ।

श्रीनाथ र कालिबक्स कंपनी पहिले खडा भएका थिए तापनि सिँधुलीमा अंग्रेजको आक्रमण हुँदा गुरिल्ला लडाइँ बेगर जमेर लडेका सैनिकद्वारा शत्रुलाई हटाउन संभव नभएको हुनाले त्यहाँ यी दुइ कंपनीलाई प्रयोगमा ल्याइएको थिएन। काठमाडौं र भक्तपुरका राजधानीहरू दखल गर्दा यी कंपनीहरूको उपयोग गरिएको थियो र यी सफल पनि भएका थिए। पश्चिमका ठकुराइहरूमा अधिकार गर्नजाँदा काजी वंशराज पाँडे र वख्शी कहरसिंह बस्न्यातले एकएक कंपनी गोर्खाली सैनिक लगेका थिए तापनि चौबीसीराजाहरूका सैनिकले गुरिल्ला लडाइँ लडेर सतहूँका लडाइँमा गोर्खाली सैनिकको सर्वनाश गरी त्यहाँबाट हटेर ढोरमा आश्रय लिनआएका गोर्खाली सैनिक हतास भएर बन्दूक सौंपी घर फर्केका थिए। माझकिराँतमा आक्रमण हुँदा पनि दुइ कंपनी गोर्खाली सैनिक पुगेका थिए।

श्री ५ पृथ्वीनारायण शाहले दिव्योपदेशमा सय नाल बन्दूक भएको कंपनी खडा गर्नू भनेर आफ्ना अन्तिम समयमा भनेका छन्। तर, यस समयमा कंपनी खडा भएको र तिनको लडाइँमा उपयोग भएको दस वर्ष भइसकेको थियो। यसबीचमा एक कंपनीमा पूरा सय नाल बन्दूक प्रत्येक कंपनीमा भइसकेको हुनामा सन्देह छ र भविष्यमा पूरा सय नाल बन्दूक हउन् भन्ने यिनको अभिलाषा देखिन्छ।

कंपनीका मुख्य अफिसर सुबेदार हुन्थे। सुबेदार भर्ना गर्दा चार पाँच लडाइँमा जस पाइसकेका सैनिकलाई जाँची **'राजा'** आफैले भर्ना गर्नू भनेर **श्री ५ पृथ्वीनारायण शाह**ले दिव्योपदेशमा भनेका छन् [५]। उनका समयका विश्राम खवास, कीर्तिसिंह खवास आदि चार सुबेदारका नाम यस समयमा कागज-पत्रमा पाइन्छन्। यिनीहरूलाई **श्री ५ पृथ्वीनारायण शाह**ले जाँचेर नै भर्ना गरेका थिए भन्ने कुरामा सन्देह रहँदैन। सुबेदारमनिका सात पगरी भर्ना गर्दा लडाइँमा दुइ-चार वाढ (तरवार र खुकुरीको चोट) खाएका सैनिक सात पगरीमा भर्ना गर्नू भनी उनले दिव्योपदेशमा भनेका छन् [६]। सात पगरी भनेका बन्दूक नभिर्ने जमादार ४ कोत्या हवल्दार १ अगाडि निसान

(झण्डा बोक्ने) १ पछाडि निसान १ समेत जम्मा सात जना देखिन्छन् ७ । **श्री ५ पृथ्वीनारायण शाह**ले दिव्योपदेशमा सात पगरीले १६ हुद्दा हाल्नू भनेका छन् ८। हुद्दा भनेका हवलदार हुन्‌भनेर सात पगरीभित्रका चार जमादारलाई भनेको देखिन्छ ९ । सुबेदार र जमादार तरवार भिर्ने र हवलदार बन्दूक लिने हुनाले प्रत्येक जमादारले आफ्ना-आफ्ना पट्टिमा चार हवलदार भर्ना गर्ने नियम भएको देखिन्छ। **श्री ५ पृथ्वीनारायण शाह**ले १६ हुद्दाले सिपाही भर्ना गर्दा आफूसंग **'मर्न्या-मार्न्या'** जाँची भर्ना गर्नू भनेर दिव्योपदेशमा भनेका छन् १० । यस हिसाबले १६ हवलदारले १०० जना सिपाही भर्ना गर्दा प्रत्येक हवलदारले ६ सिपाहीका दरले भर्ना गर्दा १०० सिपाही पुग्दैनन् । यस कारण १०० भन्ने मोटामोटी संख्या देखिन्छ । एक हवलदारले पाँच जना सिपाहीका दरले भर्ना गरी आफ्ना पट्टीमा राख्दा हुन् भन्ने अनुमान गर्नसकिन्छ ११ । यी वाहेक भारी खेप्ने कामका पिपाका जमादार १, पिपा २१ र वाजा वजाउने दमाई ६ लोहार, सार्की, सिकर्मी समेत पाँच जना, लेखपढ गर्ने बहिदार एक र गीत गाउने भाट पनि कंपनीका अंग भएर रहँदाहुन् भन्ने अनुमान गर्नसकिन्छ १२ ।

श्री ५ पृथ्वीनारायण शाहले आधा पत्थरकला आधा खुँडा बनाएको हो भनी दिव्योपदेशमा लेखिएको छ १३ । पत्थरकला बन्दूक भएका कंपनीलाई खुँडावाला गुरिल्ला सैनिकले हटाउनसक्ने हुनाले शत्रुले गुरिल्ला लडाइँ छेडेमा हटाउनाका निमित्त आफ्ना सैनिकदलमा पनि खुँडाधारी गुरिल्ला सैनिक राख्नु आवश्यक अनुभव गरेको देखिन-आएको छ । गोर्खाली राजा, चौतारा, काजी, सर्दार, सुब्बा सुबेदार-देखि लिएर पिपा वानादारतक सबैका निमित्त खुकुरी आवश्यक थियो।

श्री ५ पृथ्वीनारायण शाहले दिव्योपदेशमा **"सिपाहीहरूको घर खेत मिलाई दिनू"** भनेका १४ छन् । यहाँ **'खेत'** भनेर सिपाहीका खानगीमा भर्ना हुने खेतलाई लिएको देखिन्छ । कंपनीका सिपाहीहरू आफ्ना गाउँमा नरही आवश्यक ठाउँमा रहनेहुनाले उनका घर भएका ठाउँका खेत ज़ागीरमा भर्ना दिएमा उनका परिवारले कमोत गरी दुवै



गोर्खा दरबार र
कालिकाको मन्दिर

बोटी (मोहीबोटी र तर्लसिंगबोटी) खानपाउँछन् र सिपाहीहरू बेफिक्री भएर आफ्नू कर्त्तव्य पूरा गर्छन् भन्ने **श्री ५ पृथ्वीनारायण शाह**को निर्णय देखिन्छ । खानगी खाने सिपाहीले अरू महीनावारी तलव पाउँदैनथे । खानगीको खेतको आयस्ता धान विक्री गरी छाउनीमा रहँदाको खर्च चलाउनुपर्दथ्यो १५ । आरम्भमा सर्दारसरह सुवेदार-हरूले धान उठ्ती हुने खेत भर्ना पाएका होलान् । तर जमादार, हवलदार र सिपाहीहरूमा आधा जतिले खानगी नपाएर महीनावारी तलव पाउनेगरेको अनुमान हुन्छ । सुबेदार, जमादार, निसानबाहेक अरू बन्दूक लिने सिपाहीहरूलाई जग्गा भर्ना दिने काम विस्तारविस्तार हुँदैरहेको होला । एकै पल्ट जग्गा भर्ना दिइएको थिएन । पिपा, वाना-दार, लोहार, सार्की, सिकर्मी र बहिदारलाई समेत महीनावारी तलव दिने नियम रहेको होला । खुँडावाल सैनिकहरूलाई पनि महीनावारीकै बन्दोवस्त रहेको होला । वन्दूकधारी कंपनी र खुँडावाल सैनिकदल तयार भएपछि पनि धनुकाँडको व्यवहार गर्ने सैनिक पनि वचेररहेकै थिए । सरदर कंपनीका सैनिक र खुँडावाल सैनिक जति हुन्थे लगभग उत्तिकै धनुकाँडधारी सैनिक रहन्थे १६ ।

श्री ५ पृथ्वीनारायण शाहले आफ्ना दिव्योपदेशमा मामाले अर्ती दिनुभएको भनेर "**वाहुनको सवार भनेको वयल हो, पातक लाग्छ । ठकुरीको सवार भनेको सिंह हो, पछाडि दगा हुन्छ । मगरको सवार भनेको टाँगन घोडा हो ढीलो हुन्छ । खसको सवार भनेको ताजी तुर्की घोडा हो खसको सवार गरे चांडो होला भने जस्तो लाग्छ**' । यी वाक्य बोलेका थिए । यी तेत्तीस वर्ष पहिलेका मामाका अर्ती उनले सम्झेर दिव्योपदेशमा बोलेका थिए । परन्तु, आफ्ना अनुभवबाट चाहिं अन्तिम समयमा दिव्योपदेश दिंदा उनले "**खस, मगर गुरुङ र ठकुरी भर्ना गर्नू**" भन्दै सबैजातका मानिसहरूलाई सेनामा सम्मिलित हुने मौका दिए । आफ्नो राज्यकालमा पनि उनले ब्राह्मण, जैसी ठकुरी, गुरुङ, क्षेत्री, मगर इत्यादि सबै जातका मानिसलाई सेनामा भर्ना हुने समान अवसर दिएका थिए । पछि ब्राह्मण सेनामा भन्दा अरू

नै काममा योग्य सावित भएकाले उनले खस, मगर, ठकुरी गुरुंगलाई सेनाना हाल्न ज्यादा जोडदिएका थिए । गोर्खाली सेनाको जग उमले यसरी वबलेका थिए १७ ।

श्री ५ पृथ्वीनारायण शाहका नियमअनुसार सिपाही भर्ना गर्दा धेरैजसो कृषकहरूबाट वलियाबाङ्गा, निरोगी नवयुवक लिइन्थे। सिपाहीमा भर्ना भएपछि कृषिको काममा यिनलाई लाग्ननदिएर यिनका परिवारलाई मात्र लगाउँथे १८ । उनी सिपाहीलाई हक्की वनाउँथे र कसैका मुलाहिजातिर लाग्न दिँदैनथे १९ । उनी सिपाहीहरूले नूनको सोझो गरून् गुडतिर (आर्थिक दुराचारतिर) नलागून् भन्ने विषयमा बडो विचार राख्थे । हतियार लिने सैनिकका अगाडि हतियारको काम नजान्ने कृषक, कालिगढ, व्यापारीहरू डराउनु स्वाभाविक थियो । तर, यस तरह सामान्य नागरिकमा त्रास फैलिरहेको खण्डमा देश नै दुर्वल हुन्थ्यो । यस कुराको बचाउका निमित्त **श्री ५ पृथ्वीनारायण शाह** जनता र सैनिकमा परस्पर मेल गराई हातेमालो गराइराख्तथे २० । उनी आफूले बनाएका नयाँ नेपालको दिनपरदिन वढती भइरहोस् र यो नासिननपाओस् र पूर्णले सुरक्षित रहिरहोस् भन्ने विचार र चिन्ता लिइरहन्थे ।

टिप्पणी

१– अर्थमन्त्रालय अन्तर्गत लगत फाँटमा रहेका बहादुर शाहका प्रशासन कालका लालमोहर (नं. ६०२) का पंजिका-अनुसार ।

२– तेस्रा परिच्छेदका टिप्पणी नंबर एक अनुसार ।

३– श्रीकृष्ण पाध्या र जयमंगल पाध्याका नाउँमा भएका संवत् १८६२ साल ज्येष्ठवदि १२ रोज ७ का लालमोहर अनुसार (पोखरेलको वंशावली विराटनगरबाट प्रकाशित, पृ. १९९) । यसमा मुंगेरतिर बन्दूकका कान, नाल र पत्थरसमेत किन्नपाइने कुरा

लेखिएको र किनेरल्याउने आज्ञा पनि दिइएको छ । यी पोखऱ्यालहरू **श्री ५ पृथ्वीनारायण शाह**का सहायक हरिनन्दका वंशका हुनाले र यस समयमा शक्तिशाली भइसकेको अंग्रेजसरकारको समयमा लुकीचोरी बन्दूकका नाल, चाप र पत्थर किन्नुपर्ने यस लालमोहरबाट देखिएको छ । यस समयभन्दा ३५ वर्ष जति पहिले **श्री ५ पृथ्वीनारायण शाह**का समयमा खुल्लमखुल्ला खरिद विक्री हुनु स्वाभाविक छ ।

४– (क) "... ... ...**वनिया राजा भागी हरिहरपुर गया । मकवानपुर गोर्षाको फत्य भयो सात सय चापवाला वन्दुक अरू षर षजाना हात लाग्यो र यसै सालमा श्रीनाथ वर्जवानी सुवुज गोरष कालिवक्स ५ कंपनी जमाई भैरविका स्थान्मा निसान् चढाउनु भयो**" (पृ. ३६२)

(ख) "... ... ...**साना तोप् २ बम् १ वन्दुष ४।५ सय हात लाग्यो हाम्रो गोर्खाको फत्य भयो गुर्विषा भाग्यो ताहिका वन्दुष आया पछि कंपनी जमाउनाको सुर गर्नुभयो**" (पृ. ३६४–६५)।

(ग) "... ... ...**निदान्मा गोर्षाको फत्य भयो वंदुक धेरै असवाफ षजाना हात लाग्यो पल्टंको मुषत्यार हाडि साहेवलाई पनि घा लागी भागी गयो इनै वंदुकले सवुज वर्जवानि पुराना गोरष थप गरि वन्यो**" (पृ. ३६९) भाषावंशावली–

५– "... ... ...**सयै नालका सुवेदार चार पाच लडायीमा जस पाई आयाका यस्ता आफुले जाचि सुवेदार हाल्नु**"

६– "... ... ...**सुवेदारले पनि सात पगरि दुई चार वाढ षायाका यस्ता सात पगरि हाल्नु**" दिव्योपदेश ।

७– अर्थ मन्त्रालय अन्तर्गत लगतफाँटमा रहेका वहादुर शाहका प्रशासनकालका संवत् १८४५ आषाढवदि १ का लालमोहर (नं. ५९५) मा तारादल कंपनी खडा गर्दा गरिएका दरबन्दीमा जमादार ४, कोत्या हवलदार १, निसान २ लेखिएको छ । यी सात पगरी **श्री ५ पृथ्वीनारायण शाह**का समयदेखि चलेरआएका अनुमान गरिएका छन् ।

८– "सात पगरिले स्वह्न हुदा हाल्दा आफुसित मर्न्या मार्न्या जाचि स्वह्न हुदा हाल्नु" दिव्योपदेश ।

९– माथि लेखिएका लालमोहरबमोजिमका तारादल कंपनीका दरवन्दीमा १६ हुद्दाका बदलामा ८ हवलदार र ८ अमलदार लेखिएका छन् । **श्री ५ पृथ्वीनारायण शाह**का समयमा सोह्र जना हुद्दा कहिन्थे र पछि यिनलाई दुइ भागमा बाँडेर हवलदार र अमलदार गराएको देखिन्छ । यहाँ सजिलोको निमित्त सबैलाई हवलदार भनिएको छ ।

१०– "१६ हुदाले पनि आफुसित मर्न्या मार्न्या जाचि सिपाहि हालि आफ्ना_आफ्ना पट्टि भर्ना गर्नु" –दिव्योपदेश ।

११– माथि लेखिएका तारादल कंपनीका दरबन्दीमा सिपाहीको संख्या ८५ लेखिएको हुनाले यो अनुमान गरिएको हो ।

१२– माथि लेखिएका तारादल कंपनीका दरबन्दीमा पिपाका जमादार १, पिपा २१, तवल्या १, तास्या २ मार्फा २, भेरी १ लोहार २, सार्की २, कर्मी १ लेखिएका छन् । बहिदारको परम आवश्यक हुनाले र उस समयमा सैनिकलाई उत्साहित गराउने भाटको पनि आवश्यक हुनाले यी दुइ थप जागीरदार यहाँ अनुमान गरिएका छन् ।

१३– "नेपालको किताप हेर्दा तुरकाना मंग्रात् मुग्लाना हुन्या रहेछ र तुरकाना अघि भइ गयेछ मगरात्को राजा मैंहुं । मुग्लानाको दोष मेटनालाई आधा थुम मेटी कंपनी जमायाको हो । आधा षुडा आधा पथरकाला वनायाको हो" –दिव्योपदेश ।

श्री ५ पृथ्वीनारायण शाहले कुन किताब हेरे सो पत्ता लगाउन-सकिएन । उनले जुनसुकै कितावहेरेका भए पनि इ. सं. १३४९ मा तुर्कसुलतान शमसुद्दीनले काठमाडौं उपत्यकासम्म आई आक्रमण गरेको घटना थाहा पाएका रहेछन् भन्ने निश्चय हुन्छ । अरू वाक्यका अर्थ स्पष्ट गर्नसकिएको छैन ।

१४– "उप्रान्त जढ कुरो_राजालाई चाहिन्छ सिपाहिहरूको घर षेत् मिलाई दिनु र मल जल गर्छन र दुवै वोटि भित्र हाल्न

पाउछन् र कबिलाको निर्फिक्री हुन्छ । ढोकामा भया पनि गौडामा भया पनि सिपाहिहरुको छाति वलियो रहन्छ" –दिव्योपदेश ।

१५– अर्थमन्त्रालय अन्तर्गत लगतफाँटमा रहेका बहादुर शाहका प्रशासनकालका संवत् १८४५ साल आषाढवदि ३० का लालमोहर (नं. ५९९) मा रणभीम कंपनीका खेत नपुगेका सिपाही १६ के महिनावारी तलब ९६ र पिपा ७ के तलब २५ लेखिएको छ। कंपनीका खेत खानगी खाने अरू जागीरदारको उल्लेख गरिएको छैन। यसकारण स्थायी कंपनीहरूमा ज्यादाजसोलाई खानगीमा खेत भर्ना गर्ने गरेको र खेत नपुगेकालाई अर्को खेत भर्ना नभएसम्म महीनावारीका हिसावले नगदी दिने नियम भएको देखिन्छ । **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको चौध वर्षपछि स्थायी कंपनी भइसकेका रणभीम कंपनीमा पनि केही सिपाही र पिपालाई जग्गा भर्ना भइसकेको थिएन भने **श्री ५ पृथ्वीनारायण शाह**का समयमा खडा भएका पाँच कंपनीका आधा जतिलाई खेत भर्ना गएको र आधा जतिलाई महीनावारी तलब दिनेगरेको अनुमान हुन्छ । **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको चौध वर्षपछि राजकोषमा धन-धान पूरा भएका समयमा सुबेदार के वार्षिक रु. ४१२, अजिटनके रु. ५४०, जमादारके रु. २००, कोते हवलदारके रु. १३२, निसानके रु. १०२, हवलदारके रु. १०२, अमलदारके ९६, सिपाहीके रु. ७२, पिपाको जमादारके रु. ७२, पिपाके रु. ६०, तवल्याके रु. ७२, तास्याके रु. ६०, मार्फाके रु. ४८, भेरीके रु. ७२, लोहार के रु. ७२, सार्कीके रु. ६०, कर्मीके ६० लेखपढ गर्ने जैसीके रु. १०८, दरबन्दी देखिनाले **श्री ५ पृथ्वीनारायण शाह**का समयमा पनि यही दरबन्दी होलाभन्ने अनुमान हुन्छ । संवत् १८४५ मा नै गोर्खानिवासी बिलोचन रानालाई खुँडा ३५ बन्दूक १० र धनु १० लिने सिपाही भर्ना गर्नाका निमित्त थुम २ र खेत ३१।८० जागीर दिएको देखिनाले (नं. ६५२) मातवर अफिसरका जिम्मा पाखो र ख़ेतसमेत जिम्मा दिई अफिसरले नै उठाई सिपाहीहरूलाई नगदी बाँडिदिने व्यवस्था पनि **श्री ५ पृथ्वीनारायण शाह**का समयदेखि

नै यत्रतत्र प्रचलनमा आएको देखिन्छ ।

१६– अर्थमन्त्रालय अन्तर्गत लगतफाँटमा रहेका बहादुर शाहका प्रशासनकालका संवत् १८४५ आषाढवदि ३० का लालमोहर (नं. ५५६) बाट मीर नजर अलि बानदारलाई मासिक रु. २५ र अरू बानदार १६ जनालाई मासिक रु. ५ देखि ७ सम्म र धनुकाँड खेप्ने भरिया ६ के जनही मासिक रु. ५ को दर ठेकिएको देखिन्छ । धनुकाँड बनाउने र चलाउने बानदारहरूमा एक जना नगरकोटी, दश जना मुसलमान चार जना पंजाबी हिन्दू एक जना सिख देखिन्छन् । यस समयमा धनुकाँड बनाउन र मरम्मत गर्न बहादुर शाहले १६ जना मुगलानियाँ झिकाएको यस लालमोहरबाट देखिन्छ । परन्तु **श्री ५ पृथ्वीनारायण शाह** मुगलानियाँलाई नेपालको सैनिक रहस्य खोल्दैनथे । जे भए पनि **श्री ५ पृथ्वीनारायण शाह**का अन्तिम समयसम्म धनुकाँड भिर्ने सैनिक कायम नै थिए । यिनीहरूलाई शायद पहिलेदेखि नै महीनावारी तलब मिल्दथ्यो ।

१७– **"पट्टि पट्टिमा सिपाहि पनि षस् मगर, गुरुं ठकुरि इनै चार जात मात्रै षिचाला गरि हाल्नु र तर्वार पर्दा साह्रो हुन्छ । लुहा च्यापन्या पनि यिनै चार जात मात्रै हुन् र तर्वार पर्दा साह्रो हुन्छ"** –दिव्योपदेश ।

१८– सिपाहीका खानगीमा घरका नजिकको जग्गा मिलाइदिने र दुवै बोटी खानपाउने कुराको उपदेश दिएको वृतान्त लेखी सकिएको छ । सिपाहीहरूले छाउनी छोड्ननपाउने हुनाले उनले खेतीपातीको काम परिवारलाई सुम्पनुपर्ने गराएका थिए ।

१९– **"सिपाही भन्याको तिषारि राषनु । तिषारि राष्याका सिपाहि कसैका मलाजामा पस्तैनन् र आफ्नो काज फत्य हुन्छ"** –दिव्योपदेश ।

"तिखारी राख्नू" भनेको हक्की बनाउनू भन्ने अर्थ देखिन्छ । हक्की सिपाही अरूका मुलाहिजामा नलाग्नू स्वाभाविक छ ।

२०– **"राजाका सार भन्याको सिपाहि र रैतिहरू हुन् । राजा**

चतुर भया सिपाहि र रैति हात हात गरि राष्नु र हुल कुल् हुन पाउदैन ।"

राजाको चतुराइ भया सिपाहि रैति हात गरि राषनु । कसैका मलाजा पछि गुणपछि लाग्नु नदिनु । मुन् पछि लाउनु" । 'नून'

सिपाही र रैतीको परस्परमा सहयोग भएमा हूल (दंगा) र कुल (विद्रोह) हुन पाउँदैन भन्ने उपदेशको सार देखिन्छ। 'नून' को अर्थ सुपथ कमाइ र 'गुड' को अर्थ दुराचारद्वारा गुप्ती तवरले गरिएको कमाइ देखिन्छ ।

छब्बीसवाँ परिच्छेद

जागीरदारलाई सदाचारी बनाउने व्यवस्था

मुगलसभ्यताका साथसाथ हाम्रा भाषामा अरबी भाषाको "**ईमान**" शब्द र फार्सी भाषाको '**दार**' प्रत्यय जोडिएको इमान्दार शब्द पनि आएको छ। इमानको अर्थको विपरीत अर्थ बुझाउनलाई फार्सी भाषाको '**बे**' उपसर्ग जोडिएर बेइमान शब्द पनि व्यवहार हुँदैआएको छ। इमानको अर्थमा संस्कृतभाषामा सदाचार र इमान्दारका अर्थमा सदाचारी शब्द व्यवहार हुन्छन् । सदाचारका विपरीत अर्थमा दुराचार शब्दको र सदाचारीका विपरीत अर्थमा दुराचारी शब्दको व्यवहार हुन्छ। **श्री ५ पृथ्वीनारयण शाह**का समयसम्ममा दुराचारभन्दा घृणित कार्य बहुत कम हुन्थे र यस अर्थमा व्यवहार हुने अर्को शब्द बनाउनुपर्ने प्रयोजन भएको थिएन। पाश्चात्य सभ्यताको प्रभाव

आएपछि दुराचारभन्दा घृणित कार्यका साथसाथ यस घृणित अर्थमा व्यवहार हुने **'करप्ट प्राक्टिस'** शब्द पनि आएर यस अर्थमा व्यवहार गर्नाका निमित्त संस्कृत शब्द 'भृष्टाचार' शब्द व्यवहार हुनलागेको छ तापनि **श्री ५ पृथ्वीनारायण शाह**का जीवन-चरित्रमा यो शब्दको व्यवहार आवश्यक देखिंदैन ।

वर्तमान समयमा जागीरदार शब्दको व्यवहार हुँदैछ । तर, **श्री ५ पृथ्वीनारायण शाह**का समयका ढाक्रे शब्द व्यवहारमा सुनिनछोडेको छ । नेपाली शब्द-कोशमा ढाकर शब्दको अर्थ थेप्चो डोको र चोयोको पिंजरा लेखिएको देखिन्छ; ढाक्रेको अर्थ ढाकर बोक्ने भरिया वा जागीर नभएको व्यक्ति हो । ढाकर र जागीरको कुनै प्रकारको सम्वन्ध छैन तापनि जनसाधारणमा जसको जागीर हुँदैनथ्यो उसले ढाकर (डोको) बोकेर वृत्ति चलाउनुपर्थ्यो । यसकारण जागीर र ढाकरको नित्य सम्वन्ध हुनआएको छ । तर, **श्री ५ पृथ्वीनारायण शाह**का समयमा पनि जागीरदारभन्दा हजारौं गुना ज्यादा ढाक्रे व्यक्ति हुन्थे । तैपनि जागीरे र ढाक्रे भन्ने परस्पर विरोध अर्थमा व्यवहार हुनेगरी व्यवहारमा चल्नु अनौठा व्यवहार चल्दैआएको थियो ।

श्री ५ पृथ्वीनारायण शाहका समयभन्दा पहिलेदेखि नै गोर्खा-राज्यमा र चौबीसीठकुराइहरूमा पनि प्रत्येक वर्ष शरदऋतुका आरम्भदेखि हेमन्तऋतुका समाप्तिसम्ममा चौतारादेखि लिएर पिपातकको पजनी हुन्थ्यो । यो नियम मुगलको अनुकरण थियो । मुख्यमुख्य भारादारहरू र अरू राजकर्मचारीहरू पनि संभव भएसम्म राजदरबारमा हाजिर भई र नभएमा पत्रद्वारा जागीरदारहरूको वर्ष दिनको काम र शारीरिक बलको विचार गरी पदवृद्धि, थमौती, बर्खासी र स्थान परिवर्तन हुन्थ्यो । बर्खास्त भएका मानिसलाई भत्ता दिने व्यवस्था थिएन । जुनजुन जागीरदार सदाचारी हुन्थे र परिमित धन पनि कमाउँथे तिनलाई कमाएको धन आफू खुशी सूदखोरीमा लाउननदिई **श्री ५ पृथ्वीनारायण शाह** रजबन्धकी गरी रैकर जमीन दिन्थे [१] । जुन जागीरदारले रजबन्धकी जग्गा लिनपाएका हुँदैनथे उनले परिमित



मनकामना माईको स्थान गोर्खा

मात्रामा बिर्ता खरीद गर्नसक्तथे । जुन विशिष्ट जागीरदारले बिर्ता खरीद पनि गर्नसक्तैनथे उनका निम्ति आलोपालो गरी मरातप (अस्थायी वृत्ति) दिइन्थ्यो २ ।

दुराचारको एक कारण जुवा हो भन्ने कुरा **श्री ५ पृथ्वीनारायण शाहले** बुझेका थिए । यसकारण उनले आफ्ना राज्यभरमा बिलकुलै वन्द गराएका ३ थिए । मनुष्यमात्रले जीवनवृत्तिका निमित्त उचित मात्रामा धन नबटुली हुँदैन । उचित मात्रालाई नाघेर धन बटुल्ने मनुष्य सदाचारबाट गिरेर दुराचारी भई पथभ्रष्ट हुन्छ र दुर्व्यसनमा लागी बेकम्मा पनि हुन्छ, आफूमात्र होइन आफ्ना सन्तानलाई पनि बेकम्मा गराउँछ भन्ने समाज-विज्ञानको मूलतत्त्व **श्री ५ पृथ्वीनारायण शाहले** पहिचनेका थिए ४ । यसकारण उनी समग्र जागीरदारलाई उनको घर खर्चलाई पुग्ने र थोर बहुतमात्र जगेडा रहनेगरी जागीरमा जग्गा (खेत) पुगेसम्म जग्गा नै र नपुगेको जत्ति नगदी रुपैयाँ दिन्थे ५ । लडाइँमा मर्ने भारादारदेखि उनी सिपाहीतकका छोराहरूलाई ऊ वालक भए बाबुको खानगी **'मरवट'** का रूपमा दिन्थे र उनका शिक्षा र रक्षाको प्रबन्ध पनि सरकारतर्फवाट मिलाई योग्य उत्रेकालाई उमेर पुगेपछि त्यो मरवट जग्गा जागीरमा भर्ना गरिदिन्थे र नपुगेमा अरू रैकर जग्गा वा नगदी रुपैयाँ खानगीमा थपी दिन्थे ६ । **श्री ५ पृथ्वीनारायण शाहका** यस प्रबन्धले गर्दा काजी कालू पाँडेका, सर्दार शिवरामसिंह वस्न्यातका र उमराव भीमसिंह थापाका छोराहरू नामी योद्धा र प्रवन्धकुशल पनि वनेका थिए । भारादारदेखि लिएर सामान्य सैनिक-सम्म पनि लडाइँदेखि डराउँदैनथे र **'लडाइँ'** खेल्नुभन्दथे । भोगविलास र सोख सयलपट्टि भारादारदेखि सिपाहितक नलागेका हुनाले लडाइँमा हार कम हुन्थ्यो । साँगाचोकका लडाइँमा, कीर्तिपुरका दुइ लडाइँमा र सतहूँका लडाइँमा गोर्खालीको हार भए तापनि यी हारहरूका कारण पत्ता लगाएर भूलसुधार **श्री ५ पृथ्वीनारायण शाहले** गरिरहेका हुनाले उनका भारादार र सैनिकहरूले उनका जीवनकालसम्म कसैले पनि पलायन वृत्ति लिएका थिएनन् (देखिंदैन) ।

श्री ५ पृथ्वीनारायण शाहका काजी सर्दारदेखि लिएर सिपाहीतक उनको वफादारीमा रही उनको आत्मादेखि उनीप्रति मरिमिट्ने भएकाले उनी सैनिकहरूको गुन भुल्नसक्तैनथे र उनीहरूले मारिने अपराध गरेमा पनि आफू मार्दैनथे र मरातप दिई लडाइँमा पठाइदिन्थे ७। बिराम गरी मरातप खाने मानिस लडाइँमा मरी गयो भने उचित दण्ड पायोभनेर उनी चुप लाग्दथे ; यदि लडाइँमा राम्रो काम गरेर बाँची आयोभने उनी पुरानो कसूरलाई क्षमा गरेर मरातपलाई खानगीमा भर्ना गरी जागीरमा उकालिदिन्थे। उनको यसै नीतिले गर्दा गोर्खाली सेना दिनपरदिन बलवान् भएको हुनाले उनका जीवनकालका आखिरमा चौबीसीठकुराइहरूको जग खलबलिइसकेको थियो र बाइसीठकुराइका जग पनि हल्लिनलागेको थियो।

टिप्पणी

१– अर्थमन्त्रालय अन्तर्गत लगतफाँटमा रहेका लालमोहरका पंजिकाबाट सम्वत् १८२१ मा तुलाराम पाँडेलाई रु. ११०१ मा उनको खायल प्यास खोट र कृष्ण अधिकारीको खायल समेत गरी जम्मा खेत २।२० लगा डिही गाउँ घडेरीसमेत **श्री ५ पृथ्वीनारायण शाहले** रजबन्धकी गरिदिएको देखिन्छ ।

उस समयमा पाखाडिहीको मोल वहुत कम हुन्थ्यो । खेतको मोल नै ज्यादा हुन्थ्यो । दुइ खेत बीस मुरी अर्थात् पचपन्न रोपनीमा आधा जति तुलाराम पाँडेको पैतृक संपत्ति भएमा त्यसलाई र कृष्ण

अधिकारीका खायललाई समेत गरी रु. ११०१ मा बन्धक लिंदा एक रोपनी खेतलाई बीस रुपैयाँका दरले लिएको देखिनआएको र एक रोपनी खेतमा दोयमका हिसाबले तीस पाथी तिरो आउने जग्गा बीस रुपैयाँमा वन्धकी लिएको हुनाले एक रुपैयाँको बाह्र माना ब्याज लिने सामान्य चलन देखिनाले उस समयमा रुपैयाँको अर्घ अचेलभन्दा ज्यादा बढी देखिन्छ । उनताक गोर्खामा एक रुपैयाँको एक मुरी धान खरिद विक्री गर्ने चलन हुनाले तीस पाथी धानको रु. १।। पर्ने हुँदा सयकडा रु. ७।। को ब्याज परेको हुनाले यो दर दसौंदभन्दा कम भए पनि मुनासिव माफिकको दर देखिनआएको छ । आफूले कमोद गरेको जग्गाको सरकारलाई तिरो तिर्ननपर्ने र आफ्ना छिमेकका जग्गाको धानै तिरो आई परिवारका निमित्त अन्नसंकट मेटिनेहुनाले तुलाराम पाँडेलाई अन्यत्र सुदखोरीतिर लाग्नुनपर्ने अवस्था गराइदिएको देखिन्छ।

काजी तुलाराम पाँडे सम्वत् १८११ देखि १८१९ आधाआधीसम्म पूरा आठ वर्ष दोलखाका हाकिम भएररहँदा पनि उनले रु. ११०१ मात्र बचाउनसकेको देखिन्छ । तर,उस समयका रुपैयाँका अर्घ अनुसार यति धन प्रशस्त भन्नुपर्दछ ।

२– **"पांडे वस्न्यात पंथ भैयाद मग्रलाई मरातप दिदा आलो पालो गरि षान दिनु ।"**

३– काठमाडौंका वर्तमान समयमा वसन्तपुर कहिएका राजदरबार वास्तवमा **श्री ५ प्रतापसिंह शाहले** सिंहासनमा बसिसकेपछि **'विलास मन्दिर'** भन्ने नाम दिएर बनाएको देखिन्छ । तर पनि शिलालेख-का निर्माताले त्यसमा **श्री ५ पृथ्वीनारायण शाहले** आफ्ना राज्यभरमा जुवा बन्द गरेका थिए भन्ने वाक्य संस्कृतभाषामा अंकित गरेका छन्, **"पृथ्वीनारायणेशो ... ...जयति निजधरावारितद्युतदोषः"**

४– **"क्या चुनी सिपाई भया क्या भैभारादार भया इनलाई दवलथ कमाउन नदिनु । आदमी हेरि हुर्मत् मात्रै राषी दिनु क्यान भनौला दवलथ् भयाकाले तरवारमा पसि मार्न सकैनन् र हरिपको चमक हुन्छ । सिपाहि भैभारादारले स्वष गर्‍यानन् भन्‍या**

चारै कुट्मा मेरो तरवार वजनैछ" –दिव्योपदेश ।

५– अभाग्यवश **श्री ५ पृथ्वीनारायण शाह**का समयका पाँच कम्पनीका र चौतारा काजी कपर्दार र सर्दार आदिका खानगीका खानगीढड्डा भेटिनसकेका छैनन् । **श्री ५ पृथ्वीनारायण शाह**का देहान्त भइसकेपछि **श्री ५ रणबहादुर शाह**का राज्यकालमा र वहादुरशाहका प्रशासनकालमा खडा भएका रणभीमकम्पनीका सुबेदार आदिका खानगीमा ज्यादाजसो जग्गा नपुगेकोमा नगदी दिएको उल्लेख भएबाट माथि लेखिएबमोजिमका यहाँ **श्री ५ पृथ्वीनारायण शाह**का समयमा पनि जग्गा र नगदीसमेत गरी खानगी बाँधिएको कुरा अनुमान गरिएको हो । खानगीमा जतिजति जग्गा थपिंदैगयो उतिउति नगदी घट्दैजानु स्वाभाविक थियो । अभाग्यवश **श्री ५ पृथ्वीनारायण शाह**का समयका रुपैयाँको धान कुन भाउले खरिद विक्री हुन्थे भन्ने कुरो जान्न झन् कठिन भएको छ । अन्यत्रभन्दा काठमाडौं उपत्यकामा महँगो हुनु र काठमाडौं उपत्यकादेखि जति पूर्व वा पश्चिम गयो उति सस्तो हुनु स्वाभाविक छ ।

सम्वत् १९९४ सालमा कम्पू पल्टनका खानगीका खेत नापी तिरो ठेकेर नयाँ दरबन्दी बमोजिम जग्गा भर्ना गर्दा काठमाडौं उपत्यकामा रु १. को धान ९ पाथी, काठमाडौं उपत्यकादेखि वाहिर सुनकोशीसम्म सिन्धुपाल्चोक र काभ्रे पलाञ्चोक जिल्लामा, पश्चिमपट्टि त्रिशूली गण्डकीसम्मका नुवाकोट र धादिंगजिल्लामा पनि रु. १। को १५ पाथी, सुनकोशीदेखि पूर्व दोलखाजिल्लामा र त्रिशूलगण्डकी पश्चिमपट्टि गोर्खाजिल्लामा समेत रु. १ । को एक मुरीका दरले दरभाउ तोकी खानगीढड्डा तयार भएको देखिनाले **श्री ५ पृथ्वीनारायण शाह**का समयमा पनि यो यो भाउभन्दा कम होइन ।

संयोगवश **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको अठार वर्षपछि **श्री ५ रणबहादुर शाह**का राज्यकालमा र वहादुर शाहका प्रशासनकालमा चिनियाँ सेनापतिहरूलाई भोज दिंदा खरिद भएका जिन्सीमालको दर पाइएको नेपाल-साँस्कृति परिषद्-पत्रिका, वर्ष ३, अंक ३ पृ. २८ र त्यसमा तौलीचामल मुरी ४० को मोल

रु. २७८ चानचुन लेखिएको, चामल मुरी ४० धान मुरी ८० का हिसाबले रु. १।को धान ६ पाथी ६ माना जति पर्नआएको छ। युद्धकाल हुनाले सुनचाँदीको दर नगिरे तापनि खाद्य सामग्रीको दर लगभग दोब्बर हुनु स्वाभाविक हुँदा शान्तिकालमा रु. १।को १२ पाथी हुनु स्वाभाविक छ र बीस वर्षअघि **श्री ५ पृथ्वीनारायण शाह**का समयमा रु. १।को १५ पाथी भएको अनुमान हुन्छ। यस बखततिर सिपाहीको खानगी वार्षिक रु. ६०।देखिएको, त्यसको जग्गा भर्ना यो दरले हुन्थ्यो भन्ने-नखुलेको, **श्री ५ गीर्वाणयुद्ध विक्रम शाह**को राज्यकालमा सम्वत् १८६८ मा दोलखादेखि गोर्खासम्मका जग्गा भर्ना गर्दा १ खेतबाट १०० मुरी धान तिरोको रूपमा उठ्ती हुने र दोलखादेखि गोर्खासम्मको धानको दरभाउ मुरी एकको रु. १।को हिसाब गरिएको छ। काठमाडौं उपत्यका-मा, सिन्धु-पाल्चोक र नुवाकोट लामीडाँडाजिल्लाहरूमा भाउ महँगो भए तापनि त्यस महँगीबाट हुने लाभ जागीरदारलाई नै छोड्ने नियम भएको देखिन्छ।

श्री ५ रणबहादुर शाहका राज्यकालमा सिपाहीहरूलाई वार्षिक खानगी रु. ६०।ठेकिएको देखिएको र यो दर **श्री ५ पृथ्वीनारायण शाह**का समयदेखि नै चलेरआएको अनुमान भएको हुनाले उनका समय मा पनि सिपाहीहरू वार्षिक ६० मुरी धान पाउँथे र बाली उठाउने काम उनका परिवारले गरी आधा तीस मुरी परिवार खर्च राखी आधाको नगदी गराई जागीरदार सिपाहीछेउ पठाउँदा हुन्भन्ने अनुमान हुन्छ। त्यस तीस मुरी धान विक्री भएको नगदीले सिपाहीका हरलि रंगाएका खाँडीका पगरी, लबेदा-सुरुवाल, पटुका, राडी,खास्टा र जुत्ता आदिलाई आधा र खानाखर्चलाई आधा गरी जगेडा नरहने हिसाबसंग ठिक्क हुनेदेखिन्छ। यिनताक जमादारको खानगी वार्षिक रु. २००।देखिएको हुनाले त्यसबाट भर्ना हुने खेतको उठ्ती धान मुरी २०० बाट परिवार-खर्च मुरी १०० पन्छाई बाँकी मुरी १०० को एकसयले छाउनीको खर्च चलाउनेगरेको देखिनआएको छ। यस हिसाबले सिपाहीभन्दा जमादार-को खानगी तेबरभन्दा केही बढी हुने देखिनआएको छ।

श्री ५ रणबहादुर शाहका राज्यकालमा सुबेदारको खानगी वार्षिक रु. ४१२।को धान मुरी ४१२ भर्ना हुनेदेखिएको हुनाले जमादारको खानगीको दोबरभन्दा अलिकति वढी सुबेदारको खानगी हुने नियम भएको देखिनआएको छ।

सम्वत् १८४३ मा भर्ना भएको सर्दार गौलैयाँ खवासको खानगीमा खेत ११० भर्ना भएको देखिएकोले त्यसवाट उठ्ती धान मुरी २७५० नै देखिनआएको छ। **श्री ५ गीर्वाणयुद्धविक्रम शाह**का राज्यारम्भकालमा सर्दार अमरसिंह थापाको खानगी ठेकिँदा खेत ७१ र नगदी रु. १६००। ठेकिएको देखिन्छ (जनरल भीमसेन थापा, पृ. २५३)। खेत ७१ को रु. २५।का दरले उठ्ती रु. १७७५ नगदी रु. १६००। समेत जम्मा रु. ३३७५। वा धान मुरी ३३७५ ठेकिएको देखिन्छ र गोलैयाँ खवासको खानगीभन्दा रु. ६२५।वा धान मुरी ६२५ बढी ठेकिएको देखिनआएको छ। काजी कीर्तिमानसिंह वस्न्यातले आफ्ना नातादार हुँदा वढाइदिएको देखिनआएको छ। **श्री ५ पृथ्वीनारायण शाह**का समयका सर्दार रामकृष्ण कुँवर आदिको सर्दारी खानगी गोलैयाँ खवासको खानगीभन्दा बढी होओइन।

कजाइँमा सवभन्दा पहिले सम्वत् १८६१ मा काजी नरसिंह गुरुंगको खानगी भर्ना हुँदा खेत ११६ र नगदी ३५०० ठेकिएको देखिनआएको छ (इ. प्र. भा. १ पृ १४६)। खेत ११६ को नगदी रु. २९०० र नगदी रु. ३५००। समेत जम्मा रु. ६४०० वा धान मुरी ६४०० हुनेदेखिन्छ। नरसिंह गुरुंगले **श्री ५ महारानी राजराजेश्वरी**उपर विश्वासघात गरी काजी भीमसेन थापालाई रिझाएका समयमा खानगी भर्ना गर्दा **श्री ५ रणबहादुर शाह**का समयका दरवन्दीभन्दा ज्यादै वढाएको अनुमान हुन्छ। **श्री ५ पृथ्वीनारयण शाह**का समयमा र **बहादुर शाह**का प्रशासनकालमा समेत कजाइँमा नगदी धानसमेत मिलाई रु. ५५०० सय वा धान मुरी ५५००।को खानगी वाँधिएको अनुमान हुन्छ। अर्थात् सर्दारी खानगीभन्दा दोवर कजाइँ खानगी देखिन्छ। कपर्दार र खजान्चीका खानगी केही घटी गरिएको

अनुमान हुन्छ ।

यस प्रसङ्गमा **श्री ५ पृथ्वीनारायण शाह**का अन्तिम वर्षमा राज्यको कुल आम्दानी कति हुन्थ्यो भन्ने विषयमा पनि अनुमान गर्न अनुचित होओइन । **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त हुनुभन्दा छ महीना पहिले नै विजयपुरको तलहट्टी र पल्लोकिराँत दखल भइसकेको थियो। त्यसभन्दा एक वर्षपहिले अम्बरपुर (सप्तरी) को तलहट्टी र चौदण्डीको भाँवर र माझकिराँतसमेत वक्शी अभिमानसिंह वस्न्यातका नेतृत्त्वमा गएका गोर्खाली सेनाले दखल गरिसकेको थियो । **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको छ महीनापछि **श्री ५ प्रतापसिंह शाह**ले अभिमानसिंहलाई लेखेका पत्र (इ.प्र.१, पृ.१४) मा अभिमानसिंहका नेतृत्त्वमा जितिएका प्रदेशको आम्दानी वार्षिक पौनेदुइलाख रुपैयाँ आँकिएको छ । अम्बरपुर र विजयपुरका तलहट्टीको र चौदण्डीका भाँवरको नगद रुपैयाँ असूल हुन्थ्यो । पल्लोकिराँतमा सेवारैकर ज्यादा हुनाले त्यसको मालपोत नउठ्नेहुँदा बाँकी रैकरको उठ्ती कम हुन्थ्यो । त्यसमा पनि थोरैमात्र खेत भएका हुनाले धान कम उठ्ने र पाखाको तिरो वहुत कम हुनाले उठ्ती कम थियो । माझकिराँतमा रैकर खेत केही ज्यादा थिए। पाखाको नाममात्र उठ्ती भए पनि पल्लो किराँतकोभन्दा माझकिराँतको आम्दानी ज्यादा हुन्थ्यो । यसकारण चौदण्डीका भाँवरको र तलहट्टीको पौनेदुइलाखमा एकलाख चालीसहजार जति तराईको र पैंतीसहजार जत्ति पहाडखण्डको मालपोत उठ्दो हो । अम्बरपुर र विजयपुरको तलहट्टीभन्दा पर्सदेखि महोत्तरीसम्मको तलहट्टी थोरै कम भए पनि उब्जनी ज्यादा हुनाले अम्बरपुर र विजयपुरका तलहट्टीको मालपोतको दोबर जति अर्थात् दुइलाख पच्चीसहजार जत्ति उठ्दो हो । मकवानपुरका भाँवरको मालपोत नगद लगभग बीसहजारभन्दा बढी होओइन । तर, मकवानपुरदेखि उत्तरपट्टि रहेको दोलखाजिल्लामा पाखाबाहेक खेत पनि ज्यादा भएको काठमाडौं उपत्यकामा पनि अन्यत्रभन्दा ज्यादा उब्जाउ भएका खेत रहेका हुनाले यस भागका खेतका धान तिरोवाट उपर हुने मालपोत पौनेदुइलाखभन्दा कम होओइन । नुवाकोट, लामी-

डाँडा र गोर्खामा समेत खेत र आबादी पाखाबारी बराबर भएका हुनाले यी तीन जिल्लाबाट पनि तीसहजार जत्ति हुँदो हो। यस तरहबाट **श्री ५ पृथ्वीनारायण शाह**का अन्तिम वर्षमा मालपोतबाट लगभग पाँचलाख नब्बेहजार रुपैयाँ उठ्ती हुने अनुमान हुन्छ। राजअंकको आम्दानी घटबढ भइरहने हुनाले अनुमान गर्न पनि गाह्रो छ। तैपनि मालपोतको तीन खण्डको एक खण्ड अनुमान गरेमा पुगनपुग दुइलाख रुपैयाँ वार्षिक यसबाट र खेदाबाट आएका हात्ती एकसय जत्ति विक्री गरेरआउने मोल लगभग पच्चीसहजार समेत कुल आय लगभग आठलाख पन्ध्र हजार अनुमान गरिएको छ। तैपनि आम्दानीले आवश्यक खर्च धान्न मुश्किल पर्दथ्यो र राजकोषमा रहेका सुनको मोल समेत गरी पच्चीस हजार रुपैयाँभन्दा बढी जगेडा रहन संभव देखिन्न। तर, जो खर्च हुन्थ्यो त्यसमा लडाइँको निमित्त चाहिने पत्थर, इस्पात खरिद गर्नालाई मात्र नेपाल-बाहिर थोरै रुपैयाँ जान्थे। गोली र बारुदसमेत नेपालमा बन्नेहुनाले जो खर्च हुन्थ्यो नेपालमा नै रहनेहुनाले नेपालका पहाडखण्डका कृषक, व्यापारी र शिल्पकारहरू दिनप्रतिदिन धनी बन्दैआएका देखिन्छन्।

– साँगाचोकका लडाइँमा पर्ने सर्दार शिवरामसिंह बस्न्यातका

पलान्चोकका लडाइँमा पर्ने भीमसिंह थापाका र कीर्तिपुरका लडाइँमा पर्ने काजी कालू पाँडेका छोराहरूलाई उनीहरूका खानगी मरवटमा बाँडी तिनका छोराहरूको उमेर पुगेपछि मरवट-जग्गाले नपुग्ने जत्ति अरू खेत थपी जागीरमा उकालिदिएका र बख्शी केहरसिंह बस्न्यात सतहूँका लडाइँमा मरेपछि उनका छोराहरूलाई अर्कै जग्गा मरवट दिएको उस समयका कागजपत्रबाट देखिन्छ। यस विषयमा **श्री ५ पृथ्वीनारायण शाह**ले यसो भनेका छन्,–

"मर्‍यो भन्या उसका छोरा षुडा हान्न्या नहुन्ज्याल मरवट दिनु। षुडा हान्न्या भयापछि जागिरमा उकालि दिनु र राजाले विवेक राषी दिया देस देसका सिपाहि पनि आसाराषी आउन्छन् र यस्व भया तरवारिया सिपाहि हात लग्छन्।" –दिव्योपदेश।

७– "ई मेरा नुन् गुन्का स्वज्ञा सेवक हुन् । इनीहरुको जीव जान्या विराम गऱ्याको भया पनि आफुले नमार्नु । वरु मरातापु दियेर लडाञ्ञीमा झोसि दिनु र जीव जोगाई आयो भन्या वढिया भयो मरि गयो भन्या आफुले मार्नु अर्कैवाट मारि दियाको वढिया हुन्छ । तव राजाले सेवकलाई घरमा नमार्नु"। –दिव्योपदेश।

सत्ताइसौं परिच्छेद

बही बुझ्ने व्यवस्थाको स्थापना

अरबी भाषामा 'बयाज' शब्दको अर्थ हुन्छ हस्तलिखित कविताको पत्र-संग्रह । श्री ५ राजेन्द्रका समयमा लेखिएका सवैका कागज-पत्र नेपाली काँचा कागजका वन्द माडले गाँसेर लेखिएका हुन्थे र यिनै वही कहिन्थे । तर, धेरै बन्द गाँस्दा असंभार हुनेहुनाले कौसीतोसाखाना आदिका स्याहाहरू पत्र खप्टेरराखिन्थे । यी पनि वहीमा गनिन्थे । यसको सम्वन्ध अरबी शव्द 'बयाज' संग मानिन्छ । यसै वही शव्दमा खरिदार शव्दको अनुकरण गरेर फार्सीको 'दार' प्रत्यय जोडेर वनेको वहिदारशव्दले वहीपत्र लेख्ने कर्मचारीको अर्थ प्रकट गर्दछ। वहीपत्रको स्रेस्ता शव्दसंग निकट सम्बन्ध रहेको छ । फारसीको 'सरिश्त' शव्द अधिकरण (अड्डा) का अर्थमा व्यवहार हुन्छ । हाम्रो भाषामा आएरबिग्रेको रूप स्रेस्ताशव्द अड्डाखानाका लेखापढीका अर्थमा

व्यवहार हुन्छ । स्रेस्तासंग नित्य सम्बन्ध राख्ने स्याहाशब्द हाम्रो भाषामा प्रचलित छ । फारसीका **'सियाह'** शब्दको अर्थ नगद र जिन्सी-को आय-व्यय लेखिएका बहीका अर्थमा व्यवहार हुनेहुनाले **सियाह** शब्दकै विकृतरूप स्याहा देखिनआएको छ । बही बुझ्ने शब्दको अर्थ बहीपत्र बुझी हेरी जाँच्ने काम देखिन्छ । अरबी भाषाका **'फारिग'** शब्दको अर्थ तोकी दिएको काम सक्ने कर्मचारी र अरबी **'खत'** शब्दको अर्थ लेख हुनाले फारिग खत **'फारखत'** को अर्थ गरेको काम सिध्याई दाखिल गरेका स्याहा र स्रेस्तासमेतका बहीपत्र जाँची गरिदिएको मुक्तिपत्र हुन्छ । यिनै शब्द छोटकरीमा **'फारख'** प्रयोग गरिएको पनि देखिन्छ ।

बही बुझ्ने विषयका बही लगायत सबै शब्द अरबी-फारसीका देखिएका हुनाले बही बुझ्ने र फारखती दिने काम समेत मुगल-शाहीको अनुकरण गरी मकवानपुरदेखि विजयपुरसम्म सेनराजाहरूले चलाएका हुनाले **श्री ५ पृथ्वीनारायण शाह**ले पनि बही बुझ्ने व्यवस्थाको आरम्भ गरेको देखिन्छ ।

सेनराजाहरू लगत ठीक भएका जग्गाको मालपोत तहसील गर्ने काम साना-साना जमीन्दार र चौधरीहरूका जिम्मा सौंपन्थे र तिनैलाई सयकडा पाँच जति असूलतहसील गर्ने खर्च हटाई बाँकी चौधरीसंग र चौधरी नभएका मौजाहरूको जमीन्दारबाट लिन्थे । लगत ठीक नभएका मौजाहरूमा अलग-अलग कामदार-कारिन्दा पठाई रैतीसंग रहेको जमीनको र उब्जनीको लेखाजोखा गरी नगद वा जिन्सी असूल गरी राजकोषमा दाखिल गराउँथे । चौधरी-जमीन्दारहरूले मालपोत तहसील गर्दा लगतभन्दा बढी पनि सकेसम्म उठाउँथे र रैती-उपर टंटा लगाई गाउँ उजाड पनि गर्दथे । सरकार र रैतीका बीचमा रहेर जमीन्दारहरूले ठेक्का लिंदा बीचमा बसेर धन उडाएको देखी **श्री ५ पृथ्वीनारायण शाह**ले ठेक्का लगाउने काम नै बन्द गरिदिए। असूलतहसील गर्ने विषयमामात्र होइन खर्च गर्ने विषयमा पनि मुगलको

अनुकरण गरी सेनराजाहरू ठेक्का लगाउँथे। अब खर्च गर्ने विषयमा इस्पात र बन्दूक चलाउँदा उपयोग गर्नुपर्ने पत्थर आफ्ना राज्यमा तयार हुननसकेका हुनाले मुगलानातिर आफ्ना मानिस पठाई रुपैयाँ खर्च गरेर माल झिकाउनुपर्दथ्यो। लडाइँलाई चाहिने बारुद बनाउनाका निमित्त सोडा महुत्तरीमा तयार हुन्थ्यो। आफ्नै राज्यमा रहेका ताँवाखानीबाट गन्धक निकालिन्थ्यो र अंगार तयार गर्नलाई रहरका बोट तलहट्टीमा तयार हुन्थे र बैंसका रुख काठमाडौं उपत्यकामा तयार थिए। कम्पनीका सैनिकहरूलाई चाहिने कसन-तमनका भाँडा-वर्तन ललितपुरमा तयार हुन्थे। बोकानीका निमित्त चाहिने कुल्ली-भरिया पनि नेपालमा नै तयार थिए। ओखतीमूलो पनि नेपालकै वन-जङ्गलबाट निस्कन्थ्यो। यसकारण सरकारी कोषबाट खर्च भएको रुपैयाँ नेपाली जनतामा नै फिंजिन्थ्यो। थोरै अंश फेरि भूमिकर र राजअंकका रूपमा राजकोषमा नै दाखिल हुन्थ्यो। यो देखेर नै **श्री ५ पृथ्वीनारायण शाहले** सारा सरकारी काम अमानतबाट गर्ने व्यवस्था गरेको देखिन्छ।

अमानतबाट काम गर्दा सानातिना राजकर्मचारीबाटमात्र गराएर निर्वाह चल्दैनथ्यो। खजाञ्ची, कपर्दार र सेनापतितकलाई लगाउनुपर्दथ्यो। यिनीहरूमा धन देखेर दुराचार फैलेमा भारादारलाई धन जम्मा गर्ननदिने जो नीति **श्री ५ पृथ्वीनारायण शाहले** वनाएका थिए त्यो चौपट भई भारादारहरू विग्रने भय पनि थियो। यो भय मेट्नलाई बहीपत्र ठीकठीक तयार गराउने र त्यसमा लेखिएबमोजिम आम्दानी र खर्च भएको ठीक छ छैन भनी उनले कच्चा बुझ्नेसमेत प्रवन्ध मिलाएका थिए।

काठमाडौं उपत्यकाका मल्लराजाहरूका आम्दानीखर्चको हिसाब राख्ने काम काठमाडौं उपत्यकाका जोशीहरू गर्दथे। दिनदिनको आम्दानी खर्च लेख्दा वर्ष, महीना र दिनको उल्लेख गर्नुपर्दथ्यो। तर, यी जोशीहरू सम्वत्, महीना र तिथि लेख्दथे। तिथि टुट्ने र बढ्ने पनि हुनाले गोर्खाली जोशीहरूलाई व्यवहार गर्न कठिन

पर्दथ्यो । दरभङ्गातिरका कायस्थहरूको भाषा कैथी थियो तापनि खश भाषा बोल्ने गोर्खालीका समझमा आउन कठिन थिएन । उनीहरू तिथिको व्यवहार नगरेर प्रत्येक महीनाका बहुलपक्ष र शुक्लपक्षको दिनको गणना गर्दथे । दिनको संख्या टुट्ने भए तापनि बढ्नेहुँदैनथ्यो । यसकारण घरेलु व्यवहारका निम्ति गोर्खालीहरूले पनि यस मितिपत्र-लाई अपनाएका थिए १ । गोर्खामा स्याहा-स्रेस्ताको चलन नहुनाले गोर्खाली जोशीहरू स्याहा लेख्तैनथे तापनि कायस्थले लेखेका स्याहा-स्रेस्ता वही उनीहरू जाँच्नसक्तथे । यसकारण दरभङ्गाजिल्लासंग जोडिएको र नेपालमा मिलेको महुत्तरीजिल्लामा पनि कायस्थहरूको वस्ती भएको हुनाले यिनैबाट स्याहा-स्रेस्ता र बहीपत्रसमेत तयार गराउने र आफ्नै देखरेखमा बहीपत्र जाँची फारखती दिने नियमको जग **श्री ५ पृथ्वीनारायण शाह**ले २१ मार्च, १७७० मा काठमाडौंलाई राजधानी गराएपछि लगत्तै आरम्भ गरेको देखिनआएको छ २ । भारादारहरूका कामको वहीपत्र आफ्नै देखरेखमा जँचाए पनि भारा-दारभन्दा मनिका कामदार-कारिन्दाहरूले गरेका कामको वहीपत्र भारादारहरूद्वारा जँचाउने गरेको अनुमान हुन्छ ।

केहरसिंह, अभिमानसिंह र धोकलसिंह तीन जना बस्न्यातभाइ-हरूले लडाइँको काम गर्दा खर्चको काममात्र गरेका हुनाले बहीपत्र तयार गर्न उत्तिको कठिन पर्दैनथ्यो । तर, खजान्ची वीरभद्र उपाध्यायले नगदी आम्दानी-खर्चको र कपर्दार कालिदास खँड्काले जिन्सी आम्दानी खर्चको काम गर्नुपर्ने भएकोले लडाइँका कामलाई र राज-दरबारका खर्चलाई चाहिएको नगदी, जिन्सी राजकोषमा नभएमा बिर्तावार र व्यापारीहरूबाट सरसापट लिई काम चलाउनुपर्दथ्यो र पछि वही बुझाउँदा हिसाब-किताव देखाई,जँचाई फारख लिनुपर्दथ्यो । ३ खजान्ची वीरभद्र उपाध्यायले सिंधुलीको लडाइँको निमित्त लगेका रुपैयाँले नपुग्दा मन्थलीका उदयनारायणसंग लिएका सापटीको फाँट पनि बहीपत्र बुझाउँदा देखाएका हुनाले नै **श्री ५ पृथ्वीनारायण शाह**ले

उदयनारायण घिमिरेको रुपैयाँ भर्ना गर्ननपर्ने देखेर त्यस रुपैयाँ बापत उनको किनुवा बिर्ताको थमौती गरिदिएको कुरा माथि लेखिसकिएको छ ।

कपर्दार कालिदास खँड्का कपर्दारीको काममा नियुक्त भए तापनि जस्तो खजाञ्ची वीरभद्र उपाध्याय सिधुलीका लडाइँमा स्वयम् लडेका थिए कपर्दार कालिदास खँड्का पनि बराबर लडाइँमा सम्मिलित हुन्थे । यिनले इ. सं. १७७२ मा लमजुंगको रागिनासगढी दखल गर्न खोज्दा नसकेकाले **श्री ५ पृथ्वीनारायण शाहले 'डुंगा फोर्नालाई दश बाह्र रुपैयाँ खर्च गर्नु । पछि मोजरा गरिदिउँला'** भनेर वही वुझ्दा मोजरा दिउँला भन्ने संकेत गरेका थिए ४ । तमाम जिन्सी मालको बन्दोवस्त र आम्दानी खर्च गर्दा पनि नपुगेमा सरसापटी लिएर खर्च चलाउनुपर्दथ्यो र बही बुझाउँदा सापटी देखाएर भर्ना लिनुपर्दथ्यो । यस तरहसंग सम्वत् १८२८ सालको वही बुझ्दा कालिदास खँड्काले सरसापटी गरी सरकारी काममा लगाएको **'सुन तावो सीसा गैह्र नगद जिनिस लेखा गर्दा'** ४१५३ रुपैयाँ चान्नचुन देखिएको र उस समयमा राजकोषमा रुपैयाँ जम्मा नभएर होला **'अघाउ वापति मांहा बिन्ति गर्नु र वक्सौंला'** भन्ने लालमोहर **श्री ५ पृथ्वीनारायण शाहले** गरिदिएका थिए ५ ।

पर्सिपल्ट फुलपातीका दिन बाँकी-वक्यौता फर्स्याइदिने नियम भएकोले सो दिन फर्स्याइदिइएको पनि होला । जो भए पनि **श्री ५ पृथ्वीनारायण शाह** आफ्ना भारादारतकको बही बुझ्दा खूब जाँच गरेरमात्र फारखती दिन्थे, यस कुरामा सन्देह छैन ।

टिप्पणी

१ गोर्खाली राजा रुद्र शाहले पतिमन पाध्यालाई गरिदिएका ऋण-पत्रमा कालनिर्देश गर्दा **'सम्वत् १७३० ज्येष्ठ शुदि १४ रोज २ मुकाम गोर्खा शुभं'** (पूर्णिमा, अं. २, पृ. ५४) लेखिएको छ। यसमा **'शुक्लपक्ष दिन'** को छोटकरी रूप **'शुदि'** लेखेर दिनको संख्या १४ लेखी चौधौं दिन प्रकट गरिएको छ। दिनको संख्या टुट्ने पनि हुनाले सप्ताहका दिनको संख्या लेखिनु फारसी भाषाको **'रोज'** शब्दको प्रयोग गरी सप्ताहको दोस्रो दिन '२' लेखेर सोमवार प्रकट गरिएको छ। यो फारसी रोजशब्दको प्रयोग कैथी मितिपत्र बमोजिमको स्पष्ट देखिन्छ। यस पत्रभन्दा पहिलेको **युवराज डम्बर शाहलाई** पाठ गर्नाका निमित्त

लेखिएका एक पुस्तकमा कालनिर्देश गर्दा "**श्री शाके १५५७ माघवदि १ बुधे लिखितं श्रीमड्डम्बरसाहिपाठार्थं ज्योतिर्विदनन्तदेवेन**" लेखिएको छ। यसमा '**माघवदि १**' भनेर माघमहीनाका वहुलपक्षको पहिलो दिन सूचित गरिएको हुनाले यो कैथी मितिपत्रको दिन स्पष्ट देखिन्छ। दिनका संख्याका साथ सप्ताहका दिनसंख्या पनि रोज लेखेर सप्ताहको दिनसंख्या दिनु अनिवार्य थियो। तर, संस्कृतभाषामा रोजशब्दको व्यवहार नहुनेहुनाले सप्ताहको चौथो दिनमा पर्ने वार '**बुध**' को नाम दिइएको छ। ज्योतिषीहरू संस्कृतभाषामा लेख्दा प्रायः चालू '**शाक**' वर्षको प्रयोग गर्दथे। संवत्को प्रयोग गरेमा '**विक्रम**' विशेषण जोड्दथे। तर, **श्री ५ पृथ्वीनारायण शाह**का समयदेखि वर्तमान नेपाली भाषामा लेखिएका कुनै कैथी मिति भएका पत्रमा पनि संवत्का साथ '**विक्रम**' विशेषण जोडिएको देखिन्न।

कैथी मितिपत्रमा वैशाखवदि १ देखि चालू संवत्को आरम्भ गरिन्थ्यो र चैत्रशुदि १५ मा समाप्त गरिन्थ्यो। महीनामा वहुलपक्ष पहिलो र शुक्लपक्ष दोस्रो मानिन्थ्यो। पक्षमा ज्यादा मात्रामा १५ दिन हुन्थे र पूर्णिमातिथि १५ औं दिन मानिन्थ्यो। यसै गरी वहुलपक्षमा पनि १५ दिन भएमा १५ धौं दिनलाई महीनाको तीसौं दिन मानेर दिनसंख्या ३० लेखिन्थ्यो र त्यसै दिन अमावास्यातिथि मानिन्थ्यो। वहुलपक्षमा १४ दिनमात्र भएमा दिनभरलाई १४ धौं दिन र रातको आरम्भ भएपछि अमावास्यातिथि मानिन्थ्यो। तर, चौधौं दिन र अमावास्यातिथिलाई समेत गाभेर एउटै रोज मानिन्थ्यो र रोजसंख्या एउटामात्र लेखिन्थ्यो। शुक्लपक्षमा पनि १४ दिनमात्र भएमा दिनभरलाई १४ धौं दिन र रातको आरम्भ भएपछि पूर्णिमातिथि मानिन्थ्यो। तर, चौधौं दिन र पूर्णिमातिथिलाई समेत गाभेर एउटै रोज मानिन्थ्यो र रोजको संख्या एउटामात्र लेखिन्थ्यो। अमावास्या र पूर्णिमाको चाड मान्दा चौधौं दिनमा नै मानिन्थ्यो।

सामान्य एक वर्षमा प्रायः बाह्र महीनामा ३५४ दिन हुन्थे र १६

वर्षमा ७ अधिकमास वा मलमास पनि पर्दथे। यस्ता वर्षमा प्राय: ३८५ दिन हुन्थे र जागीरदारहरूले एक वर्षमा १३ महीनाको महीनावारी तलब पाउँथे; तर,खानगीमा जग्गा भर्ना हुने जागीरदारहरूलाई मलमासले कुनै असर गर्दैनथ्यो।

गोर्खाका राजा पृथ्वीपति शाहका समयमा कैथी मितिपत्रको मात्र होइन कैथी भाषाको पनि प्रयोग भएको देखिनाले **श्री ५ पृथ्वीनारायण शाह**भन्दा पहिले पनि कायस्थको प्रवेश गोर्खामा भएको देखिन्छ। जैसीकोठामा रहेका त्यस पत्रको प्रतिलिपि यहाँ दिइन्छ:–

स्वस्तिश्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महाराजाधिराज श्रीश्री मत्पृथ्वी पति साह देवानं सदा समर विजइनांली ---

आगे शिवहरि जैसिके लुदिके दिपलिग्याक षेत मात्र आपन षायल षेत लगा समेत वाधा दिहल रुपैया ८०० अक्षरेपि आठ शय भाषा जहीया रुपैया देव तहिया षेत लेव संवत् १७५९ माघ शुदि १ रो ५ शुभं"

श्री ५ पृथ्वीनारायण शाहले जुन सम्वत्लाई आफ्ना पुर्खाले व्यवहार गरेका थिए र आफूले पनि राष्ट्रिय सम्वत् बनाएका थिए त्यसलाई बेताल पच्चीसीका विक्रम वा विक्रमादित्यले चलाएको हो भन्ने दन्त्यकथालाई कायस्थहरूले विश्वास मानेको देखिन्न र यो सम्वत् मालवगणले उठान गरेको हो भन्ने कुराको गन्ध पनि उस समयमा निस्केको थिएन। यसकारण आफूले चालू गरेका राष्ट्रिय सम्वत्लाई नेवारी सम्वत्भन्दा फरक जनाउनाका निमित्त आफ्ना अन्तिम वर्षदेखि कायस्थहरूका परामर्श अनुसार चालू सम्वत्लाई कहने फारसी भाषाको **'साल'** शब्दसमेत जोडेर मिति स्पष्ट गराएको जैसीकोठामा नक्कल रहेको तल लेखिए बमोजिमको उनको लालमोहर लागेको पत्रबाट देखिनआएको छ:–

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे पृथ्वी नारायण साह वहादुर सम्सेर जंग देवानाम् सदा समर विजयिनाम्- स्वस्तिश्रीराजभारा सामर्थ. श्री कालुपाँडे गंगाधर पंथके प्रणाम् पूर्वक पत्रमिदं ञाहा कुसल ताहा कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ उप्रान्त पत्र आयो अर्थ मालूम भयो तेता पश्चिम तिरको हर्हकिगत विंति गरि पठायाछौं विस्तार सुन्यौं जोग्यै विंति गरि पठाया छौं परन्तु सूरप्रताप साहकन मान्याको कुरा महा गोर्षाका राजाले कस्क्यालि राजालाई मार्न पठायाका हुन् भनि जना ७ मानिस् कास्कि महा पक्र्चा गरे जना ६ मानिस् पाल्पाले त काटि हाल्यो गरे. येस्तो संका मान्या कास्कि कस्तो गरि हामिसित घा वंछ निश्चय सूरप्रताप साहकन मार्न्या कास्कि रहेछ भन्या जस्तो त आफै गर्न लाग्यो. गोर्षाबाट एस् काजमा आयाका हुन् भंदै सोझ्यारिले पक्रदै गर्न लाग्यो. तस्तो गर्न्या भया पछि कसो गरि वंछ कास्कि पाल्पाले एस्ता एस्ता मानिस् पक्र्याछं काट्या छन् भनि. हाम्रा जेठा वुढाहरूले षबर विंति गरि पठायाछन्. हामीले नपत्याका कुरा को सोझ्यारि गरि कास्किले मानिस् काट्न लाग्यो उप्रान्त पूर्व किरांतकोदेश जति हो सवै हाम्रो अम्वल भयो मध्येस महा कनकाई नदीको सांधंछ पाहाडमहा तमोरकोर सांभा- षोलाको सांधछ मधेस महा हरिचंद गढिसम्म अवम्ल पनि भयो. रैतिले पनि मान्या हरिचंद गढि देषि. कोस् १५ पूर्वतिर कनका छ सुषिमसित पनि हाम्रो वंदोवस्त भयाको छ सुषिमको देवानको छोरो हाम्रा सांध देषि चार दिनका बाट सम्म ... को छ हाम्रा भारादारसित भेट गर्न आयाको छ .. .. हाम संग विगार गर्ला भन्या जस्तो केहि ला ... ... गर्ला वांकि कुह्ल पस्याका किराति पनि अवं ... ... सुषिम सित पनि घाये भयो हाम्रो फौज ... ... को आउंछ. झिकाउछौ उप्रान्त कालुपाँडेले पिउठाना भया पनि जुमला भया पनि ञाहा सम्मत गरि ... ... जानु पऱ्यो. तसर्थ साइत हेरि ... ... तं चांडो ञाहा आइजा पिउठाना जानु भन्या त तेहि बाटो जालास् र

दिन् गरि जालास् जुमलामा जानु पऱ्या त त्यो वाटो जान पावैनस्. भोटवाट जानु ... ... तसअर्थ त तहावाट दिन गरिकन आईजा चांडो आईजा इति सम्वत् १८३१ साल मिति भाद्र वदि ४ रोज शुभम् (२५ अगस्ट १७७४ गुरुवार) ---

यहाँ पछिका **श्री ५ प्रतापसिंह** शाहका र श्री ५ रणबहादुर शाह आदिका लालमोहरमा पनि **'साल-मिति'** शब्द महीनाका नाम-भन्दा पहिले लगातार जोडिंदैआएको देखिन्छ ।

२-भारादारका नाउँमा गरिदिएको पहिलो फारखती श्री ५ पृथ्वी-नारायण शाहका प्रतिनिधि भएर श्री ५ युवराज प्रतापसिंह शाहले वख्शी अभिमानसिंह बस्न्यातलाई गरिदिएको देखिन्छ । त्यसको प्रतिलिपि यहाँ दिइन्छ:-

"स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमान मानोन्नतश्रीमन्महाराजाधिराजकुमार युवराज श्रीश्रीश्रीमत्प्रतापसिंहसाहदेवानां सदासमरविजयिनाम्

आगे वैसम् फारषति मार्ग, सुदि ५ लगाइत पौष सुदि १० रोज तक तहसिल तहविल अभिमान वस्न्यातले गऱ्याको जम्मा षर्च वुझ्चुं तस्को फार्षति लेषि वक्स्यूं कालकला दावा मुद्दा नास्ति इति संवत् १८२७ पौष सुदि ५ रोज ७ मुकाम गोर्षा माडि राजधानी शुभम्" (२२ डिसेम्बर १७७०, इ. प्र., भा. १ पृ. १२) ।

यसमा **'वेसम्'** को अर्थ बुझिएन । फारखती मितिमा दिन र वार मिलेको हुनाले अशुद्ध देखिंदैन । परन्तु, पौषशुदि १० सम्मको खर्चको फारखती पौषशुदि ५ मा लेखिएको हुनाले अघिल्ला सालका मार्गशुदि ५ देखि पौषशुदि १० (३ डिसेम्वर, १७६९ देखि ७ जनवरी, १७७०) सम्मको जम्मा दिन ३६ आम्दानी खर्चको वहीपत्र बुझी त्यसको फारखती गरिदिएको देखिनआएको छ ।

दोस्रो फारखती **श्री ५ प्रतापसिंह शाहले** वक्शी केहरसिंह बस्न्यात र उनका सगोलमा रहेका दुइ भाइलाई समेत गरिदिएको देखिन्छ । यसको प्रतिलिपि तल दिइन्छः–

श्री दुर्गासहायः ?

"स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे प्रतापसिंहसाह सम्सेर जंग देवानाम् सदा समरविजयिनाम्

आग्य केहरसिंह अभिमानसिंह धोकलसिंह तिमी ३ भाईले सम्वत् १८२७ साल वैसाष वदि १ रोज देषि सम्वत् १८३० चैत्र सुदि १५ रोज तक ४ तहसिल तहविल गरि षजान्या गऱ्याको वमोजिज्मा षर्च साल वसालको वहि वुझि फारषती गरि बक्स्यौं कालकला दावा मुद्दा नास्ति इति सम्वत् १८३३ साल पौष सुदि १५ रोज शुभम्

मार्फत– स्वरूप सिंह, मार्फत– कालीदास खंड्का"

सम्वत् १८२७ का आरम्भदेखि सम्वत् १८३० का आखिरतक तीनै जना बस्न्यातभाइहरूले लडाइँको काम गरेका; सतहूँको लडाइँमा केहरसिंह बस्न्यात पर्दा बहीपत्र बेपत्ता भएका र अभिमानसिंह र धोकलसिंहले दाखिल गरेका कागजपत्र मौजूद हुँदाहुन् । सम्वत् १८३३ मा चिवतनमा दखल गर्न अभिमानसिंह खटिएका हुनाले सगोल भएका तीनै भाइले गरेका चार वर्षका आम्दानी-खर्चको **श्री ५ प्रतापसिंह** शाहले फारखती दिएको देखिन्छ ।

३– **श्री ५ रणबहादुर शाहले** सम्वत् १८५५ साल मिति फागुनशुदि २ रोज ६ मा गरिदिएका नियममा खजान्ची र कपर्दारका नियम लेखिएको रहेनछ । टकसारीका कामका नियममा **"मेरा परिवार सवका जियमा संच विसंच हुंदा देउ देवताको काज सांति स्वस्त्इयन दान सौगाद उठाउनाको आफ्ना रकमको सराजाम् माल् कति न अटकाई चाडो सरसापट्ट गरीकन पनी दिनु आफ्ना फाजील पस्यामा वहि**

बुझाइ फाजिल ठह्न्या काजी षजांचिछेउ रीन् तारि मागनु" भनी लेखिएको छ (चित्तरञ्जन नेपाली लिखित **श्री ५ रणबहादुर शाह**, पृ. १२८)। यसरी भारादारले सरसापटी गरी सर्कारी खर्च चलाउने काम **श्री ५ पृथ्वीनारायण शाह**का समयदेखि नै चलिआएको देखिन्छ।

४– **श्री ५ पृथ्वीनारायण शाह**ले कालु खँड्कालाई फागुनशुदि ८ रोज ५ (१२मार्च, १७७२) मा लेखेका पत्र (इ.प्र.सं.सं.भा१, पृ.४)।

५– पुरातत्त्व र संस्कृति–विभागबाट सम्वत् २०१६ मा प्रकाशित पुरातत्त्व पत्रसंग्रह, पृष्ठ ४४।

अठ्ठाइसौं परिच्छेद

जैसीहरूको समस्याको समाधान गर्ने प्रयास

प्राचीनकालमा गंगा र जमुनाका बीचका मैदानमा परेका **'मध्यदेश'** मा लेखिएका स्मृतिहरूमा ब्राह्मणले ब्राह्मणीलाई जारी गरिल्याउनु र विधवा ब्राह्मणीलाई फकाई घरमा भार्या बनाउनु पाप मानिएको छ। जारी गरी ल्याएका सधवा ब्राह्मणीका सन्तानलाई, **'कुण्ड'** र विधवापट्टिका सन्तानलाई **'गोलक'** भन्ने घटिया संज्ञा दिइएकोछ। यस्ता कुण्डक र गोलकहरू देवकार्य र पितृकार्यमा वर्जित मानिएका छन् (मनुस्मृति अ.३ श्लो. १५६)। बाबुआमाले गरेका पापको फल छोराछोरीलाई दिनु न्यायसंगत थिएन। तैपनि कट्टरपन्थी ब्राह्मणहरूले यो नियम चलाएका थिए।

परन्तु, मध्ययुगमा स्थापना भएका कुमाउं-डोटीदेखि लिएर जाजरकोट-सल्यानातकका पहाडी ठकुराइहरूका ब्राह्मणहरूमा बाबु-आमाले गरेको पाप उनका सन्तानले हलुका तवरलेमात्र भोग्नु-पर्ने गरी शुद्ध ब्राह्मण, (उपाध्याय) र शुद्ध क्षत्रिय (ठकुरी) ले देव-कार्य र पितृकार्यमा नलिने व्यवस्था गरी यिनलाई फलितज्योतिषको काम दिई ज्योतिषीशब्दको अपभ्रंश रूप **'जैसी'** भन्ने नाम दिई लेखपढ गर्ने कारिन्दा काम पनि गर्नदिने अधिकार दिई जैसी भन्ने तल्ला श्रेणीको ब्राह्मणजाति उनीहरूले बनाएका हुनाले यो जाति पूर्वतिर किरातसम्म फैलिइसकेको थियो । तर, उपाध्याय ब्राह्मणले स्मृतिहरूको नियम बमोजिम वेद पढ्ने र पढाउने, यज्ञ गर्ने र गराउने, दान लिने र दिने गर्नपाउँथे (मनुस्मृति, अ. १० श्लो. ७५) । देवकार्य र पितृ-कार्यमा वर्जित गरिएका हुनाले जैसीहरू उपाध्याय ब्राह्मण र ठकुरी-लाई वेद पढाउन, समाजमा यज्ञ गराउन र दान लिन वर्जित गरिएका थिए । यसैले **श्री ५ पृथ्वीनारायण शाह**ले जैसीहरूबाट समाजमा उत्पन्न भएको समस्यालाई राम्ररी नै समाधान गरिदिन खोजे ।

श्री ५ पृथ्वीनारायण शाहले प्रारम्भमा नुवाकोटमा आक्रमण गर्दा तान्त्रिक विधि अनुसार महामण्डलमा शत्रु भएका जयन्त रानालाई झुक्क्याई कीलो गाड्नुपरेकोले यस कामका निमित्त नुवाकोट-जिल्लाकै कालू जैसी (अधिकारी) लाई काम लगाएर सिद्ध गराएका पनि थिए । परन्तु इ. सं. १७४५ मा साँखु-चाँगु दखल गर्नभनी सर्दार शिवरामसिंह बस्न्यात साँगाचोकमा पुग्दा भेक नपाएका साखुगाउँमा झुक्याएर कीलो गाड्ने काम यी जैसीहरूले सकेका थिएनन् र संयोगवश त्यस लडाइँमा गोर्खालीको हार पनि भएको थियो । यसकारण **श्री ५ पृथ्वीनारायण शाह**ले जैसीहरूलाई यो काम नदिई कीलो गाड्दा पनि जुन गढी वा किल्ला दखल गर्नुछ त्यसको सामुन्नेमा परेको अर्को नगिचको डाँडामा रातमा शूरा सैनिक पठाएर काम पूरा गर्ने नियम-गरेका थिए १ । तर, कीलो गाड्दा पनि सँधै जित हुँदैनथ्यो, हार पनि



गोर्खा पोखरीथोक स्थित श्री ५ पृथ्वीपति शाहको मूर्ति

भएकै थियो । तैपनि उनले यी जैसीहरूलाई सेनामा लिएर लडाइँको काम नलगाए तापनि लडाइँका निमित्त सैनिक तसल्ल गर्ने र लेखपढ गर्न जान्नेहुनाले कारिन्दाकाम पनि लगाउने विचार गरी काठमाडौं उपत्यकामा आर्थिक नाका-बन्दीको श्रीगणेश गर्नाका निमित्त जसकर्ण पाँडेलाई छानेका थिए २ । उपाध्याय-ब्राह्मण पनि फलितज्योतिषको काम गर्दथे र यिनीहरू पनि जैसी कहिन्थे । तर, यी दुइथरि जैसीमा विवाहसम्बन्ध र दाल-भातको भान्सा मिल्नसक्तैनथ्यो । उपाध्याय-ब्राह्मणका घरमा कुण्डक वा गोलककी आमा भएमा मिचेर यस्ता पत्नीहरूका भान्सामा पतिहरू गोप्य तवरसंग भात खान्थे र पछि भेद खुलेमा प्रायश्चित पतियाको हुरी आउँथ्यो ३। त्यो हुरी राजकुल-सम्म पनि आइपुग्दथ्यो । यस्तो हुरी बन्द गर्नाका निमित्त ज्योतिषी (जैसी) भएका उपाध्याय ब्राह्मणलाई परम्परादेखि चलिआए बमोजिम आफूले र अरू क्षत्रीले पनि **'प्रणाम'** गर्ने र कुण्डक-गोलक र तिनका सन्तानलाई **'सलाम'** गर्ने नियमको आरम्भ इ. सं. १७५९ देखि गरेर पहिला सलाम बेलकोटका जसकर्ण पाँडेलाई र पछि इ. सं. १७६१ देखि नियम बनाएर यो नियम आफ्ना राज्यभरि चलाएका थिए ४ । तर, थोरै दिनपछि नै **श्री ५ युवराज प्रतापसिंह शाहलाई** पक्राएर जयप्रकाश मल्ललाई सपुर्द गरिदिने अपराधमा जसकर्ण पाँडेले प्राण-दण्ड पाए (पृ. ३८०) तापनि यो नियम चालू नै रहेको हुँदा काठमाडौं उपत्यकामा आक्रमण गर्ने काममा अघि सरेका श्रीकृष्ण पाठकलाई **श्री ५ पृथ्वीनारायण शाहले** र **श्री ५ युवराज प्रतापसिंह शाहले** पनि चिठिपत्रहरूमा **'सलाम'** लेख्दैरहे । **श्री ५ पृथ्वीनारायण शाह**का समयका चिठीपत्रमा उनले अरू जैसीब्राह्मणलाई सलाम लेखेका पत्र भेटिएका छैनन् तापनि देहान्त भएको चालीस वर्षपछि हरिवंश जैसीले **श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई** लेखेका अर्जीमा, चौतारा बम शाहले लेखे सरह सलाम लेखेका देखिनआएको छ ५। **श्री ५ महाराजाधिराज गीर्वाणयुद्ध विक्रम शाहलाई** राजगुरु रंगनाथ पंडितले लेखेका पत्रमा **'शुभाशीर्वाद'** लेखिएको देखिनआएको छ ६। यस तरहसँग **श्री ५**

पृथ्वीनारायण शाहका समयदेखि राजाले उपाध्याय ब्राह्मणलाई प्रणाम, आफ्ना भाइ र भाइनाता पर्ने भैयादलाई '**आशीष**', काका-नाता पर्ने भैयाद र जैसी ब्राह्मणलाई '**सलाम**', पाँडे, बस्न्यात आदि क्षत्रीलाई पनि '**आशीष**' लेख्ने र जैसी ब्राह्मणले राजादेखि लिएर क्षत्रीतकलाई '**सलाम**' गर्ने नियम बाँधिएको र चालूसमेत भइरहेको देखिनआएको छ ।

टिप्पणी

१– यस विषयमा प्रकाश दिने सर्दार वंशराज खत्रीले मेजर चक्रपाणि उप्रेतीलाई लेखेको पत्र निजका वंशधर श्री-द्वारिकाराज उप्रेतीसँग रहेको देखिएको छ र त्यसको प्रतिलिपि यहाँ दिइन्छ,–

श्रीदुर्गासहाय ?

श्री ५ महाराजा

स्वस्ति श्रीसर्दार वंसराज षत्रिस्य पत्रम् –––––––––––––
आगे मेजर चक्रपानि उप्रेत्तिकै प्रनाम उप्रांन्त कुईन्याकालि कुमाहू

गढि चढ्दा फागुणको २१ दिन जादा वृहस्पतिवारको रात्रिको घटि ० पला १५ विताई कोटाल गढिमा प्रवेश गर्नु भनि सायेत दियाको प्रवेसपनि गरूं सायेत पनि ठह्र्यो कोटाल गढि देषि पूर्व तरफको येक सौत्यान्या टिपा वार्ना निमित्ये तेसै सायेतमा हेरि पारथ वस्न्यात हवल्दारलाई जुराई किलो ठोकनालाई लायाको त्यो सायेत पनि

तरवारले १ सत्रुहानेउं त्यो निश्चयेछ

ठह्र्यो फागुणका २३ दिन जादा सनिश्चरवारका १४ घटिमा कुईन्याको फौज आई जोरियो कुईन्याका १६ षेत रहि हटि विसुंषुका वंगामा पस्यो तेस दिन पनि हाम्रो जितवाजि फत्ये भयो फागुणका २५ दिन जादा सोमवारका दिन १२ घरि विताई हाम्रो जितवाजि छ भन्दा जोरि लडाञ्।ी गर्दा प्रथमै चोटमा कुईन्याको सुवेदार षुर्सा अर्षा षेत रहदा हटि आफना आडमा वुगामाजाई वस्यो तेसै दिनमा पनि हाम्रो जितवाजि भयो चैत्रका दिन ३ जादा मंगलवारका दिनको ११ घरि विताई पूर्व मुहुडा गरि हरिपलाई हान्नु भनि सायेत हेरिहान्दा कुईन्याको सुवेदार अले आर्षा भन्याको गोलि लागि मर्‍यो तेस दिन पनि सायेत ठह्र्यो हडि वुंगामा पस्यो चेतका २२ दिन जादा आदित्येवार रात्रिको २६ घरि विताई जंङगिनिसान सार्दा भोलिवेर सोंवार २३ दिन जादा दिनको २५ घरि विताई सान्याको जंगिनिसान लि वैढाई जादा कुईन्याको फौज १ कोससम्म ५ घरिराततक काछि ७६२ जना काटि घाईताको थाहा केहि रहेन धेरै भया त्यो सायेत पनि ठह्र्यो जितवाजिफत्ये भयो राजवुंगा वाहालि भयो सायेत वेस ठहरायाछौं जितवाजि फत्ये भयो तिमिले गर्‍याको मर्मिमहिनेत ----का हजुरमा विन्ति गरि निकासा दिलाई दिउला इति सम्वत् १८७२ साल मिति चैत्र शुदि ८ रोज २ मोकाम कालिकुमाहू राजवुंगा शुभम् (१७ अप्रिल १८१५)

यसमा सम्वत् १८७२ का चैत्रशुदि ८ का दिन सोमवार नपरेको हुनाले लेखकले एक सप्ताहपछि वैशाखवदि १ रोज २ लेखी आरम्भ हुने सम्वत् १८७२ भ्रमवश लेखिएदिएको देखिन्छ । यस

पत्रमा लेखिएका जितवाजीका सम्बन्धमा शंका छैन । अंग्रेजसेनापति कप्तान हियरसीले कालीकुमाउँका पहाडपट्टि तोप उतार्नसकेकोले उनी हस्तदल शाहद्वारा २ अप्रिलका दिन पराजित भई पक्रिएको अवसर भेट्टाएर ३ अप्रिल (चैत्र २३ गते) का दिन सर्दार वंशराज खत्रीले कोटालगढीनेर अंग्रेजी सैनिकदललाई तहसनहस पारेको यस पत्रबाट देखिन्छ र आक्रमण गर्नुभन्दा पहिले कीलो गाड्दा सामनेका टिप्पामा कीलो गाड्ने नियम भएको पनि यसै पत्रबाट देखिनआएको छ ।

२– यस विषयमा प्रकाश दिने **श्री ५ पृथ्वीनारायण शाहले** राजकुमार रणरुद्र शाहसमेतलाई लेखेको पत्र जैसीकोठामा रहेछ र त्यसको प्रतिलिपि दिन आवश्यक देखिएको छ,–

स्वस्तिश्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराज मानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री मत्पृथ्वीनारायण साहदेवानां सदा समर विजयीनां–

स्वस्ति श्रीमन्महांराजाधिराज राजकुमार श्री रुद्रण साह तथा श्री भद्रुसाह देवेषु तथा श्री जस्कर्ण पांडेके आसिक सलाम पूर्वक पत्रमिदं उप्रांन्तः सिवपुरिको काज असारको २१ दिन जांदा आइतवार काज गर्नु आंटियो कुलानन्द जैसिले पनि एहि दिन आंटचा चिगाले पनि एहि दिन आंटचो काज गर्छौं तांहां त नदि पनि वाढ्यो स्वर पनि सुस्तै छः विनिविनि कन भला भला मानिस जना ६० इहां पठाव असारको २० दिन जादा हजुर आइ पुगुन एस दिन भन्दा अघि आया सोर हुन्छ एस दिन महांनआइ पुग्या काज भेटैनन्तस्कारन विसै दिन जांदा हजुर आइ पुगुन मिति आः वदि १० रो ४ मुकाम नुवाकोट शुभम् (सम्वत् १८१६, २० जून १७५९)

३– यस विषयमा प्रकाश दिने जैसीकोठामा रहेको **श्री ५ पृथ्वीनारायण शाहले** लेखेका तल लेखिएबमोजिमको पत्र देखिएको छ,–

श्रीदूर्गा साहाय ?

मुक्तेश्वर पाध्या रूपगौ पाध्याकन बोलाईपठाई देउ शुभम्

स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरूक्का ------

आगे श्रीधर पंथ प्रति विरेश्वरपाध्याका संर्सगि जोछन् जानि जानि षान्याकन वनाईकन दंडगर. नजानिषान्याहरु कन. प्रायश्चितगर्न. ञाँहां पठाई देउ. प्रायश्चित हेराई लैजाउंन्. सर्वथा ३ संवत् १८२१ चैत्र शुदि १ रोज ६ शुभम् (५ अप्रिल १७६५) ------------

यसमा वीरेश्वर उपाध्यायले विधवा ब्राह्मणी ल्याई अरू उपाध्याय ब्राह्मणलाई पनि मिलाएर भातभान्सा सरोवर गरेको देखिदा **श्री ५ पृथ्वीनारायण शाहले** तिनीहरूलाई दण्ड दिने र थाहा नपाई तिनीहरूका भात-भान्सामा झुक्किएर परेकालाई प्रायश्चित्त गर्न पठाइदेऊ भनेर अदालतका हाकिम श्रीधर पन्थलाई लेखेका र परिस्थिति जाँच्नालाई अथवा प्रायश्चित्त गराउनालाई मुक्तेश्वर उपाध्याय र रूपगौ उपाध्यायलाई पनि बोलाएका देखिन्छ ।

४– यो नियम लेखिएको जैसीकोठामा रहेको लालमोहरको प्रतिलिपि यहाँ दिन आवश्यक देखिएको छ,–

"स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री मत्पृथ्वीनारायण साहदेवानां सदा समर विजयीनाम् ------------

स्वस्तिश्री सर्वोपमायोग्य मर्यादामहोदधि सकलगुण गरिष्ट राजभारा. सामर्थ. श्री हाम्रा अस्वल भरीका सभ जैसिके उप्रांत आज उप्रांत छ कर्म उपाध्या ब्राह्मणका तिन कर्म जैसिका क्या क्या तिन कर्म भन्या पन्ह्, नपह्ला वनु यज्ञनगर्नु यज्ञ गरावनु दान दिनु दान नलिनु. उप्रांत उपाध्या ब्राह्मणकन जैसिले प्रणाम गर्नु उपाध्याले आशीष दिन क्षत्रिय वैश्यसंग दोहरै सालम् गर्नु षस सूद्र इत्यादिले अघि जैसिकन सलाम गर्नु पछी जैसीले सलाम् फर्कावनु आशीष नदिनु. एस मर्यादामा जो रहला. सो सुष पावला एस् मर्यादामा जो रहोइन सो दुष्ष पावला. उप्रांत प्रणामि थुन्नाको कुइचोलाइ राजाले हामि सभैको वित्तर्ा षान

आटघाको होला भनी ठानौला विराया राजाकोरजाइ पनी हर्रिहिछ उपाध्या ब्राह्मणको वित्तॅ पनी हर्रिहिछ. नविराया व्रामु कुन्हाल् माझीको वितॅा पनी हर्रिहि दैन. नेपाल माहां पनी सभै जातका वित्तॅा छन्. मधेस भोट. जुम्ला. कुमाउं । डोटि सर्वत्र सभै जातका वितॅा छन्. सभै षादै छन्. पुराय निमित्त. उापाध्या व्राह्मणकन वितॅा दिहिछ. रूपैया भया सभै जातले किनि कन लिन पाहिछ तम्रो वितॅा छदैछ. एस कुराको फिक्रिजनीमान. इति सम्वत् १८१८ आश्विन वदी १० रोज ४ शुभम् (२३ सेप्टेम्बर १७६१ बुधवार) -----

५- **श्री ५ गीर्वाणयुद्ध विक्रम** शाहलाई हरिवंश जैसीले कार्तिक-शुदि १३ रोज ३ मा लेखेको अर्जी; ऐतिहासिक चिठिपत्र-संग्रह, भाग २, पृष्ठ ७७ ।

यसमा सम्वत्को संख्या लेखिएको नभए पनि लेखिएका दिन र वार सम्वत् १८७१ मा मिल्दछन् ।

६- ऐतिहासिक चिठिपत्र संग्रह, भाग १, पृष्ठ ४० ।

उनन्तीसवां परिच्छेद

कीर्तिपुरमा अत्याचार गरिएको प्रचार

इ. सं. १७५७ मा गोर्खाली सेनाद्वारा कीर्तिपुरमा भएको पहिलो आक्रमणमा कीर्तिपुर, भक्तपुर, ललितपुर र कान्तिपुरका समेत नवयुकहरू बटुलिएर कीर्तिपुर बचाउनाका लागि ल़डाइँका मैदानमा सामेल भएका थिए। यस लडाइँको नेतृत्व कान्तिपुरका राजा जयप्रकाश मल्लले गरेका थिए र विशेष गरेर विदेशी नगरकोटी सैनिकका सहायताले गोर्खाली सेनालाई उनले हराएका थिए। यस हारपछि आर्थिक नाकाबन्दी नगरी काठमाडौं उपत्यकालाई जित्ननसक्ने देखेर **श्री ५ पृथ्वीनारायण शाहले** इ. सं. १७५९ देखि आर्थिक नाकाबन्दी आरम्भ गरेका थिए। यो आर्थिक नाकाबन्दी अधकल्चै रहेको अवस्थामा आफ्ना भाइ काजी शूरप्रताप शाहका ढिपीले **श्री ५ पृथ्वीनारायण शाहले** उनैलाई सेनापति गराई इ. सं. १७६४ मा दोस्रा पटक कीर्तिपुरमा आक्रमण गर्नपठाएका थिए। यस पटक कान्तिपुर र भक्तपुरका राजाहरूलेमात्र होइन खूद कीर्तिपुरका मालिक भएका ललितपुरका

राजाले पनि कीर्तिपुरका सहायताका लागि सैनिक पठाएका थिएनन् तापनि यस वस्तीका बासिन्दाका दिलेरीले र सेनापति शूरप्रताप शाहका उत्ताउलोपनाले गर्दा गोर्खाली सेनापतिहरूमा नै कलह चल्यो र गोर्खाली सेनाले हार खानुपरेको थियो । **श्री ५ पृथ्वीनारायण शाह** नुवाकोटमा रहेका समयमा कीर्तिपुरमा गोर्खाली सेनाको घेरा परेको थियो । यस समयमा काठमाडौं उपत्यकामा पूर्ण आर्थिक नाकाबन्दी थियो । यस तेस्रा पटकको अभियानका सेनापति काजी वंशराज पाँडे थिए र यस समयमा ललितपुरका गद्दीमा तेजनरसिंह मल्ल थिए र उनका प्रमानहरू पनि आपसमा हानथाप गरिरहेका हुनाले कीर्तिपुरलाई उनीहरूले सहायता गर्नसकेका थिएनन् । कान्तिपुर र भक्तपुरका राजाहरूले आफ्नाआफ्ना ठकुराइलाई बचाउनसक्ने उम्मेद नदेखेर सैनिक-सहायताका लागि कलकत्ता कौन्सिलका गभर्नरकहाँ दूत-मण्डल दौडाइरहेका थिए । यस प्रकार कीर्तिपुरको रक्षाको निमित्त तीनै मल्लठकुराइहरूबाट कुनै प्रकारको सहायता नआउने देखेर छ महीना जति गोर्खालीको घेरामा परेका त्यहाँका रक्षक ललितपुरका प्रमान सिख्वाल पनि हैरान थिए । यस अवस्थामा लडाइँ गरेर दुवै पक्षको हानि गराउनुभन्दा अभयको सन्देश कीर्तिपुरका बासिन्दाहरूलाई दिएर त्यहाँ अधिकार गर्नु उचित संझी काजी वंशराज पाँडेले नुवाकोटमा रहेका **श्री ५ पृथ्वीनारायण शाह**को अनुमति प्राप्त गरी अभयको सन्देश त्यहाँ पठाउँदा सिख्वालले मन्जूर गरी काजी वंशराज पाँडेका नेतृत्वमा गोर्खाली सैन्यदललाई रातमा गोपुर खोलेर कीर्तिपुरमा प्रवेश गराएका थिए (१२ मार्च, १७६६) । यस विषयमा **श्री ५ पृथ्वीनारायण शाह** र वंशराज पाँडेका बीचमा भएका चिठीपत्र पाइएका छैनन् । कीर्तिपुरमा अधिकार भएको समाचार सुनेर नुवाकोटमा छोराछोरीका विवाहको काममा अलमलिएका **श्री ५ पृथ्वीनारायण शाह**ले खुसी मनाएका थिए र यसपछि लमजुंगेसितको लडाइँमा लाग्नुपरेको हुनाले उनी आफू त्यहाँ आउनसकेका थिएनन् ।



गोर्खा सिरानचोक गढीको
भग्नावशेष

लमजुंगेसितको लडाइँबाट फुर्संद पाएर कीर्तिपुर दखल भएको

सात महीनापछि **श्री ५ पृथ्वीनारायण शाह**ले कीर्तिपुरमा प्रवेश गरेका थिए (२७ अक्टोबर)। यस उपलक्ष्यमा त्यहाँ आफ्नो सालिकको स्थापना गरी उनले त्यस दिन त्यहाँका देव-देवीका पूजा-आजा गराएका थिए। रात्रिमा दीपमालिका र नाचकीर्तन गराएका थिए। अनि प्रतिवर्ष पूजा, हवन र दीपमालिका गर्न र जात्रा चलाउन **श्री ५ पृथ्वीनारायण शाह**ले केही जमीन गुठी राख्नाका साथै कीर्तिपुरका चैत्य र विहारमा पूजा-आजाका निमित्त पनि केही जग्गा गुठी राखेका थिए। कीर्तिपुरका कोटमा पानी घडी राखेर त्यहाँका वासिन्दालाई पनि कान्तिपुर, भक्तपुर र ललितपुरका वासिन्दालाई जस्तै समयको ज्ञान हुने सुविधा समेत **श्री ५ पृथ्वीनारायण शाह**ले प्रदान गरेका थिए र यसको निमित्त केही जग्गा गुठी पनि राखेका थिए। यसपछि सिँधुली-तिर अंग्रेजहरूसितको लडाइँ रहेसम्म **श्री ५ पृथ्वीनारायण शाह**ले यस कीर्तिपुरमा बसेर लडाइँको संचालन गरेका थिए र यसै समयमा यहीं रहेर ललितपुरका कीर्तिराजानन्दोपाध्यायसंग कान्तिपुर दखल गर्ने विषयमा पत्रव्यवहार गरिरहेका थिए।

२६ सेप्टेम्वर, १७६८ मा कान्तिपुर दखल भएको थियो र यसपछि

विना लडाइँले ललितपुरका प्रमानहरू मिलेर ललितपुर सौंपेका हुनाले १४ जनवरी, १७६९ का दिन **श्री ५ पृथ्वीनारायण शाह**ले ललितपुरमा प्रवेश गर्दा कान्तिपुर र भक्तपुरमा रहेका पादरी र क्रिस्तान बनेका काठमाडौं उपत्यकाका मानिसहरू समेत त्यहीं बटुलिए-का थिए। काठमाडौं उपत्यकामा अंग्रेजहरूको अधिकार गराउनामा यी पादरीहरू लागेका हुनाले यिनीहरूको अखडा यहाँ रहिरहेमा पछि पनि यिनीहरूवाट सो प्रयत्न भई नै रहने सम्भावना देखेर **श्री ५ पृथ्वीनारायण शाह** यी पादरीहरूलाई निकालिदिन चाहन्थे। तर, तनहूँमा आक्रमण गर्नाका निमित्त आफू लगत्तै लाग्नुपरेको हुनाले यी पादरीहरूलाई निकाल्ने कामको अभिभारा **श्री ५ युवराज प्रतापसिंह शाह**लाई सौंपी फेब्रुअरीका आरम्भमा **श्री ५ पृथ्वीनारायण शाह**

गोर्खातिर लागेका थिए । यी कुरा तेस्रो भागमा प्रमाणसहित लेखिएका छन् ।

जोसेप्पी र माइकेलएन्जिलो पादरीहरूमा मुख्य थिए । माइकेलएन्जिलो ओखती गर्ने काममा निपुण पनि थिए र **श्री ५ युवराज प्रतापसिंह शाह** माइकेलएन्जिलोका यस गुणको कदर पनि गर्दथे तापनि पिताका नीति अनुसार **श्री ५ युवराज प्रतापसिंह शाहले** पादरी जोसेप्पी र माइकेलएन्जिलो समेत अरू सबै पादरीहरूलाई राम्रा मुखले विदा दिई यिनका साथमा रहेका धनमालमात्र होइन क्रिस्तान बनेका ६२ जना काठमाडौं उपत्यकाका निवासीहरूलाई पनि साथमा लैजानदिएका हुनाले १० फेब्रुअरीका दिन काठमाडौं उपत्यका छोडी यिनीहरू सबै बेतियाका 'चुरी' नामक स्थानमा अखडा बनाएर बसेका थिए ।

१२ नवेम्बर, १७६९ मा भक्तपुर दखल भएको थियो । यसै समयमा गोर्खाली कवि ललितावल्लभले रचना गरेका **'पृथ्वीन्द्र-वर्णनोदय'** काव्यमा कविले कीर्तिपुर-विजयका विषयमा निम्न लिखित वर्णन गरेका छन्:—

सर्वान् दुर्गवरान् सभूपतिवरो जित्वा चतुर्दिक्स्थितान्
रम्यं कीर्तिपुरेति विश्रुतपुरं जग्राह भूरिश्रवाः ।
हत्वा शत्रुसनश्विनः कति पुनः प्रच्छिद्य नासादिकं
कृत्वा कांश्च विरूपिणः कुपुरुषान् कीर्तिस्वरूपं द्विषः ॥

कीर्तिपुर दखल भएको पच्चीस वर्ष जतिपछि नेपालबाहिर रहेर पादरी जोसेप्पीले लण्डनबाट प्रकाशित हुने 'एसियाटिक रिसर्सेज' (जिल्द २, पृष्ठ ३१५) मा कीर्तिपुरका विषयमा अनेक कुरा लेखी कीर्तिपुर—विजय र विजयपछिका घटनाको जुन बयान प्रकाशित गराएका थिए त्यसको अनुवाद यस तरहको छ:—

"यसपछि उनको आफ्नो राज्य गोर्खाको सीमानासित जोडिएका लम्‌जी (लंमजुंग) का राजाका विरुद्ध आक्रमण गर्न गोर्खाका राजाले आफ्नो सेना पठाए । धेरै पटकका मुठभेडपछि लम्‌जीका राजासित

समझौता भयो: अनि आफ्ना फौज बटुलेर गोर्खाका राजाले तेस्रा पटक कीर्तिपुरमा घेरा दिन आफ्ना सेना पठाए। यस अभियानमा सेनाको नेतृत्व उनका भाइ सुरूपरत्न (सुरप्रताप?)ले गरेका थिए। कीर्तिपुरका बासिन्दाहरूले आफ्ना स्वाभाविक वीरताले (आक्रमणको) सामना गरे। कैयँन महीनाको घेरा परेपछि कीर्तिपुरको सहायताका लागि सेना पठाउन तीनै (कान्तिपुर, भक्तपुर र ललितपुरका) राजाहरू काठमाडौंमा भेला भए। एक दिन अपरान्हकालमा उनीहरूले गोर्खालीका केही ठानाहरूमा आक्रमण गरे। तर गोर्खालीलाई हटाउन-सकेनन्। किनभने जेनप्रेजाज (जयप्रकाश?) को पतन गराउन आफ्ना प्राणसम्मको बाजी लगाउन तत्पर कैयँन प्रमानहरू (गोर्खाली-सित) मिलेका हुनाले गोर्खालीको पक्ष बलियो भएको थियो। कीर्ति-पुरका बासिन्दाहरूले गोर्खालीका घेराको मुकाविला गरेपछि दनुवन्त (धनवन्त?) नामक ललितपट्टनका एक प्रमान भागेर गोर्खालीसित मिल्नपुगे र धोखा दिएर (कीर्तिपुरेहरूलाई) गोर्खाली फौजलाई बस्तीमा प्रवेश गराए। गोर्खाली फौजलाई हटाउनसकिने ठाउंमा बस्तीका माथिल्ला भागमा रहेका केही अरू ठानाहरू यिनीहरूकै अधिकारमा रहेका हुनाले कीर्तिपुरका बासिन्दाहरू अझै गोर्खालीसित मुकाविला गर्नसक्तथे; तर गोर्खाली जनताले आम माफीको घोषणा गरिदिए। यस अवस्थामा गोर्खालीको लामो समयको घेराले कीर्ति-पुरेहरूले यस घोषणाको मोहमा परेर आत्मसमर्पण गरी आफू वन्दी बने। यसैबीच गोर्खालीले बस्तीभित्रका सबै गोपुर र किल्लाहरू माथि कब्जा गरे। तर दुइ दिनपछि नवकूट (नुवाकोट?) मा रहेका पृथ्वीनारायणले, बस्तीका मुख्यमुख्य बासिन्दाहरूमध्ये केहीलाई मार्नू, आमाको काख छोडेका बालकहरू लगायत (बस्तीका) प्रत्येक व्यक्तिको नाक र ओठ काट्नू, कति जना रहेछन्भनेर जान्नालाई काटेका नाक-ओठ जम्मा गर्नु र बस्तीको नाम बदलेर नसकटापुर राख्नूभन्ने आज्ञा-पत्र आफ्ना भाइ सुरूपरत्नका नाउँमा पठाए। यस्तो दानवी दृश्यको प्रदर्शन हुँदैछभन्ने जानेर पादरी माइकेलएन्जिलो

सुरूपरत्न भएका ठाउँमा गएका र यी असहाय कीर्तिपुरेहरूमाथि दया गर्न यिनले बडो विन्ति भाउ गरेका थिए तापनि यस आज्ञाको निर्दयतापूर्वक अक्षरसः पालन गरियो; बांसुरी अथवा मुरली बजाउनजान्ने व्यक्तिबाहेक कुनै पनि कीर्तिपुरे उम्कनसकेनन् । हतास भएर तीमध्ये कतिले आफ्नो जीवन नै समाप्त गरे, अरू झुण्डका झुण्ड ओखतीका खोजीमा हामी कहाँ आए । मृतव्यक्तिको खप्पर जस्तो किच्च दाँत देखिएका र ठुटे नाक भएका जीवित व्यक्तिहरूको दृश्य अत्यन्त हृदयविदारक थियो" ।

कीर्तिपुर दखल भएको तेइस वर्षपछि काठमाडौंमा आएका कप्तान कर्क प्याट्रिकले यहाँ आएका अठार वर्षपछि प्रकाशित गरेका नेपालवर्णनमा कीर्तिपुरको परिचय दिंदा जो लेखेका छन् त्यसको अनुवाद यस तरहको छः— "पाटनबाट अन्दाजी तीन माइल पश्चिममा रहेको कीर्तिपुर एक सानू डाँडाको टाकुरामा बसेको छ । पुर्थीनिरेन (पृथ्वीनारायण?) ले हमला गरेका बेलामा यो वस्ती पाटनको अंश थियो तापनि एक समयमा यो एक स्वतन्त्र राजाको राजधानी थियो । कीर्तिपुर दखल गर्न गोर्खालीले ठूलो दुःख भोग्नुपऱ्यो । यहाँका बासिन्दाहरूले गरेका प्रतिरोधबाट चिढिएका यिनले (पृथ्वीनारायणले) लडाइँमा समातिएका सबै पुरुष जत्तिको नाक निर्दयता पूर्वक काट्नलगाए । पहाडी बाटामा हाम्रो भारी बोक्नआएका भरियाहरूमा ध्यान आकर्षित गर्ने संख्यामा (ए रिमार्केबल नम्बर) नकटाहरू देखेपछि यिनीहरूका नाक नहुनाको कारणको खोजी गर्दा हामीलाई यस कुराको पत्ता लागेको थियो "।

कीर्तिपुर दखल भएको पचहत्तर वर्षपछि कुनै व्यक्तिले अंग्रेजी रेजिडेण्ट हग्शनलाई लेखेर दिएको एक कागजपत्र इण्डिया आफिस लाइब्रेरीमा रहेका हग्शन कागज-पत्रमा थन्किएररहेको छ (ठेली ५२, पत्र ४७) । त्यसमा कीर्तिपुर दखल भएको विषयमा लेखिएका वाक्यको उतार यहाँ दिइन्छः—'अघिका कीर्तिपुरका लडाईमा सूरप्रताप साहकन एकाक्षी गरिदियाको रीसले नेपाल संवत् ८८६

अधिक चैत्र शुदि तृतीया वारका दिन कीर्तिपुर प्रवेश गरि भोलिका दिनमा वाह्र वर्षका उभोका प्रजाहरू सबैले राजा सलाम गर्नु आउनु भनि छलकार गरि वोलाई कोटमा ठुनि दिन पछि सबैका नाष काटि दिया र तौल हेर्दा धार्नि वाह्र सेर १२ सेर १ तोला ६ प्रजाहरू ज्मा ८६५।। फेरि दिन पछि नाष काटन्या भोटचाहरूलाई नाष मात्रि काट भन्या-कामा मुष शुद्धा काटि दियो भनि भोटचाहरू सबै यमलोक पठाई दिया ।। ।। जुन कीर्तिपुरका प्रजाहरू षराप गराई दिया ।। कीर्तिपुरका कोट प्रजाहरूका घर पनि आगो लाई नाश गरि दियां"।

कीर्तिपुर दखल भएको एकसय वाह्र वर्षपछि खरिदार बुद्धिमान-सिंहले लेखेका भाषावंशावलीमा यस घटनाको वर्णन यस तहरसित गरिएको छः– "ज्याहा उप्रान्त नेपाल्को ठुलो आड् कीर्तिपुर सर भयापछि कीर्तिपु-याहरुमा सामंन्य देषा पर्न आई लाग्न्याहरुकन समाई मा-या. पछीवाट अघी कालु पांडे प्रभृति सर्दारहरुलाई मारी दियाको रीसले र पछि सुरप्रताप् साहका नजर तीर प्रहार गरी दिया भंन्या रिसले कीर्तिपु-या प्रजाहरु ११ वर्ष भंदा उभोका उमेर भयाका-हरुकन नाष काटचा. भागी दवी रहन्याहरुको मात्र वाच्यो. नाष काटी तौलि हेर्दा धार्नि सत्र १७ सेर १ भया यस कीर्तिपुर लडाई हुंदा अघी छ मैन्हा सम्ममा थाम्या पछिको लडाईमा र लडाई गरि वेर्थ ज्यान् फेक्नु मात्र थियो. तैपनि कीर्तिपु-याले षुप् लडाई ग-याको हो तर काजी भागी गोर्खातिर मिल्न जादा पछी केही सीप नलाग्दा कीर्तिपुर सर ग-या. नाष काटी नकटापुर भनी भन्न लाग्या" (पृ.३७२)।

ललितावल्लभको लेख राजकीय पुस्तकालयमा थन्किएररहेको हुनाले पादरी जोसेप्पीदेखि लिएर वुद्धिमानसिंहतकले देखेका थिएनन् । यस लेखका विषयमा पछिबाट विचार गरिनु उचित देखिन-आएको छ । पहिले जोसेप्पीका लेखका विषयमा विचार गरौं । कीर्तिपुरमा तेस्रो आक्रमण हुँदा सेनापति भएरगएका काजी वंशराज पाँडे थिए, (सुरप्रताप शाह) (सुरूपरत्न) थिएनन् । दोस्रो आक्रमण-मा सुरप्रताप शाह सेनापति भएर गएका थिए र उनले बाँया आँखा

गुमाएका पनि थिए। तेस्रा आक्रमणका सेनापति वंशराज पाँडेलाई भुलेर सुरप्रताप शाहलाई नै तेस्रा आक्रमणका सेनापति भएको भ्रम यिनलाई भएको स्पष्ट छ। कर्क प्याट्रिकले **श्री ५ पृथ्वीनारायण शाह**लाई 'पुर्थीनिरेन' लेखेका छन्। संस्कृतशब्दको उच्चारण अंग्रेजका मुखबाट अशुद्ध हुनु स्वाभाविक छ। परन्तु, यिनले सुरप्रतापका ठाउँमा सुरूपरत्न लेखेका छन्; प्रतापको उच्चारण **'रत्न'** हुनु संभव छैन। यसकारण सुरप्रताप शाहको नाम आफ्ना उच्चारण अनुसार कहीं टिपेरनराखेका हुनाले यो भूल भएको स्पष्ट छ। जयप्रकाश मल्ललाई यिनले **'जेनप्रेजाज'** लेखेका छन्। यसबाट पनि यिनले आफ्ना कुनै टिपोटमा जयप्रकाशमल्लको आफ्नो उच्चारण अनुसारको नाम नटिपेका हुनाले **'जेनप्रेजाज'** भन्ने भ्रष्ट नाम यिनलाई याद भएको देखिन्छ। कीर्तिपुर दखल हुँदा **श्री ५ पृथ्वीनारायण शाह** नुवाकोटमा रहेको कुरासम्म यिनलाई याद रहेछ। यिनले लेखेका अरू घटनाहरू सुने-सुनाएका भरमा तीलको ताड बनाएर लेखेको स्पष्ट देखिन्छ। तीनै राजा (कान्तिपुर, ललितपुर र भक्तपुरका) मिलेर कीर्तिपुरमा गोर्खालीउपर आक्रमण गर्दा गोर्खालीले हराएभनी लेखेका छन्। तर, यस समयमा भक्तपुर र कान्तिपुर बचाउन त्यहाँका राजाहरूलाई कठिन भएको हुनाले कीर्तिपुरमा गोर्खालीको घेरा परेको समयमा नै दुवै (कान्तिपुर र भक्तपुरका) राजाले मिलेर अंग्रेजसंग सहायता माग्न दूतमण्डल दौडाएको कुरा माथि लेखिसकिएको छ। यसकारण यी दुइ राजाहरूले कीर्तिपुर बचाउन सैनिकदल पठाएको कुरा बिलकुल झुठ्ठा स्पष्ट देखिएको छ। कीर्तिपुरका बासिन्दाले अझै गोर्खालीको मुकाविला गर्नसक्तथे भन्ने जो कुरा यिनले लेखेका छन् त्यो पनि शंकै छ। दोस्रा पटकको आक्रमणमा गोर्खालीलाई हराएर उत्साहित भएका कीर्तिपुरका निवासीहरू यस समयमा आफ्नो शक्ति बचेको भए अघि सर्न चुक्तैनथे ? शक्ति नभएर नै आम माफीको आदर गरेर उनीहरूले आत्मसमर्पण गरेका थिए।

कीर्तिपुरका जनताले आत्मसमर्पण गरेपछि **श्री ५ पृथ्वीनारायण**

शाहले सुरप्रताप शाहलाई, १) वस्तीमा केही मुख्य बासिन्दाहरूलाई मार्नु, २) प्रत्येक व्यक्तिको नाक र ओठ काट्नु, ३) नाक ओठ काटिएका मानिसको गन्ती गर्नालाई काटिएका नाक ओठ जम्मा गरिराख्नु र ४) वस्तीको नाम बदलेर नसकटापुर राख्नू भन्ने आज्ञा पठाएर यस आज्ञाको निर्दयतापूर्वक पालना गरियोभनेर पादरी जोसेप्पीले लेखेका छन् । तर, यसै वस्तीमा **श्री ५ पृथ्वीनारायण शाह** आएर यस वस्तीलाई सजाई आफूसमेत केही महीना यहीं बसेका हुनाले सबै नकटा नरनारी भएका नकटापुरलाई सजाउनु र त्यहाँ आफू निवास गरिरहनु एकदम असंभव छ । त्यहाँ बसेर **श्री ५ पृथ्वीनारायण शाह**ले र **श्री ५ युवाराज प्रतापसिंह शाह**ले लेखेका पत्रहरूमा मुकाम 'कीर्तिपुर' लेखिएको छ; 'नकटापुर' लेखिएको छैन । यो कुरा साँचो भएको भए समयान्तरमा यस वस्तीको नाम पुरानै कायम हुनगए तापनि यस बस्तीको नाम बदल्ने **श्री ५ पृथ्वीनारायण शाह**ले र उनका उत्तराधिकारी **श्री ५ युवराज प्रतापसिंह शाह**ले यहाँ बसेरलेखेका पत्रहरूमा निश्चय नै मुकाम 'नकटापुर' लेखिनेथियो । यसकारण पादरी जोसेप्पीको कथन पागलको प्रलाप समान छ ।

हग्शन-पेपरमा रहेको यस विषयको कागज लेखेर हग्शनलाई दिने, "थुनी" का बदलामा "ठुनि" लेख्ने महाशयले **श्री ५ पृथ्वीनारायण शाह**को नाम नलिएर आक्रामक भारादारले नै दोस्रा दिन राजाको दर्शन गर्न बाह्र वर्ष उँभोका वस्तीका बासिन्दाहरूलाई बोलाई कोटमा थुनेर पछि सबैका नाक काटिदिंदा काटिएका नाकको तौल धार्नी १२ सेर १ र तोला ६ भयोभनेर लेखेका छन्। यो बाहेक नाकमात्र काट्ने आज्ञा दिएकोमा ओठ पनि काटेका अपराधमा काट्ने भोटेहरूलाई पनि मारिदिए र कोट र प्रजाहरूका घर पनि आगो लगाएर जलाइदिए भन्ने प्रलाप जो लेखेका छन् त्यो उनकै मनगढन्त सिवाय केही साबित हुँदैन ।

बुद्धिमानसिंहले पनि केही जोसेप्पीका लेखको र केही हग्शनलाई दिने अज्ञातनामा लेखकको अन्धानुकरण गरी 'नकटापुर' भन्ने

नामको समर्थन गर्दै काटिएका नाकको तौल बढाएर १७ धार्नी एक सेर पुऱ्याएका छन् । यस तरहका पागलपनका विषयमा अधिक चर्चा गर्नु आफ्नै पागलपन हुनेभएको छ ।

कप्तान कर्क प्याट्रिकले आफ्ना भरियाहरूमा ध्यान आकर्षित गर्ने संख्यामा नकटाहरू देखेका कुरा लेखेका छन् । अरू बयान जोसेप्पीको लेखको भरमा लेखिएको देखिन्छ । तर, यिनले न ओठ काटेको कुराको वर्णन गरेका छन् न ता आफ्ना नकटा भरियाहरूको ओठ नभएको कुरा नै लेखेका छन् । कर्क प्याट्रिकका यसै वर्णनबाट ओठ काटिएको भन्ने कुरा सर्वथा गलत देखिनआएको छ ।

यसप्रकार नाक-ओठ-काण्डका विषयमा यो कार्य कसैले **श्री ५ पृथ्वीनारायण शाह**का आज्ञाले भएको र कसैले सेनापतिले धोखा दिएर वस्तीका बासिन्दाहरूलाई एक कामका निम्ति बोलाएर थुनी काटेको भनेरलेखेका छन् । यस अवस्थामा यस प्रकारको राक्षसी आज्ञा **श्री ५ पृथ्वीनारायण शाह**ले दिएका हुन् भन्ने कुरा नै निराधार देखिनआउँछ । अनि कसैले नाक-ओठ दुवै काटेको, कसैले नाकमात्र काटेको र कसैले संख्या जान्नमात्र नाक-ओठ जम्मा गर्नलाएको, कसैले काटेका नाक-ओठ तौलेको र त्यो तौल पनि एक जनाको वर्णनमा एकथरि र अर्काको वर्णनमा अर्कैथरि भएको अनि कसैले त्यो वस्तीको नाममात्र वदलिदिएको र कसैले त्यस बस्तीलाई नै भस्मसात् गरिदिएको कथा कथेका छन् ।

श्री ५ पृथ्वीनारायण शाहको चरित्र र उनका निर्देशन र नियन्त्रणमा निर्माण भएको गोर्खाली सेनाको परम्पराको आधारमा पनि यस विषयमा विचार गरिनु आवश्यक देखिनआएको छ । नेपालको एकीकरणको लागि संवत् १८०१ देखि १८३१ सम्मको आफ्ना जीवनकालमा **श्री ५ पृथ्वीनारायण शाह**ले शुरु गरेका अभियानमा सयभन्दा बढी ठाउँमा लडाइँ लडिए । तीमध्ये कुनै लडाइँमा पनि आत्मसमर्पण गरेका र रणक्षेत्रमा समातिएका व्यक्तिको लडाइँपछि हत्या भएको आजसम्म पाइएका कुनै पनि समसामयिक कागज-पत्रबाट देखिएको

छैन । लडाइँका मैदानमा हतियार लिएर भिडिनआएका शत्रुलाई बाहेक अरू कुनै पनि निहत्था नरनारीको हत्या गोर्खाली सेनाले गरेको कुरा पनि समसामयिक कागज-पत्रमा भेट्टिएको छैन । यसको एकमात्र अपवाद भक्तपुरको लडाइँ थियो र यस कामका निम्ति उत्तरदायी सम्बन्धित व्यक्तिलाई **श्री ५ पृथ्वीनारायण शाह**ले उचित दण्ड दिएको कुरासमेत यथास्थान उल्लेख भइसकेको छ (भाग–३) । कीर्तिपुरमा मात्र गोर्खाली सेनाले हार खानुपरेको थिएन र यसै लडाइँमामात्र गोर्खाली सेनापतिहरू परेका थिएनन् । नालदुम, चौकोट आदि स्थानका लडाइँमा पनि गोर्खाली सेनाले कैयौं पटक हार खानुपरेको थियो र नामी गोर्खाली सेनापतिहरू ती लडाइँहरूमा खेत रहेका थिए । पछि ती स्थानहरूमा स्थायी रूपले दखल भएपछि **श्री ५ पृथ्वीनारायण शाह**द्वारा तीमध्ये कुनै पनि स्थानका जनताको अत्याचार बेइज्जती र उनीहरूको सर्वस्वहरण भएको कुरा पनि कुनै समसामयिक कागज-पत्रमा भेट्टिएको छैन । वरु चौकोटका जनता आफैंले वस्तीमा आगो लगाइदिंदा अरू धन-जनको हानि नहोस् भनेर केही समय पर्खेर अर्कै उपायद्वारा एक थोपा पनि दुनियाँको रगत नबगाई एक कौडी पनि कसैको नोक्सान नगरी **श्री ५ पृथ्वीनारायण शाह**ले चौकोट दखल गरेको कुरा पनि यथास्थान लेखिइसकिएको छ । यसवाट पनि कीर्तिपुरको यो घटना सर्वथा निराधार देखिनआएको छ ।

अब ललितावल्लभका लेखउपर ध्यान देऔं । उनका पद्यको अन्वय यस प्रकार हुन्छ । **सः भूपतिवरः चतुर्दिक् स्थितान् सर्वान् दुर्गवरान् जित्वा कति शत्रुभनश्वितः हत्वा कति नासादिकं प्रच्छिद्य पुनः कांश्च कुपुरुषान् विरुपिण कृत्वा (स) भूरिश्रवाः द्विषः कीर्तिस्वरूपं रम्यं कीर्तिपुरेति विश्रुतपरं अग्राह** । अर्थात् राजाहरूमा श्रेष्ठ भएका तिनले चारै दिशामा रहेका सबै बलिया गढीहरू फोरेर केही हौसलावाला शत्रुहरूलाई मारेर केहीको नाक आदि काटेर केही घटिया मानिसहरूलाई विरूप बनाएर, इन्द्रसमान भएका उनले शत्रुको कीर्तिस्वरूप भएको रमाइलो कीर्तिपुर भन्ने नामले प्रसिद्ध भएको शहर

माथि दखल गरे। "यहाँ छन्द नमिल्दा कविले कापुरुष (कातर मानिस) का बदलामा 'कुपुरुष' लेखेको र **'नासिका:'** का बदलामा **'नासादिकं'** लेखेको देखिन्छ। **श्री ५ पृथ्वीनारायण शाह** शत्रु भए पनि वीरको कदर गर्ने हुनाले चौकोटका वीर महीन्द्रसिंह रायका परिवारलाई उनले भत्ता दिएको कुरा यथास्थान वर्णन गरिसकिएको छ। कीर्तिपुरमा जो हौसलावालाहरू आत्मसमर्पण गर्नुभन्दा पहिले लड्नआएका थिए ती मारिएको कुरा कविले लेखेका छन्। त्यो कार्य लडाइँका नियम अनुसार भएको थियो। केही कातरहरूले आत्मसमर्पणपछि गोर्खाली सैनिकलाई झुक्याएर मारेका हुनाले ती कातर व्यक्तिहरूलाई मार्नु अनुचित थिएन तापनि नमार्ने घोषणा भइसकेको हुनाले मार्नु उचित भएन। तर, यी कातर अपराधीहरूलाई दण्ड नदिएमा पनि अपराधीले प्रोत्साहन पाउनेहुनाले त्यो रोक्नाका निमित्त पोइल जाने जनानाको नाक काटे झैं गरी नाकका टुप्पाका नथुनी काटेर कुरूपमात्र गराई ज्यालामजूरी गरी जीवन चलाउन बाधा नदिई कीर्तिपुरबाट हटाएर राखिदिएका हुनाले यिनै नकटाहरूलाई कर्क प्याट्रिकले देखेका अनुमान हुन्छ। यस्ता नकटाहरूको संख्या पन्ध्र-बीस भन्दा अधिक हओइन।

तीसौं
परिच्छेद

पादरी जोसेप्पीको अरू भनाइ

पादरी जोसेप्पीले यो पनि लेखेका छन्-"जुन उपायद्वारा पहिले उनले सफलता प्राप्त गरेका थिए त्यसै उपायद्वारा १७६९ का प्रारम्भमा गोर्खाका राजाले भादगाउँसहरमाथि कब्जा गरे। आफ्ना सेनाका साथ उनले सहरप्रवेश गर्दा आफूलाई बचाउने कुनै पनि साधन नभएका जेनप्रेजाज (जयप्रकाश) आफ्ना अंगरक्षकका साथ साहस गरेर सरासर गोर्खाकाराजा भएतिर गए। उनी (पृथ्वीनारायणको) पालकी नगिचै पुगेका बेलामा उनको गोडामा घाउ लाग्यो र यही घाउ केही दिनपछि यिनको मृत्युको कारण भयो। ललितपत्तनका राजा मृत्युपर्यन्त कैदमा राखिए। धेरै बूढा भैसकेका हुनाले भादगाउंका राजाले काशीवास गर्ने आज्ञा पाए। केही समयपछि, वृद्धावस्थाले गर्दा आँखाको तेज गुमाएकी जेनप्रेजाजकी आमाले पनि त्यही आज्ञा

(काशीवास गर्ने) पाइन् । तर यिनले नेपाल छोड्नुभन्दा पहिले उनीहरूले (गोर्खालीले) यिनीसित रहेको जवाहरातको काण्ठ-हार खोसेर लिए । विधवा आफ्नी नातिनीबुहारीकासाथ यिनी पटनामा आइपुगेपछि यो कुरा यिनैले मसित गरेकी थिइन् । अभागिनी यी अन्धी रानीको यस्तो दयनीय अवस्था देखेपछि मैले आँसु थाम्नसकिन "।

जुन समयमा भक्तपुरका राजदरबारमा आक्रमण भएर जयप्रकाश मल्ल घायल भएका थिए उस समयमा **श्री ५ पृथ्वीनारायण शाह** काठमाडौंमा रहेर युद्धको सञ्चालन गर्दैथिए । तीनै राजाहरूले आत्मसमर्पण गरेपछि **श्री ५ पृथ्वीनारायण शाह** काठमाडौंबाट भक्तपुरमा गएका थिए । यो कुरा यथास्थान लेखिइसकिएको छ । जयप्रकाश मल्ल **श्री ५ पृथ्वीनारायण शाह**का पालकीतिर दौडेरआउँदा घायल भएका भनी जो लेखिएको छ त्यो सर्वथा असत्य छ । ललितपुरका राजालाई भक्तपुरमा नै कैद गरिएको र भक्तपुरका बूढा राजालाई काशीवास गर्न पठाएको कुरा पनि यथास्थान लेखिएको छ । पटनामा आफ्नी विधवा नातिनीबुहारीका साथ जयप्रकाश मल्लकी बूढी अन्धी आमासंग उनको भेट भएको थियो भनी जोसेप्पीले जो लेखेका छन् त्यो सर्वथा असत्य छ । जयप्रकाश मल्लका एउटैमात्र छोरा ज्योतिप्रकाश मल्ल थिए र यिनको इ. सं. १७६३ मा देहान्त हुँदा यिनकी दुवै ठकुरानी सती गएर पतिका लोथकासाथ चितामा भस्म भएका थिए भन्ने कुरामा सन्देह छैन । ज्योतिप्रकाश मल्लका कुनै सन्तान थिएनन् । सन्तान नभएका ठकुरानीहरू सती जानुपर्ने उस समयमा अनिवार्य नियम थियो । यदि तेस्री ठकुरानी पनि भएकी भए तिनले पनि सति जानुपर्दथ्यो । जयप्रकाश मल्लको देहान्त नहुँदासम्म काठमाडौंको राजदरबारमा रहेका जयप्रकाश मल्लकी दुइ रानी उनको देहान्त भएपछि सती गएका कुरा 'भक्त विजय' काव्यमा उल्लिखित छ (पद्य ५८) । यस अवस्थामा पटनामा ज्योतिप्रकाश मल्लकी ठकुरानीलाई देखेको कुरा सोह्रै आना मिथ्या हुनामा रत्तिभर पनि सन्देह हुँदैन । मेरो जवाहिरातको कण्ठहार

गोर्खालीले खोसेर लिएभनी जयप्रकाश मल्लकी बूढी आमाले भनेकी थिइन् भनी जो लेखेका छन् त्यो पनि सर्वथा असत्य हुनामा सन्देह छैन। गोर्खालीसंगका लडाइँमा आवश्यक धनको अभाव हुँदा जयप्रकाश मल्ल-ले देवदेवीका स्थानमा रहेका सुन पनि रित्याएका थिए भन्ने कुरा प्रमाणित भइसकेको छ। यस अवस्थामा उनले आफ्नी आमासंग रहेको जवाहरातको कण्ठहार किन बेच्दैनथे ? जयप्रकाश मल्लका अन्तिम समयसम्म उनकी बूढी आमा बाँचेकी थिइन् कि थिइनन् भन्ने कुरामा सन्देह नै छ। बाँचेकी भए पनि एक्ली बुढियाको वाराणसीमा पुग्ने आँट हुन संभव छैन। **श्री ५ पृथ्वीनारायण शाह**ले वाराणसीमा जान विदा दिएका भए भक्तपुरका राजा रणजित मल्लकी एउटी रानी पनि साथ रहेकी हुनाले उनीहरूका साथैमा पठाउँथे। वास्तवमा यतिञ्जेलसम्म बाँचिरहेकी भए **श्री ५ पृथ्वीनारायण शाह**ले आदरका साथ काठमाडौंका राजदरबारका उनै बसेका कोठामा रहनदिन्थे। त्यहाँबाट अन्धी र बूढी रानीलाई उनी हटाउन पनि सक्तैनथे। जो-सेप्पीले लेखेका **श्री ५ पृथ्वीनारायण शाह**का विषयको कन्था नेपालबाट निकालिएका चोटको बदला लिनाका निमित्त उनको बदनाम गराउने प्रयत्नले भरिएका छन्।

एकतीसवाँ परिच्छेद

गुठीगाना बढाउने र बिर्ता घटाउने व्यवस्था

संस्कृत भाषाका 'गोष्ठी' शब्द दश–पन्ध्र जनासम्म आपसमा सदाचारका निमित्त छलफल र काम गर्ने जमातका अर्थमा व्यवहार हुन्थ्यो । धर्मज्ञहरूले जो बताउँथे त्यही सदाचार मानिनेहुँदा गोष्ठीहरूमा धर्मकार्यकै व्यवस्था गरिन्थ्यो । यही गोष्ठीशब्द हाम्रा भाषामा गुठी बनेको छ र गोष्ठीका सदस्यहरू गुठियार कहिन्छन् । तर, राजाहरू गुठियार नराखिकन पनि धर्म–कीर्तिका निमित्त जो भूमिंदान गर्दथे त्यो भूमिं पनि गुठी कहिनलागेको छ । यस तरहका गुठीबाट लोक (सर्वसाधारण जनता) को उपकार हुनेदेखेर **श्री ५ पृथ्वीनारायण शाहले** अघिका राजाहरूले र प्रजाहरूले राखेका गुठीका जग्गाजमीन सबै थामिदिएका थिए र आफूले पनि गुठी राखेका थिए । यिनले राखेको एक मुख्य गुठी सल्यानकी भगवतीका पूजाआजाका निमित्त

राखिदिएको देखिन्छ , जसमा पहिला दिन सात बोका र सात राँगाको वलिसमेत दिइएको थियो [१] । उनले दोस्रो गुठी गोर्खाकी मनकामना-देवी र वकेश्वरका पूजाआजाका निमित्त राखिदिएका थिए [२] । तेस्रा गुठी काठमाडौं दखल भएपछि श्रीपशुपतिका नित्यपूजाका निमित्त पञ्चामृत चढाउनभनी जग्गा-जमीन उनले दिएका थिए [३] ।

पछिल्ला मल्लराजाहरूका समयमा व्यापारीहरूले प्रशस्त धन कमाएका र राजाहरू अपव्ययी भएकाले व्यापारीहरूले कहिले मोल तोकी र कहिले मोल नतोकी '**यथोचित सुवर्ण मूल्य**' लिएर रैकर जमीन बेची सुनाबिर्ता गराइदिने गरेकाले मोहीका कमाइबाट उब्जनी भएको धानको लगभग आधा तिरो लिएर बिर्तावारहरू मोटाइरहेका थिए । बिर्ताको अर्थ जीवनवृत्ति हुन्थ्यो । जीवनवृत्तिलाई चाहिने-सम्म बिर्ता बिर्तावारले राख्न सैह्य थियो । धेरै बिर्ता राखेर बिर्तावार मोटाइरहेका **श्री ५ पृथ्वीनारायण शाह**लाई निको नलागेकोले जग्गाको तिरो अनुसार बिर्ता जग्गालाई अबल, दोयम, सियम र चहार चार भागमा बाँडी मोहीबाट बिर्तावारले जति तिरो लिन्थे लगभग त्यसको आधा धानको मोल नगद रुपैयाँ लगाएर पोत लगाउने योजना उनले बनाएका थिए [४] (इ. सं. १७३०) । यी व्यापारीहरू ज्यादा गरी तिबतसंग व्यापार गर्दथे । तिबतमा मिसाहा टक चल्दा जो अव्यवस्था चलेको थियो त्यसबाट लाभ उठाई व्यापारीहरू मालामाल भएका हुनाले तिबतका निमित्त शुद्ध चाँदीका टक चलाई मिसाहा टक खिच्नाका निमित्त यिनै व्यापारीहरूबाट पोतका रूपमा प्रतिवर्ष शुद्ध चाँदीका आफ्ना मोहरका टक लिई क्षतिपूर्तिका निमित्त पनि यो योजना बनाएको देखिन्छ ।

बिर्तावारहरू काठमाडौं उपत्यकामामात्र थिएनन् । पूर्वपट्टि पनि थिए । ती बिर्तावारमा ब्राह्मण ज्यादा थिए । यिनीहरू पनि चौदण्डीका सेनराजाहरूलाई अर्थसंकट परेका समयमा रुपैयाँ दिई बिर्ता बटुली मोहीका कमाई चुसी धनी बनेका थिए । सिंधुलीमा अंग्रेजसंगका लडाइँका समयमा सैनिक छाउनीको खर्च चलाउनका



सल्याकोट माईको स्थान

निमित्त खजान्ची वीरभद्र उपाध्यायले अनेक बिर्तावारहरूसंग सापटी लिनुपरेको थियो। ती बिर्तावारहरूमध्ये एक जना मन्थलीका उदयनारायण घिमिरे थिए र यिनीसंग वीरभद्र उपाध्यायले एकसयबीस रूपैयाँ सापटी लिएका थिए। लडाइँ सकिएपछि सापटी भर्ना गर्नालाई बिर्तावारहरूको हैसयित बुझ्दा यी बिर्तावारहरू धनी देखिए र उदयनारायणको रु. १२०। भर्ना गर्नालाई उनले रु. ३००। मा खरिद गरेको बिर्ता माटो मुरी ३० लाई **श्री ५ पृथ्वीनारायण शाह**ले थमौती गरी सो सापटी रुपैयाँ फच्चे गराइदिएका थिए ५ (१ जुलाई, १७६९)। खार्पाका प्रसिद्ध धनी ब्राह्मण हरिनन्द उपाध्याय (पोखर्याल) ले हलेसीमा कंपनीलाई खानगी खर्च बाँड्नाका निमित्त सापटी सहायता दिएको रु. ३५५८ र वक्शी अभिमानसिंह बस्न्यातलाई अम्बरपुरमा दिएको रु. ७४६६ समेत जम्मा रु. ११०५१ वापत '**तिमीलाई प्रशस्त बिर्ता र चौधर्याई समेत दिलाउँला**' भनी अभिमानसिंह बस्न्यातले वादा गरेका थिए ६ (२६ फेब्रुअरी, १७७४)। तर, सोझो बाटोले हरिनन्दले सहायता गरेका थिएनन्। चौदण्डीका राजा कर्ण सेनसंग विरोध हुँदा लखेटिएर घर-जग्गा सबै जफत भई भाग्नुपरेकोले फिर्ता लिनालाई यिनले गोर्खालीहरूलाई आर्थिक सहायता गरेका थिए। यसकारण **श्री ५ पृथ्वीनारायण शाह**ले अभिमानसिंह बस्न्यातका वादालाई पूरा तवरले स्वीकार नगरी हरिनन्दको पुरानो घर-खेत बिर्ता थमौती र पुराना बिर्ताको बढसम्म थमौती गरी ब्राह्मणका बिर्तामा लाग्ने कुसही-विसही रकम माफ गरिदिएका थिए ७।

काठमाडौंका राजा प्रताप मल्लले गुह्येश्वरी र गुह्यभैरवको एउटै मन्दिर बनाई त्यताबाट डाँडो चढेर पशुपतिका मन्दिरसम्म झर्ने बाटो, देवदर्शनार्थीहरूका सुविस्ताका निमित्त, बनाई गुह्येश्वरी र पशुपतिको नित्यसम्बन्ध गराइदिएका थिए। प्रताप मल्लका देहान्तपछि एकसय वर्षसम्म त्यो बाटो बेमरम्मत रहँदा बिग्रिरहेको थियो। काठमाडौं अधिकार भएपछि **श्री ५ पृथ्वीनारायण शाह**का एक प्रमुख सेनापति सर्दार रामकृष्ण कुँवरले त्यो बाटो मरम्मत गरिदिंदा **श्री ५**

पृथ्वीनारायण शाह प्रसन्न भएका थिए । तर, लगत्तै रामकृष्ण कुँवर किराँत दलख गर्नखटिएका र त्यस काममा उनी सफल पनि भएका हुनाले **श्री ५ पृथ्वीनारायण शाह** ले अरू सेनापतिहरूलाई भन्दा यिनलाई विशेष शिरोपाउ दिएका थिए । तैपनि **श्री ५ पृथ्वीनारायण शाह** यिनको धेरै कदर गर्नचाहन्थे । धन वा ठूलो बिर्ता दिएमा यिनी नबिग्रे पनि यिनका सन्तानहरू विलासी वनी पथभ्रष्ट होलान् भन्ने शंका लिएर '**एक पन्थ दोकाज**' गरी उनलाई, वागी भई वाराणसीमा रहेका अवधूतसिंहका सर्वस्वमा आएको भक्तपुरको घर र बिर्ता जति सबै गुठी राख्नूभनी सौंपिदिए । गुठीमा रहेका धनमा लोभानी पापानी होला भन्ने रत्तिभर पनि शंका थिएन । घरका बहालबाट र जग्गाका तिराबाट शिवरात्रिमा आउने विदेशी यात्रीहरूलाई सिधा दिने नियम पनि भएकोले यस कार्यबाट **श्री ५ पृथ्वीनारायण शाह** र रामकृष्ण कुँवरसमेत दुवै आनन्दित भएका थिए ८ ।

'**आगोको, रोगको र शत्रुको बिउ नराख्नू**' भन्ने उखानलाई **श्री ५ पृथ्वीनारायण शाह** पूरा तवरसंग पालन गर्दथे । तर, अभिषेक पाएका राजालाई मार्नहुँदैन भनेर मकवानपुरका राजा दिग्बन्धन सेनलाई र ललितपुरका राजा तेजनरसिंह मल्ललाई उनले जीवनभर नजरबन्दीमा रहने प्रबन्ध गरिदिएका थिए । तर, भक्तपुर र कान्तिपुरका राजाहरूको सहायता गर्न भनेर आर्थिक नाकाबन्दी तोडी दिनभनी आएका हतियारबन्द नागाबैरागीहरूलाई र आफ्ना-उपर दगा गर्ने भनी अवधूत सिंहको पक्ष लिई अघि सरेका ललितपुरका प्रमान र नगरकोटीहरूलाई उनले खतम गरिदिएका थिए । तर, आफ्ना सेवकहरूलाई ज्यान जाने अपराध गरेमा पनि नमार्ने नियम उनले गरेका थिए । उनका सल्लाहकारमा ज्योतिषी कुलानन्द ढकाल मुख्य थिए । यसकारण '**बोर्लाङ्ग**' नामक गण्डकीका दाँया किनारामा रहेका वन, पाखो, वारी र धनहर खेतसमेत भएको एक थुम पूरा सर्वाङ्ग माफी गरी कुलानन्द ढकाललाई बिर्ता गरी उनले दिएका थिए ९ । आफ्ना साथमा रही काम गर्ने भारादार अफिसरहरूमा जसजसले काठमाडौं उपत्यकाभित्र

घरबास जोरेका थिएनन् उनका सन्तानलाई आलोपालो गरी खानू-भनेर चौबीस थरलाई गोर्खाकै जग्गाबाट चौबीस माना-चामल राखि-दिएका थिए १०।

श्री ५ पृथ्वीनारायण शाहलाई काजी कालु पाँडे, वंशराज पाँडे, सर्दार शिवरामसिंह बस्न्यात, बख्शीकेहरसिंह बस्न्यात, बख्शी अभिमानसिंह बस्न्यात, सर्दार रामकृष्ण कुँवर र कपर्दार कालिदास खँड्का आदिले ज्यादै विश्वास पारेका थिए । **श्री ५ पृथ्वीनारायण शाह**का अन्तिम समयमा कालु पाँडे जीवित थिएनन् र उनका छोरा वंशराज पाँडे पनि यस समयमा साथमा थिएनन्। तैपनि उनले यिनलाई नभुलेर **'भोटसंगको घा'** कालु पाँडेका सन्तानलाई नछुटाउनु भनी आफ्ना उत्तराधिकारी **श्री ५ युवराज प्रतापसिंह शाह**लाई सल्लाह दिएका थिए । शिवरामसिंह र केहरसिंह बस्न्यात परलोक भइसकेका र अभिमानसिंह बस्न्यात किरांतमा रहेका थिए तापनि यिनलाई नभुली **'दक्षिणको घा'** शिवरामसिंह बस्न्यातका सन्तानलाई नछुटाउनू भनी उनले भनेका थिए। कपर्दार कालिदास खँड्का पनि उनका साथमा रहेको लक्षण देखिंदैन। तैपनि उनका सन्तानलाई कपर्दारी नछुटाउनुभनेर अह्राई उनले यस संसारलाई छाडेका थिए ११ ।

टिप्पणी

१-"……… म पनि सल्यान कोटकी देवी साछ्यात छन् भनि … … म पनि ग … … … सांझ विहचान ढोकासम्म जाई पाठ पुजा जप् दर्सन गर्थ्यां … … … भानु जैसि कुलानन्द जैसि पुजाहारि राना-लाई डाक्यां र सोध्याञ्ञाँ। जैसिले पनि पुजाहारिले पनि ति माइ हुन् दर्सन पाउनु भयछ भन्या र उसै वेलामा धुप दिप धजा नैवेदे नित्य पुजालाई सात रांग्गा सातै वोका थपि वोर्लां घाटको आम्दानी र घाटैं छेउको टार माईलाई संकल्प गरि दिञ्ञाँ" –दिव्योपदेश ।

२-"साके १६८५ सम्वत् १८२० साल वैसाषसुदी १५ रोज ४ मा

श्री मन्कामना श्रीवकेश्वर श्रीसिद्धिलाइ वक्रां सेराको वलाषंड मुरि २०० को लगापात् सुद्धा गुठ् चह्लाया। रोज रोज् नित्य पूजा गर्नु दसैमा रांगा वोका वलि गर्नु रोज रोज परेवालाई ४ माना धान षुवाउनु पुर्नीमा प्रति वाह्र मैन्हाका १।१ वोका भोग दिनु भनि लालमोहरको दान पत्र गरि गुठी चह्लाया" (भाषावंशावली, पृ. ३६६)।

३–"यक दीन श्री पृथ्वीनारयण साह देउपाटन् पालनु हुंदा वडो जय शव्द भयो. माहाराजावाट श्रीपशुपतिनाथका दर्शन गर्नु हुंदा पंचामृत वीनु नीत्य पुजा गर्‍याको देषि उसै घडी संकल्प गरि पंचामृत गुठी भनि राषी नित्यार्चन् गराया–" (भाषावंशावली, पृ. ३७७)।

४–"नेपाली सम्वत् ८९३ सालमा नेपालका सुना विर्ता षेत्मा अवल् द्वयम् सीम चाहार चार प्रकारका छुटचाई षेतको पोता उठाइ लिया।" (भाषा वंशावली पृ. ३८८)।

तर, पोत उठाउने कामलाई जग्गाको नाप-जाँच गरी लगत खडा गर्ने काम चालू छँदै **श्री ५ पृथ्वीनारायण शाह**को देहान्त भएको हुनाले यिनको देहान्त भएपछि यो काम लगत्तै चालू भएको देखिन्छ।

५–सिंधुलीको लडाइँको खर्चबापत खजान्ची वीरभद्र उपाध्यायलाई

मंथलीका घिमिरे उदयनारायण उपाध्यायले रु. १२० खर्च दिए वापत उदयनारायणले रु. ३०० मा खरिद गरेर लिएको विर्ता खेत मुरी ३० माटो उनलाई विर्ता थामिदिएको सम्वत् १८५८ साल कार्तिकशुदी १२ रोज ३ को **श्री ५ गीर्वाण**को लालमोहरवाट देखिन्छ र त्यस लालमोहरमा **श्री ५ पृथ्वीनारायण शाह**ले गरिदिएका लाल-मोहरको मिति सम्वत् १८२६ साल ग्राषाढवदि १३ रोज ७ जनिएको छ। यस लालमोहरको प्रतिलिपि कौसीतोसाखानामा देखिएको छ।

यस लालमोहरमा उदयनारायणको कुरामात्र लेखिएको छ

तापनि यिनीसंग मात्र रु. १२० सापट लिएर निर्वाह चल्न संभव थिएन। यिनै जस्ता सिंधुलीका ग्रासपासमा रहेका मन्थलीका ग्ररू घिमिरे र पर्कबासिका ढुंग्याल विर्तावारहरूसंग पनि सापटी लिइएको र यसै गरी सापटी फछर्याइएको ग्रनुमान गरिएको छ।

६–अभिमानसिंह वस्न्यात र पारथ भण्डारीले हरिनन्दलाई लेखिदिएका सम्वत् १८३० फागुनशुदि १५ को पत्र (इ. प्र. भा., १, पृ. १२)।

७– सम्वत् १८६१ साल आषाढशुदि १४ रोज ७ का श्री कृष्ण उपाध्याय र जयमङ्गल उपाध्यायका नाममा भएका लालमोहर अनुसार (पोखरेलको वंशावली पृ. २०)।

श्री कृष्ण र जयमङ्गल दुवै भाइ खार्पाली हरिनन्दका छोरा प्रतीत हुन्छन्।

८–"शाके १६९१ मार्ग शुदी ४ का दिन रामकृष्ण कुंवरले श्रीमाहाराज वक्साई श्रीपसुपतिदेषि श्री गुह्यश्वरिका स्थानसम्म पत्थरले चिन्हि वाटो वनाई सिध्याई मृगस्थलीका वनभित्रमा श्रीरामेश्वर माहादेव स्थापना गरि राजावाट आफुलाई वक्स्याको ढाल् तरवारमा थापि लियाका रणजित मल्लका छोला अवधुत सिंहके सर्वश्व घर वारि षेत् १८३७ साल माघ शुदी ५ रोज २ का दिन तावापत्र गरि श्री पशुपति प्रीति गरि सदावर्त गुठी राषि चह्राया"। (भाषावंशावली, पृ. ३९०)।

हुन ता **श्री ५ पृथ्वीनारायण** शाहको देहान्त भएको छ वर्षपछि उनका नाति **श्री ५ रणबदुर शाह**का राज्यकालमा रामेश्वरको स्थापना भएको र तांवापत्र भएको कुरा वंशावलीका लेखवाट देखिन्छ। सो घरजग्गा **श्री ५ पृथ्वीनारायण शाह**ले नै दिएको अनुमान गरिएको छ। त्यो तांवापत्र भेटिएपछि यथार्थ कुरा खुल्ने छ। एक सय वर्षपछि **श्री ५ सुरेन्द्र**को राज्यकालको अन्त्यतिर पल्टनियाँ जवान लगाई फराकिला पत्थरका सिंढी वनाई वर्तमान समयको बाटो तयार गराएको देखिन्छ। यस समयमा रामकृष्ण कुँवरले बनाएको शिवलिङ्गसहितको रामेश्वरको मन्दिर र सदावर्त बाँड्नाका निमित्त बनाएको सत्तल पछि थोत्रिएका हुनाले रामकृष्ण कुँवरका सन्तानहरूले थोत्रा मन्दिर र सत्तलमा जान उचित नसम्झंदा जङ्गवहादुर राणाले बनाएका विश्वरूपको मन्दिरका सत्तलवाट सदावर्त बाँड्ने नियम गराई रणोद्दीपसिंह राणाले आफूले

बनाएका नयाँ मूलबाटोको बगलैमा नयाँ रामेश्वरको सिंगमर्मरको लिंग र सिंगमर्मरकै छरितो मन्दिर पनि बनाइदिए। रामकृष्ण कुँवरले बनाएका पुरानो मन्दिर र सत्तल समेत पाताल भई रामेश्वरको पुरानो लिंग गुम बनेर बेपत्ता भएको छ।

९–**"कुलानन्द जैसिलाई वोर्लां थुम् विर्ता माग्या"** -(भाषावंशावली, पृ. ३८७)।

यत्रो बिर्ता दिने **श्री ५ पृथ्वीनारायण शाह**ले कुसही विसही आदि रकम लाग्नेगरी बिर्ता दिएका हुआेइनन्। सर्वाङ्क माफ गरिदिएका होलान् भन्ने निश्चय गर्नसकिन्छ। **श्री ५ पृथ्वीनारायण शाह**ले भारादारहरूलाई धन जम्मा गर्ननदिने नीतिलाई पूरा तवरले अपनाइरहेका थिए तापनि कुलानन्द ढकाललाई ब्राह्मणज्योतषी हुनाले भारादारमा नगनेको देखिन्छ। यति हेप्नाले परिणाम विपरीत भएर कुलानन्दका छोरा अपव्ययी र विलासी बनेका हुनाले भीमसेन थापाले यो बिर्ता हडप गरेर आफ्नो बिर्ता गराउने अवसर पाएका थिए।

१०–**"ताहा पछी गोर्षालिहरू सवै ज्मा गरि आजसम्म जस्ले गोर्षा सहरमा घर वनाई वस्याका छन् जो नेपाल् हांदामा सामेल छन् तिनिहरूलाई मेरा गोर्षा राज्य जाहा संम रहंछ ताहासम्मलाई यो गोर्षासहरको षेत र पाषो तिमी २४ थरलाई माना चावल् वक्स्या तिमिहरूका दर संतानसम्म आफ्ना २ थरमा आलोपालो गरी ज्ञाडी षानु राज काज हुंदा सामेल् हुनु गोर्षा गुलजार राषनु"**। (भाषावंशावली, पृ. ३७६)।

श्री ५ पृथ्वीनारायण शाहका समयका एक प्रसिद्ध भारादार काजी बन्दु रानाका वंशधर कर्णेल कुलप्रताप रानाका छोराहरूसम्मले बन्दुका नाताले पाएका माना-चामलको जग्गाको वितरण लेखिएको पछिको लालमोहर देखिएको थियो। उस समयमा अनावश्यक सम्झेर नक्कल नलिएकोमा खेद लागिरहेको छ। यसकारण **श्री ५ पृथ्वीनारायण शाह**ले ठेकिदिएका माना-चामलका खेत-पाखाको दर पत्ता लाउन कठिन भएको छ।

११–"कालु कवर्दारका सन्तानलाई कवर्दारी न छुटाउनु। दषिन को घाहा सिवराम वस्न्यात्का सन्तान लाई न छुटाउनु। भोटको घाहा कालु पांडेका सन्तान लाई न छुटाउनु" – दिव्योपदेश।

बत्तिसौं परिच्छेद

श्री ५ पृथ्वीनारायण शाहका समयका कविहरूको बयान र लक्ष्मण-कविको काल्पनिक उडान

श्री ५ पृथ्वीनारायण शाह शृंगाररसका प्रेमी देखिन्नन् र वीर-रसका प्रेमी देखिन्छन् । भाषावंशावली (पृ. ३११) मा नुवाकोटमा अधिकार भएपछि कहलुर (बाह्र ठकुराइ) का रघुनाथ भाट आएर **श्री ५ पृथ्वीनारायण** शाहलाई सुनाएको भनेर जो कवित्त लेखिएको छ त्यो ठीक रघुनाथ भाटले सुनाएको होलाभन्ने विषयमा सन्देह गर्नसकिन्छ । तर, हिमालयका पहाडी कविहरूको उत्तरभारतको मैदानमा भाउ केही नहुनाले यिनी हिमालयका पहाडमा घुम्दै बलरामपुरका पाटेश्वरीका मन्दिरको बाटो हुँदै नुवाकोट आइपुग्नु सम्भव

छ। जे भए पनि **श्री ५ पृथ्वीनारायण शाह**लाई भाटहरूले वीररसका कवित्त सुनाएमा उनी चाख मानेर सुन्दथे भन्ने मेरो अनुमान छ।

श्री ५ पृथ्वीनारायण शाहका जीवन–चरित्रसंग सम्बन्ध राख्ने अर्को कविता जो इतिहास प्रकाश पहिलो भागमा सम्वत् २०१२ मा प्रकाशित भएको थियो त्यसको सम्पादन भएर बुइँगल (पृ. १) मा प्रकाशित भएको छ त्यसका पहिला तीन चार पंक्ति टुटेका छन्। बाँकी पंक्तिमा **श्री ५ पृथ्वीनारायण शाह**का वाराणसीयात्रादेखि लिएर चौदण्डीको सेनठकुराइ जितेसम्मको बयान लेखिएको छ। विजयपुरको नाम आएको छैन। कवि सुवानन्ददासले **श्री ५ पृथ्वीनारायण शाह**का खास परामर्शदाता कालू पाँडे, भानु जोशी र वामननानी (लक्ष्मीनारायण अर्ज्याल) लाई पनि जानेका रहेछन्। बृद्धावस्थामा धन र बल पनि सकिएको हुनाले राजासंग प्रार्थना गर्नाका निमित्त यो कवित्त लेखेर **श्री ५ पृथ्वीनारायण शाह**मा उनले चढाएको देखिन्छ। कवित्त गोर्खाली भाषामा लेखिएको भए पनि यिनी पूर्वी नेपाल (मुगा) का होलान् भन्ने सम्पादकको अनुमान ठीक देखिन्छ। यस तरहका वीर-रसका कवित्तको आदर **श्री ५ पृथ्वीनारयण शाह** गर्नेभएकाले नै त्यो कवित्त **श्री ५ पृथ्वीनारायण शाह**ले लिएका र गोर्खालीहरूले पनि आदर गरिरहेका हुनाले तेस्रा चौथा पटक सारिंदा रूप अशुद्ध भएर आजसम्म बचेको देखिन्छ।

श्री ५ पृथ्वीनारायण शाहका भक्तपुर विजयकाल (इ. सं. १७६९) मा विद्यमान रहेका ललितावल्लभ पण्डितले आफू **'कवि'** बन्नाका निमित्त **'पृथ्वीन्द्र वर्णनोदय'** र **'भक्तविजय'** नामक दुइ पुस्तिका लेखेर दुवैलाई **'काव्य'** भन्ने नाम दिएका छन्। यी दुवै पुस्तिका काठमाडौंका राजकीय पुस्तकालयमा रहेका छन्। पहिलो पुस्तिका पहिले लेखिएको हुनाले भद्दा हुनगएको हुँदा यसको विशेष परिचय दिन आवश्यक देखिएन। दोस्रो पुस्तिकामा भक्तपुरविजयको वृत्तान्त लेख्दा लेखकले भरमग्दूर प्रयास गरेको देखिन्छ। भक्तपुरको आक्रमणमा **श्री ५ पृथ्वीनारायण शाह** र उनका दुवै छोरा **श्री ५ युवराज**

प्रतापसिंह र माहिला **हेब बहादुर शाह** सम्मिलित थिएनन् । **श्री ५ पृथ्वीनारायण शाह** काठमाडौंमा नै बसेर कार्य सञ्चालन गरिरहेका थिए । तथापि ललितावल्लभले **श्री ५ पृथ्वीनारायण शाह** र उनका दुवै छोरा लडाइँमा सम्मिलित भई **श्री ५ पृथ्वीनारायण शाह**का गोलीले राजा जयप्रकाश मल्ल घायल भए भन्ने लेखेर आफ्ना राजाको मिथ्या प्रशंसा गरेका छन् । राजाहरूको मिथ्या स्तुति गर्ने स्वभाव तल्ला तहका कविमा हुन्छ । यसकारण यस तरहका काव्यबाट ऐतिहासिक तथ्य निकाल्न महाकठिन पर्दछ । लडाइँका वृत्तान्तमा उचित मात्रामा वीररस टप्कनु आवश्यक हुन्छ । वीररसको विपरीत शृंगाररस हुन्छ । भक्तपुरको लडाइँ सकिएपछि देवदेवीलाई प्रसन्न गराउनाका निमित्त **श्री ५ पृथ्वीनारायण शाह**ले बागमतीका किनारामा यज्ञ गरेका थिए भनेर यिनले जो लेखेका छन् त्यो पनि तथ्य नदेखिएर मिथ्या देखिन्छ । त्यस यज्ञको बयान गर्दा यज्ञशालालाई नवयौवना युवतीसंग दाँजेर यिनले उत्कट शृंगाररसको नग्नचित्र प्रस्तुत गरेका छन् १ । विजयका परिणाममा न हास्य रस निस्कन सक्तछ न शृंगार-रस जम्नसक्तछ । हुन ता ललितावल्लभले अर्थलोभमा परेर यो पुस्तिका लेखेका देखिन्छ तर, **श्री ५ पृथ्वीनारायण शाह** कल्पनाले भरिएका मिथ्यास्तुतिका समर्थक र प्रशंसक थिएनन् । यसकारण यो पुस्तिका ललितावल्लभले **श्री ५ पृथ्वीनारायण शाह**सम्म पुऱ्याएका भए तापनि उनले यस तरहका पुस्तिकाको कदर गरेनन्‌भन्ने कुरा निश्चय छ ।

लक्ष्मणकविको बहुलट्टीपनले भरिएको **'कवितानिकषोपल'** नामक पुस्तिका पनि प्रकाशित भइसकेको छ। **श्री ५ पृथ्वीनारायण शाह**का देहान्तपछि लगत्तै देखिएको यस पुस्तिकामा लक्ष्मणकविले **श्री ५ पृथ्वीनारायण शाह**का समयका शक्तिवल्लभ, महेश्वर र हरिदत्त तीन जना पण्डितलाई आफ्ना परामर्शदाता बनाएर देश–देशान्तरबाट आएका अरू कविहरूले कथेका कविताको परीक्षण आफूले गरेको बयान गरेका छन् । यसमा लेखिए अनुसार काठमाडौंमा घेरा परिरहेको समयमा **श्री ५ पृथ्वीनारायण शाह** र **श्री ५ युवराज प्रतापसिंह शाह-**

समेत भई काठमाडौंशहरबाहिर बालाज्यूमा गराएको कविसम्मेलन-को चित्र आफ्ना कलमले कवितामा खिचेको देखिन्छ। कविसम्मेलन समाप्त भएपछि **श्री ५ पृथ्वीनारायण शाह** र **श्री ५ युवराज प्रतापसिंह शाह**समेत काठमाडौंतिर लाग्दा त्यहाँका राजा जयप्रकाश मल्ल भागेर-गएका र **श्री ५ पृथ्वीनारायण शाह**को विना प्रयाससंग काठमाडौंमा प्रवेश भएको कुरा लेखिएको छ। परन्तु, काठमाडौंमा अधिकार भएको समयमा **श्री ५ युवराज प्रतापसिंह शाह** नुवाकोटमा रहेका र **श्री ५ पृथ्वीनारायण शाह** आफ्ना भाइ-भारादार र सैनिकसहित रातमा नै काठमाडौंमा प्रवेश गरी राजदबारमा अधिकार भएपछि राजा जय-प्रकाश मल्ल भागेर ललितपुरमा गएका ऐतिहासिक तथ्यको उल्लेख यथास्थान गरिसकिएको छ।

वास्तवमा **श्री ५ प्रतापसिंह शाह** काव्यका रसज्ञ हुनाले यिनका राज्यकालका आरम्भमा नै लक्ष्मणकविका कलमले यो **'कविता निषोकपल'** लेखिएको देखिनआएको छ; **श्री ५ पृथ्वीनारायण शाह**का जीवित अवस्थामा लेखिएको देखिन्न। सम्भवत: **श्री ५ पृथ्वीनारायण शाह**का समयमा लक्ष्मणकवि वाराणसीतिरै लरखरिएर काव्यको अभ्यास गर्दाहोलान् र **श्री ५ प्रतापसिंह शाह**का समयमा आएर काठमाडौंमा बसी उनले **'कवितानिकषोपल'** लेखेका थिए। ललिता-वल्लभको र यिनको समेत थरगोत्र पत्ता लाग्नसकेको छैन। ललिता-वल्लभ ता नुवाकोटमा रहेका गोर्खाली पण्डित अनुमान गरिन्छन्। लक्ष्मणकवि गोर्खाली हुनामा पनि सन्देह छ। त्यस **'कवितानिकषोपल'** मा भिन्नभिन्न कविका जो कविता देखाइका छन् ती र तिनका खण्डन-मण्डनसमेत लक्ष्मणकविका कलमबाट कोरिएको स्पष्ट देखिएको हुनाले यसमा लेखिएको कविसम्मेलन काल्पनिक हुनामा सन्देह छैन।

श्री ५ पृथ्वीनारायण शाहका दिव्योपदेशका सातौं संस्करण (योग प्रचारिणी महासभा, वाराणसीबाट सम्वत् २०१६ मा प्रका-शित) प्रतिका मुखपृष्ठपछिका दोस्रा पृष्ठमा **'पृथ्वीनारायणले राखेको गोरखनाथको झझल्को'** शीर्षक कविता प्रकाशित हुँदा यसको परिचय

जो दिइएको छ त्यसमा, "**गोरखा बस्ने, चौ. छत्रजंग शाहका घरमा रहेका जीर्ण पत्रबाट लिइएको**" भनेरलेखिएको छ। त्यस झझल्कोमा हिन्दुस्थानी भाषामा चार भजन लेखिएका छन् । अन्तिम भजनमा '**नरभुपालशाहजिउको नन्दन, पृथीनारायन गाये**' भनेरलेखिएको छ । यो भाषा **श्री ५ पृथ्वीनारायण** शाहका समयको नभई उन्नाइसौं शताब्दीको देखिनाले यो त्यस समयका गोर्खाका गोरखनाथका कुनै पुजारीले रचना गरेको अनुमान हुन्छ ।

टिप्पणी

१– चौ. फत्यजङ्ग शाहले गरेका अनुवादसहितका प्रतिको ३२ सौं पृष्ठमा लेखिएको यज्ञशालाको वर्णनको अनुवाद यो गरिएको छ,–

"श्री वाग्वतीको किनारामा, बास्ना आउने अनगिन्ति फूलका माला घुसारेका चित्रविचित्रका रेखा भएको यज्ञवेदि स्वरूप निधार भएका, रेशम र पाटका उत्तम उत्तम वस्त्रले युक्त भएका वक्षःस्थलमा झैं माझमा रत्न मोतीहरूले झकिझकाउ भएका सुन्दर केराका थामले गर्दा चिल्ला चिल्ला उरुस्थल भए जस्ता, सुनका घडा-

रूपी स्तन भएका, कुशरुपी केशपाशले युक्त भएका, कपूर कस्तूरी श्रीखण्ड लेपन गरिएका पट्टवस्त्र बेह्रिएका थामरुपी लामालामा सुन्दर बाहुली भएका कामग्नि उद्दीपन भएका योनि झैं काम्य अग्नि कुण्ड भएका सिंगारिएका राम्राराम्रा ठिटीहरूनै हुन् कि भने जस्ता यज्ञशालाहरू बने" (पद्य ९३, ९४ र ९५)।

तेत्तिसौं

परिच्छेद

श्री ५ पृथ्वीनारायण शाहको व्यक्तित्त्व र उनमा रहेका गुण

केपुचिन पादरीहरू नेपाली जनतालाई शिक्षित गराउन र उनीहरूलाई औषधिबाट रोग मुक्त गराउने ध्येयैले आयका थिएनन्। यिनीहरू यहाँ इसाई धर्म प्रचार गरेर नेपालीका संस्कृतिलाई नास गरी निर्वलियो बनाई युरोपीय व्यापारीहरूलाई घुस्ने मार्ग खोलाउनआएका थिए। उनलाई फ्रान्सी, अंग्रेज र डच जो आए पनि युरोपेली व्यापारी आउन् भन्ने ध्याउन्ना थियो। युरोपेली व्यापारीहरू ढक र तराजुका साथ तरवार पनि लुकाएरल्याउँथे र आफ्नो हतियार ज्यादा भएपछि आफ्ना व्यापारक्षेत्रमा राजनैतिक अधिकार पनि जमाउँथे। हिन्दुस्थान-तिर चलेको अंग्रेजका यस नीतिलाई **श्री ५ पृथ्वीनारायण शाहले** अगाडि नै पहिचान गरेर सिंधुलीका लडाइँमा अंग्रेजलाई हराई

नेपाललाई बचाएका थिए (इ. सं. १७६७)। गोमनसर्पलाई कसैले डण्डा मारेरधपाएमा त्यसको बदला लिने मौका, त्यो गोमन, खोजिरहन्छ। उसै गरी मौका खोजिरहँदा अंग्रेजहरूलाई पच्चीस वर्ष बिताउनुपरेको थियो। यस अवधिमा नेपालसरकार र अंग्रेजसरकारका बीचमा परस्परमा लोलोपोतो रह्यो तापनि अंग्रेजको कुदृष्टि नेपालप्रति छँदैथियो। यसकारण इ. सं. १७९२ मा लर्ड कर्नवालिसले मौका छोपेर कप्तान कर्क प्याट्रिकलाई काठमाडौंमा पठाएर नेपालीको शक्ति अनुमान गर्नलगाए। भावी आक्रमणका निमित्त बौद्धिक सामान तयार गर्न पठाएका कप्तान कर्क प्याट्रिकले पनि बेतियामा रहेका केपुचिन पादरी जोसेप्पीलाई लगाएर **श्री ५ पृथ्वीनारायण शाह**का उपर घृणा प्रकट हुनेगरी लेख लेखाएर त्यो लेख पनि आफ्ना खोजका संग्रहमा सामेल गरी भावी युद्धमा अंग्रेज अफिसरलाई ह्याण्डबूक हुनेगरी इ. सं. १८११ मा प्रकाशित गराए। यसैको आधार लिएर इष्ट इण्डिया कंपनीका अंग्रेजहरूले युद्धमा नेपाली हरूलाई हराई इ. सं. १७६७ का हारको बदला अठचालीस वर्षपछि लिएका थिए (इ. सं. १८१५)। यस अठचालीस वर्षका बीचमा बनेको नेपालको अंग्रेजहरूले अंगभंग गराए तापनि **श्री ५ पृथ्वीनारायण शाह**ले स्थापना गरेका नयाँ नेपालअधिराज्यको जग बलियो भएकोले भासिन सकेन।

कप्तान कर्क प्याट्रिक फर्केरगएका आठ वर्षपछि नेपालका राजदरवारमा घरकलह चल्दा अंग्रेजरेजिडेण्ट कप्तान नक्सले काठमाडौंमा एघार महीना (इ. सं. १८०१–०२) रहने अवसर भेट्टाएका थिए। यिनका साथमा आएका डा. हेमिल्टनले पनि नेपालको भूगोल, इतिहास, प्रशासकहरूमा रहेका गुण–अवगुणको र गोर्खाली सैन्यदलको जाँच गरेर कर्क प्याट्रिकले गरेका कामलाई अझ बढाएका थिए। तर, अंग्रेज र नेपालसरकारका बीचमा युद्ध छेडिंदासम्म हेमिल्टनले लेखेका नेपालवर्णन प्रकाशित हुननसकी चारपाँच वर्षपछि मात्र प्रकाशित भएको थियो (इ. सं. १८१९)। यसमा हेमिल्टनले **श्री ५ पृथ्वीनारायण शाह**का जीवनचरित्रको विषयमा आफ्नो मन्तव्य

यसरी लेखेका थिए,– "**नरभूपाल शाहका जेठा छोरा पृथ्वीनारायण शाह निर्बाध महत्वाकांक्षी व्यक्ति थिए। उनी ठीक निर्णय गर्नसक्ने, ठूला साहसी थिए र सर्वदा कार्यव्यस्त रहन्थे। सामान्य रूपले उनको स्वभाव उदार र दयालु थियो, विशेष गरेर आफ्ना मित्र र अनुयायीहरूप्रति उनी निकै उदार र दयालु थिए। विदेशीहरूमा उनको विश्वास छँदैथिएन। आफ्ना शत्रुलाई उनी कहिल्यै दया गर्दैनथे। आफ्नो विचार (राष्ट्रको एकीकरण) को विरोध गर्ने शत्रुप्रति उनी कहिल्यै उदार भएनन्।**" हेमिल्टनले यो मन्तव्य लेख्दा अंग्रेज र गोर्खालीका बीचको युद्ध सकिएर मेलमिलाप स्थापना भइसकेको हुनाले **श्री ५ पृथ्वीनारायण शाह**का जीवनचरित्रका विषमा कर्क प्याट्रिकले जोसेप्पीलाई समेत उठाएर युद्धकालका निमित्त हयाण्डबूक तयार गर्दा **श्री ५ पृथ्वीनारायण शाह**लाई क्रूर देखाउन जो आवश्यक परेको थियो त्यो आवश्यक अब नरहेको हुनाले **श्री ५ पृथ्वीनायण शाह**को चरित्रचित्रण गर्दा सच्चा दिलले गरेको देखिनआएको छ। **श्री ५ पृथ्वीनारायण शाह**लाई क्रूर ठहराएका भए मुलाहिजा गर्नुपर्ने कारण केही थिएन। उनले **श्री ५ रणबहादुर शाह** र काजी भीमसेन थापाको चाहीं क्रूरताको वर्णन खुल्ला रूपमा गर्दै दुवैलाई सिद्धान्तहीन व्यक्तिसम्म भनेका छन् (नेपालवर्णन, पृ. २६०)। यसकारण जोसेफी र कर्क प्याट्रिकले **श्री ५ पृथ्वीनारायण शाह**का उपर क्रूरताको जो लाञ्छना लगाएका थिए त्यसलाई हेमिल्टनले पनि पत्याएका देखिन्न।

हेमिल्टनको नेपालवर्णन प्रकाशित भएको पचासी वर्ष जतिपछि नेपालका इतिहास र संस्कृतिको खोज गर्ने काठमाडौंमा आएर सिलम्याँ लेभीले फ्रान्सी भाषामा **ल नेपाल**' नामक पुस्तकका दोस्रो जिल्दमा **श्री ५ पृथ्वीनारायण शाह**को चरित्रचित्रण गर्दा जो वाक्य फ्रान्सी भाषामा लेखेका थिए त्यसमा अंग्रेजी अनुवादबाट गरिएको हाम्रा भाषाको अनुवाद यस तरहको हुन्छ,– "**पृथ्वीनारायण शाह परिस्थितिबाट लाभ उठाउने व्यक्ति थिए। उनी निर्बाध**

महत्वाकांक्षी र अथक परिश्रमी थिए । उनको बुद्धि तीक्ष्ण थियो । उनी निर्णय छिटो गर्दथे र निष्काम भावले कर्तव्यमा लाग्दथे । गरेको सेवाको पुरस्कार दिनमा उनी बहुतै उदार थिए। उनी विरोधीको दमन बहुत निर्दयतासित गर्दथे।" यिनको यो वर्णन हेमल्टनको वर्णन अनुसारको प्रष्ट देखिन्छ । यिनले पनि श्री ५ पृथ्वीनारायण शाहका क्रूरताको छाया पनि देखाएका छैनन् । यसकारण यिनी पनि यस विषयमा जोसेप्पी र कर्क प्याट्रिकका समर्थक देखिंदैनन् ।

अब आफ्ना देशका जीवनचरित्र लेखकहरूलेतिर लागौं। श्री सूर्यविक्रम ज्ञवालीले यस विषयमा लेख्नुभएको छ,– "पृथ्वीनारायण शाह बडा साहसी वीर थिए तथा वीरता प्रदर्शन गर्ने ठाउँमा कहिले पछि पर्दैनथे । उनका युवा अवस्थामा अनुभवका अभावले अथवा परिपक्व उमेर भएपछि मुलुक मार्ने उत्सुकताले उनले कहिले काहीं अनुचित साहस देखाई आफ्नु र आफ्ना अफिसर तथा सिपाहीहरूको प्राण सङ्कटमा परेको भए तापनि साधारणतः उनको वीरता विचारपूर्ण थियो । ... स्वदेशको आर्थिक समृद्धि इनका जीवनको प्रधान लक्ष्य थियो । ... ... कहिले काहीँ इनले रीसका आवेगमा अथवा भय प्रदर्शन गर्ने केही निर्दयतापूर्वक कार्य गरी हाले तापनि यिनी निर्दयी प्रकृतिका मानिस थिएनन् । जटिल परिस्थितिमा परेका बेलामा पनि इनी कहिले आँतियेनन् औ विपत्तिमा इनको धैर्य कहिले हराएन । इनी गर्न पर्ने उद्योगमा पनि कहिलै विरत भएनन् । अभीष्ट सिद्धका निम्ति दुष्कर तथा कठिन कार्य गर्न पनि इनी सदा प्रस्तुत हुन्थे" ।

श्री डिल्लीरमण रेग्मीको यस विषयमा मन्तव्य यो छ,– "श्री ५ पृथ्वीनारायण शाहको हृदय देशभक्तिमा चुर्लुम्म डुबेको थियो । विजय उनको जीवनको लक्ष्य त त्यस लक्ष्यको नियामक शक्ति उनको हृदयमा रहेको देशभक्ति थियो । देशभक्त, साहसी, योद्धा, संगठनकर्ता र सेनापतिका सबै गुणहरू एकसाथ उनमा विद्यमान थिए त्यसैले नयाँ अधिकार गरेको विस्तृत भूभाग एक संगठित केन्द्रीय

शासनको अधीन होस् र तिनमा बसोवास गर्ने विभिन्न संप्रदाय र जातिका जनसाधारणले निर्भय भएर सुरक्षाको उपभोग गर्नपाउन् र उनीहरूको दमन नहोस्भन्ने कुरामा उनी सदा प्रयत्नशील रहन्थे" (मर्डन नेपाल पृ. १००)। रेग्मीज्यूको यो मन्तव्य अक्षरशः साँचो देखिएको हुनाले आफ्ना तर्फबाट अधिक वर्णन थप्ने ठाउँ रहेको छैन, तैपनि हेमिल्टनले **'श्री ५ पृथ्वीनारायण शाह**को चरित्रचित्रण गर्दा **'विदेशीहरूमा उनको विश्वास छँदैथिएन'** भनेर जो लेखेका थिए त्यो पनि अक्षरशः साँचो थियो। यिनले—**श्री ५ पृथ्वी नारायण शाहलाई "आफ्ना शत्रुलाई यिनी कहिल्यै दया गर्दैनथे। आफ्नो विचारको विरोध गर्ने शत्रुप्रति उनी कहिल्यै उदार भएनन्"** भन्ने र लेभीले अझ बढेर – **"उनी विरोधीको दमन बहुत निर्दयतासित गर्दथे"** भनेरलेखेका छन्; यी कुरा पनि सत्य थिए। आफ्ना योग्यताबाट आफ्ना प्रशासनमा रहेका ठकुराइहरूको रक्षा गर्ननसकी कर्त्तव्यको पालन गर्ननसक्ने अधिकारको मात्र दावा गर्ने मकवानपुरका राजा दिग्बन्धनसेनलाई र ललितपुरका राजा तेजनरसिंह मल्ललाई **श्री ५ पृथ्वीनारायण शाह**ले जीवनभरका निमित्त कैद गरेका थिए। नेपालको एकीकरण गर्ने काममा बाधा दिन आएका मुगलानियाँ पाँचसय जति बैरागीलाई उनले एकएक गरी खतम गराएका थिए र आफ्ना जिउ-उपर दगा गर्न अघिसरेका ललितपुलरका प्रमान र नगरकोटीहरूलाई पनि खतम गराएका थिए। उनका यिनै कामलाई देखेर हेमिल्टनले र लेभीले समेत **श्री ५ पृथ्वीनारायण शाहलाई 'निर्दयी'** (दया नभएका) भन्ने उपाधि लगाइदिएको देखिन्छ। यो निर्दयी काम तमोगुण भएका राजाबाट हुनसक्तछ दयालु र सत्वगुण भएका राजाबाट हुनसक्ने काम होइन। दयालु प्रकृति भएका सत्वगुणी राजाबाट राज्यस्थापना गर्ने काम उस समयमा हुन सम्भव थिए। प्राणरक्षक वायुमा आवश्यक परिमाण अनुसार अक्सिजन, हाइड्रोजन र नाइट्रोजन रहनु जत्तिको आवश्यक हुन्छ यस्तै राज्यस्थापना गर्ने राजाहरूका निमित्त पनि मात्रा अनुसार सत्व, रजरतम तीनै गुणको आवश्यक हुन्छ। **श्री ५**

पृथ्वीनारायण शाह राजा हुनाले सामान्य रूपमा उनमा रजोगुण प्रधान हुनु स्वभाविक थियो । आफ्ना अनुयायी सेवकहरूमा सत्वगुणको मात्रा अधिक गराई परम दयालु बन्दथे र शत्रुहरूमा तमोगुणको मात्रा बढाई निर्दयी पनि बन्दथे । यही स्वभाव यिनी भन्दा करीब दुइसय वर्षपहिलेका महाराष्ट्रमा राज्य स्थापना गर्ने छत्रपति शिवाजीका जीवनचरित्रमा पनि पाइन्छ ।

श्री ५ पृथ्वीनारायण शाहले आफ्ना दिव्योपदेशमा एक छोटो अमृतवाणी बोलेका थिए, त्यो थियो– **'यो नेपाल चार वर्ण छत्तीस जातको साझा फूलवारी हो र सबै मिलिजुली यसको रक्षा गर्नुपर्दछ'** । चार वर्ण छत्तीस जातभित्र स्वयं **श्री ५ पृथ्वी-नारायण शाहले** आफूलाई पनि राखेका थिए । यसकारण यिनले गोर्खालीले बनाएका नयाँ नेपाललाई आफ्नोमात्र व्यक्तिगत सम्पत्ति नमानेर राष्ट्रको साझा सम्पत्ति मानेका स्पष्ट देखिनआएको छ ।

टिप्पणी

श्री ५ पृथ्वीनारायण शाहको देहान्त भएपछि पनि तीस वर्षसम्म दिव्योपदेश लेखिएको पुस्तिका गोर्खाली भारादारका घरघरमा रहेको थियो । पछि मन्त्री स्वयं अधिनायक बन्ने प्रथा चालू भएपछि यो दिव्योपदेशको पुस्तिका रद्दी कागजपत्रमा घुसेर १३० वर्षसम्म कीरा र मूसाका आहार भई नष्ट भएका देखिनआएका छन्। इ. सं. १९३४ का महाभूकम्पले काठमाडौंका घरहरूको बिचल्ली गराईदिदा घरघरमा रहेका कागजपत्र छरिएका हुनाले काठमाडौं केलटोलका एक निरक्षर सज्जनका घरमा दिव्योपदेशको पुस्तिका फेला पर्नु एक अपूर्व घटना

भएको थियो । नेपाली काँचा कागजमा लेखिएको हुनाले कागज च्यातिएको थिएन र मसीको रंग उडेको थियो तापनि पढ्नसकिने अवस्थामा रहेको हुनाले त्यसको प्रतिलिपि सूर्यविक्रम ज्ञवालीकहाँ पुग्यो र त्यसका सारांश उन **पृथ्वीनारायण शाह** नामक पुस्तकमा इ. सं. १९३५ मा प्रकाशित भयो । यो दिव्योपदेश देखेर तात्कालीक व्यवस्थाको मुटु हल्लियो र यो पुस्तक नेपालभित्र घुस्ने विषयमा प्रतिबन्ध लगाउनाका निमित्त अनेक उपाय शोचिए। **श्री ५ पृथ्वीनारायण शाह**को दिव्योपदेश सहितको पुस्तकलाईमात्र प्रतिबन्ध लगाउँदा बदनाम हुने भय देखेर दार्जलिङ्गका जुन **'नेपाली साहित्य सम्मेलन'** नामक संस्थाबाट **"पृथ्वीनारायण शाह"** प्रकाशित गरिएको थियो त्यस संस्थाबाट प्रकाशित भएका तमाम पुस्तकहरू नेपालका सीमानाभित्र घुस्न प्रतिबन्ध लगाइएको हुनाले बडो मुश्किलले दुइतीन थान पुस्तकमात्र काठमाडौंमा उत्रेका हुनाले सर्वसाधारणले दिव्योपदेशद्वारा **श्री ५ पृथ्वीनारायण शाह**को चरित्रको महात्त्व जान्नपाएको थिएन । पन्ध्र वर्षसम्म **'पृथ्वीनारायण शाह'** नेपालभित्र घुस्ननपाएको हुनाले वाराणसीमा पुगेर दुर्लभ भइसकेको थियो । इ. सं. १९५१ मा पारिवारिक शासन टुटेपछि प्रकाशनस्वतन्त्रताको अधिकार मिल्दा दिव्योपदेशका लगभग पच्चीसहजार जति पुस्तिका नेपालअधिराज्यभर फिंजिएका हुनाले आज जुनसुकै साक्षर व्यक्ति पनि **श्री ५ पृथ्वीनारायण शाह**को त्यो अमृतवाणी जान्दछ र उसले **श्री ५ पृथ्वीनारायण शाह**का उदार भावनालाई भुल्ननसक्ने भएको छ ।

चौंतीसवां

परिच्छेद

परमावश्यक भ्रम--संशोधन

नुवाकोटका धामीको घरमा फेला परेको भगवती वनलाई कान्तिपुरका राजा जयप्रकाश मल्लले लेखेको बेमितिको पत्रको मुकाम **'कांतिपुर'** भएकोमा भूलले **'कीर्तिपुर'** पढिएर अर्थमा आनको तान फरक भई जयप्रकाश मल्लका वापसीको वृत्तान्त नमिलेको हुनाले दोस्रा भागको पृष्ठ २८८ का पंक्ति १२ देखि २९० पृष्ठका २३ पंक्ति-तकका बदलामा तल लेखिएबमोजिम पढ्ने अनुरोध पाठकहरूसंग गर्नु परेको छ ।

ललितपुरमा शरणार्थी भएर रहेका राजा जयप्रकाश मल्ललाई भाइले स्वागत गरिरहेका थिए तापनि उनी स्वयम् व्यक्तित्त्वहीन भएका हुनाले व्यक्तित्वसंपन्न कालिदास आदि प्रमानहरूका चंगुलमा फसेका हुँदा उनी दाइको सहायता गर्नसक्तैनथे । तर, जयप्रकाश मल्ल

हुतिहारा थिएनन् । तौढिकबाट कान्तिपुरको ठकुराइ खोसेर आफ्नो आड बलियो गराई गोर्खालीसंग बदला लिने विचारमा जयप्रकाश मल्ल डुबेका थिए । कान्तिपुरको राजनैतिक अवस्था पनि दिनपरदिन बिग्रँदैगएको थियो । रानी जयलक्ष्मीका प्रियपात्र भएर गरुडसिंह भँडेल राजदरबारका हर्ताकर्ता भएका हुनाले राजधानीका बासिन्दा-हरूमात्र होइनन् तौढिक पनि दिक्क थिए । यस अवस्थामा देवपाटन-का भलादमीहरूलाई हात लिएर कान्तिपुरको प्रशासन-यन्त्र भत्काई त्यहाँको प्रशासन आफ्नो हातमा लिने प्रयत्नमा जयप्रकाश मल्ल लागे । उस समयमा कान्तिपुरका ठकुराइको दोस्रो शहर देवपाटन बनिरहेको थियो र त्यहाँका भलादमीहरू पनि कान्तिपुरका राजदरबारको कुव्यवस्था देखेर चिन्तित थिए । ललितपुरबाट देवपाटन जाने बाटो कान्तिपुर राजधानीबाट निकै पूर्वपट्टि पर्नेभएकोले जयप्रकाश मल्लका मानिसहरू देवपाटनमा गएर त्यहाँका भलादमीहरूलाई जयप्रकाश मल्लको योजना बताई यसमा उनीहरूको सहयोग पाउने प्रयत्न गर्नलागे । देवपाटनका भलादमीहरूमा जागेश्वर वैद्य मुख्यमध्येका एक थिए । विचारको आदान-प्रदान हुँदा जयप्रकाश मल्ललाई खडा नगरी कान्तिपुरको प्रशासन पनि सुध्रन्न र गोर्खालीले अधिकार गरेका कान्तिपुरका इलाकाहरू पनि फर्काउनसकिन्न भन्ने निर्णयमा देवपाटन-का भलादमीहरू पुगे र उनीहरूले यस कार्यमा जयप्रकाश मल्ललाई सहयोग गर्ने अठोट गरे । यस कामको निमित्त धनको आवश्यक थियो; तर, जयप्रकाश मल्लका साथ एक कौडी पनि बचेको थिएन । यिनकी आमा कुमुदिनीका साथ उनका पति जगज्ज्जय मल्लका पालामा जोरेका केही जडाऊ गहना थिए । जयप्रकाश मल्ल आमासित यिनै गहना मागेर कर्जा काढी योजना पूरा गर्ने उद्योगमा लागे । भक्तपुर मठका महन्त कमल वन धनी थिए । धनको आर्जन हुने ठाउँ देखेमा जस्तोसुकै खतरा भए पनि धनैका मद्दतले खतरा टार्ने आँट गरी काम गर्ने प्रवृत्ति साहूकारहरूमा रहेको हुन्छ । जयप्रकाश मल्लले कमल वनसंग कर्जा माग्दा उनले केही कर्जा पहिल्यै दिएका थिए १ (इ. सं.

१७४८) । अर्को साल बीसहजार रुपैयाँ मोल पर्ने जडाऊ गहना राखेर छहजार रुपैयाँ थप कर्जा लिई (मे. १७४९) यिनी आफ्नो काम बढाउँदैरहे २। जयप्रकाश मल्लका मानिसहरू गुप्तरूपले कान्तिपुरका भलादमीहरूलाई पनि हात लिने प्रयत्नमा लागेका थिए र त्यहाँका भलाद्मीहरू जयप्रकाश मल्लको स्वागत गर्न तयार भएका थिए। यस प्रकार सबै प्रवन्ध ठीक भएपछि जयप्रकाश मल्लले एक घोडा खरीद गरेर शानसंग देवपाटनमा प्रवेश गरे। जयप्रकाश मल्लका मानिसहरुले देवपाटनका भलादमीहरूसित मिलेर त्यहाँ गुप्तरूपले सैनिक-संगठनको काम चालू राखेका थिए। जयप्रकाश मल्ल देवपाटनबाट आवश्यक सैनिक र सहयोगीहरूका साथ दिनको पूर्वान्हिमा नै कान्तिपुरतिर रवाना भए। यो समाचार पाएपछि गरुड-सिंह भँडेल भागेर नुवाकोटतिर लागे र राजदरबारमा खलबली मच्चियो। तौढिक भागेर एक मित्रका घरमा लुकेका थिए र त्यहीं नै वन्दूकद्वारा उनले आत्महत्या गरे। कान्तिपुरका निवासीहरूले जय-प्रकाश मल्लको स्वागत गरेका हुनाले विना रक्तपातसंग उनले राज-दरबारमा प्रवेश गरे ३ (३० अप्रिल, १७५०)। रानी जयलक्ष्मी कडा कैदमा परिन् र चाँडै नै यस लोकबाट बिदा पनि भइन्। जय-प्रकाश मल्लले हतपत नगरिकन शान्तभावसंग कान्तिपुरका निवासी-हरूलाई बोलाई **–'राज्य लिएर सुख भोग गर्ने मेरो इच्छा छैन ज्योति-प्रकाश मल्ल नै राजा भएर रहनेछन्। उनी समर्थ नभएसम्म उनको संरक्षक भएर राजदरबारमा बसी उनको र तिमीहरूको रक्षा गर्नेछु'** भन्ने सन्देश सुनाएर गुमेको अधिकार फिर्ता लिए ४। यसै साल (ने. सं. ८७०) मा यिनले **'श्री २ जयप्रकाश मल्ल श्री तलेजुमाजु ८७०, "श्रीश्रीश्री करुणामय, श्रीश्रीश्री कुमारी माजु"** लेखिएका चाँदीका मोहरका टक ढलाएका थिए। यो टक भूतपूर्व राजाको हुनाले यसमा ललितपुरका राजाका टकमा रहने उहाँका इष्टदेवता करुणामयको नाम र कान्तिपुरकी इष्टदेवी कुमारीमाजु र श्री तलेजुमाजुका नाम पनि कुँदिएका छन् ५। यहाँपछि पनि दुइ वर्षसम्म शिलालेख आदिमा

'श्रीश्रीश्री ज्योतिप्रकाश' को नाम लेखिँदैरहेको र यिनै बालकराजाका नामबाट टक ढालिनेगरेको देखिन्छ ।

जयप्रकाश मल्लले रुपैयाँको खाँचो पर्दा कर्जा दिएका रुपैयाँको दोब्बर तिर्ने कबूल गरेका थिए । जडाऊ गहना फिर्ता लिनालाई बढीलाई उनले रुपैयाँ पनि दिएहोलान् ६ । सोबाहेक दुइसय रोपनी धनहरखेतका साथ मठ बनाउनका निमित्त पशुपतिका मन्दिरनेरको देवपाटनगाउँको र पुछारपट्टि केही जमीनसमेत कमल वनका शिष्य भगवती वनलाई दिई केवल **'धुनी'** जगाइराख्ने **'धुनीमठ'** को स्थापना गराए । भक्तपुरको मठको शाखा भएर रहेको यस मठलाई संन्यासीहरूले व्यापारी कोठीका रूपमा परिणत गराए ७ ।

टिप्पणी

१– नुवाकोटको धामीका घरमा रहेको जयप्रकाश मल्लले कमल वनलाई लेखेका दुइ पत्रमध्ये पहिला पत्रको प्रतिलिपि यहाँ दिइन्छः–

"श्री ३ पशुपति जयति

स्वस्तिश्रीमत्पशुपतित्यादि महाराजाधिराज श्रीश्रीश्रीमज्जय प्रकाश मल्लदेव परमभट्टारक देवानाम् सदा समरविजइनाम् इत श्री कमल बन गुसायि श्रीरषम पुरी गुसायिके नमो नारायण इहा कुशल ताका कुशल चाहि उप्रान्त हम्रा पास जो रुपैया आया है ए जो

फिकिए करना नहि चाहिए उप्रान्त हंने कुछवस्तु रष्के पैसा रेनको किएथे उस रोव रेवावं आएथे उस रोजमे चिज भेजदेने रगेथे रेवावं गुसायिने जदाव्का चिजचे जाषि नहि रखना सकय काहा नहितो उस रोजमे वस्तुक भेजदेथे आगे दोइ चार हजार कर दिया अव हमारा काम नगि आइरहा तिससो दो हजारका काम कर देना चाहिए यतनामो हमारा काम अवकाहय जिसे हमारा काम होगा तिसो हमारा काम होयके दिनमे जतना हमारा पास आइ रह सा पैसाका दुगना माहा-देवका सेवा काएगे अउर वात जो चाहय सो कवसि कहगे श्रावन वदि ७ रोज ४ मुकाम ललितपट्टन सुभं ।"

यसमा लेखिएका महीना, दिन र वारसमेत सम्वत् १८०५ मा मिलेकाले यो पत्र १७ जुलाई, १७४८ को देखिनआएको छ ।

२– जयप्रकाश मल्लले कमल वनलाई लेखेको दोस्रो पत्रको प्रतिलिपि यस प्रकारको छः–

„श्री ३ पशुपति जयति

स्वस्ति श्री मत्पशुपतित्यादि महाराजाधिराज श्री श्री मज्जय-प्रकाशमल्ल परम भट्टारक देवानाम् सदा समल विजइनाम् इत महंत कमर वन गुसाइ रषंपुरि महंतके नमोनारायन इहा कुसल तहा-कुसल चाहि ञाहांक समाचाल निको हए उप्रान्त मदत महपर दयां होइतो होइ यांहा आवना चाहे नाहितो एक आवना चाहे उप्रान्त छहजार महिन्द्रमल्लिमे हमरा काम अतका हए आगे हमारा काम वहुत कल दिया अथि मेरा काम पवना कर देना चाहय विश विस हजारका चिज लर्के छहजार देना परा यतना काम तुमरा करदीय सो हमाला काम सव वताहय आज क्या कहएगूं हमारा दिरमें हय वहुत क्या कहहे मुहु जवानि कौसिका सहि मिति ज्यष्ठ वदि १५ रोज २ मुकाम ललितपट्टन सुभम् ।"

यसमा जेठवदि ११ मानेमा सम्वत् १८०६ मा वार मिल्ने हुनाले यो पत्र १२ मे, १७४९ को देखिनआएको छ ।

३– मे. ने., भा. २, पृ. १९४ ।

४– यस विषयमा भाषावंशावलीमा लेखिएको कल्पित कहानी यो छः– "जयप्रकाश मल्ल भागी जाई पाटन्का काजी कालिदासका घर गया तहापछि आफना भाई राज्यप्रकाश मल्ल भयाका ठाउगया। तहापछि पाटन्मा भागी आउन्या उपाध्या भाजुलाई कान्तिपुरपठाई दसमीकर्म गराया सम्बत् ८६६ कार्तिक वदी १ शुक्रवारका दीन जयप्रकाशमल्लकन सतीगल घरमा वासदिया। ताहा पछी ललितपट्टनका काजीहरू तनहां लमजुंका उमरावहरूले जयप्रकाशमल्लकन फेरी तिमीलाई कान्तिपुरका राजा तुल्याउला भनि वोधदिराख्या। याहा पछि जयप्रकाशमल्ललाई दुर्दसाका प्रभावले दुखपाउनु निमित्त चंचलभै थीरबुद्धि नहुदा १ मैन्हासम्म सतिगल् घरमा वासगरि सक्या उप्रांत भक्तपूरका राजा रणजीतमल्ल सीत सरणजाउ भनि चित्तमा आयोर क्वाथछे सम्म गया। ताहा पछि प्रमानहरू उमरावहरू जाई वुझाई भक्तपुरजान दीयनन् फेरि १ मैन्हा सम्म क्वाडछेमा वासगर्या फेरिललितपट्टनका काजी र उमरावहरू आईजाई वोधदि थाम्या ४।८ दीन वहिवासगर्या। यहा पछि पुलचोक ग्राममा जाई यकमैन्हासम्म वासगर्या। भोली पल्ट रात्रीविषे कांतिपुरका प्रजाहरुदेवपट्टन् जादा जयप्रकाश मल्ल भागी फेरि पुलचोकमा आई देवता वासगर्या। ताहापछि फेरि माता तीर्थमा जाई वासगर्या। यहि साल सम्वत् ८६७ वैशाख शुक्लअष्टमीका दिन महापालमा मछिन्द्रनाथका रथअड्की रहदा एकमानिस्का स्वरूपआई देवताछोई देवतादर्शन् गरि गयो। उस्लाई कसैले चिन्ह पनि सकेनन्। यहापछि सांन्तिगर्या। पशुपतिमा पनि महास्नान राज्य प्रकास मल्ललेगराया। ज्येष्ट शुक्र दशमी आदित्य वारका दीन ज्यावलाषेलमा जात्रागरिलैजादा आग्लो भाचीयो र आग्लोफेर्नलाग्दा रथ धल्यो। ताहापछि देवताकन झिकी पाटीमा राख्या। ताहापछि चाडै ५ दीन भीत्रमा रथसिध्याई आदित्यवारका दिन रथमा देवताकन राख्या सोमवारका दीन जात्रागर्दा आग्लो भाच्यो। फेरि आग्लोफेरि जात्रागर्दा आग्लोफेरि भाची रथधल्यो। यस समय आठ दीनका वीचमा दुईफेरा रथधल्यो। यस्तो भयाको

कसैले सुन्याको पनि थीयन । भोलीपल्ट ठुलाठुलाकाठल्याई टेवालाई रथषडागरि सांतिपूजागरि वहुतै मुसकिलसगजात्रासंपूर्ण गऱ्या । यहापछि आषाढ शुक्ल त्रयोदसि वृहस्पतिवारका दिन मातातीर्थ वाट उठी जयप्रकाश मल्ल ठेमीजाई वासगऱ्या । २।४ दिन पछि भक्तपुरमा जाई २।३ दीन् मैन्हा वासगऱ्या । ताहा पछि भक्तपुरका राजाले साषुचागुलीनकन उद्योग गऱ्या । जयप्रकाशमल्लकन र नजरवंधी राष्नआटच्या यसमतलव् जयप्रकासमल्लले थाहापाई अव यांहा वसि-मेरोभलो हुन्याछैन भनि मनमा विचारगरि देवपट्टन्मा श्रीगुह्यश्वरिका स्थानमा आई १।२ मैन्हावास गऱ्या। ताहा पछि रात्रीविषे पंचलिंग भैरवका दर्शन गर्नको इच्छा भै जादा-कंतीपुरका प्रजाले देषीवहुतै करूणागरी अभयवाचावाधी प्रमान्हरूसंग भनि दर्वारका १ चोकमा वास गराया । पछि वाट कांतिपुऱ्या काजीहरूले दर्वारमा तिमिले वस्नुहुंदैन वाहिर सहरका १ चोकमा वासगर भनि २।३ फेराभंदा प्रजाहरूले उसोकाहा हुंछ भनि भन्न सकेनन् । ताहा पछि याहावसि-मलाई भलो हुन्याछैन भनि गोदावरि संधीमा वस्नुगया । यस्तै समयमा जयप्रकाशमल्लको रानि दयावतिले कांतिपुरका काजिहरूको बुद्धीसुनी ललितपट्टन्का काजीहरूहातली जयप्रकासमल्लकन गोदावरीसंधिबाट भगाया । ताहापछि जयप्रकासमल्ल गोकर्णेश्वरमा जाई वासगऱ्या । ताहापछि केही दिन पछि भयमाल्याहरूले हाम्रि हरूकन अवजसोहोला भनि वस्नदियन र काहीवास नपाई वहुतै दुःख पाई श्रीगुह्यश्वरिका चरणमा सरणगरि वस्नगया । ताहा पछि राजाले मनमा विचारगऱ्या । अव त ज्यासुकै भयापनि यांहावाट उठीदोस्रो ठाउजान्या छैन भनि केवल इश्वरिका चरणको आर गरि नीत्य सेवाजयस्तोत्र गरि रह्याका थिया । यस्तै समय गोर्षाका राजाले कांतिपुरका काजिहरूकन भन्या । जयप्रकास मल्लकन कांतिपुरमा आई फेरिराजाभया हामिले-लियाका सवराज्य तिमिहरूका हात सपुर्त गरौला भन्या । तनहौंका-राजाले पनि ललितपट्टन्का काजीहरू सगभन्या जयप्रकासमल्ललाई कांतिपूरमा वासभै गयो भन्या लामोडाडा तिमिहरूलाई सोपुला भनि

कांतिपूरका काजीहरू र ललितपट्टन्का काजीहरूले हाम्रो जगाछाडी-देउ भनिभन्दा गोर्षाका र तनहु लमजुका काजीहरूले यस्तातरहको जवाप्दिया जयप्रकासमल्ल राजाकेही दिनसम्म श्री गुह्येश्वरि का चरणको सरणगरिरहदा राजाको सेवादेषि प्रसन्नभै एक १ कोहि जोगीस्वरूपका हातवाट षड्गदान दिलाया। यहापछि मंत्रीहरूका षेड्ले राजातष्तवाट पतीतभै धेरै दुखपाया। आफ्ना गादीमा पुत्र-जोतिप्रकास मल्लकन दयावतिरानि र टौधी प्रभृति काजीहरूले जय-प्रकास मल्लकन निकाली पुत्रकन राजगरायाको ४ वर्षपुगी पाचौ वर्षलाग्दा ईश्वरिवाट षड्गदान पाई अवमेरा दुषहर शत्रुको मरण हुन्या लक्षन आयो भनि मन धीर्ज गरिरह्याका थिया। इराजा जय-प्रकास मल्ल आफ्ना राजतषतवाट पतित भै वहुतै दुखपाउदा इनका साथनछाडी रह्याकावंसीधर मास्की अजीत्सी मास्की द्यौमचा आदि २५।२० जना मानीस् मंत्रीसाथ थिया. गुह्येश्वरीका स्थानमा वासगऱ्या पछी जागेश्वर वैद्य पनि राजाका चरणमा आई आफ्ना घरमा भयाको सराजाम् ल्याउदै भोजनगराउदीया। इन राजाका महतारि कुमुदती रानीवाट पनि छोराले वहुतै दुष पायो भनि गुप्तसंग गहनाहरूवेची रूपैया वारवार दी पठाउदै थीइन्। यस्तै समय सम्वत् ८७० शुक्ल १० कादीन कांतीपूरका काजीहरूले अवयो जयप्रकास मल्ललाई देवपट्टन्मा राषनुछैन। याहावाट पनि निकालन्याहो भनि सैन्यसिपाहीली जादा प्रेहीषवर जयप्रकास मल्लले सुनि आफुसंग रह्याका मानिसहरूपठाई देवपट्टन्का मानिसहरू र तहिसंधिका मानीस् र कसाही पोढ्याहरू ज्मागऱ्या। ताहापछि इश्वरिका भीत्र षण्डमा जाईप्रदक्षिना गर्दा त्रेलामा वडो वेग संग १ माछो उत्री आयो सो माछाकन विचैमा टिपी उसैघरिग्रास गऱ्या। यति प्रत्यक्षपाई ईश्वरिवाट ठुलो अनुग्रहगऱ्या भनि षुसिभै साष्टांगदंदवत् प्रणामगरि जयप्रकास मल्ल वाहिर निस्की सदैआफ्ना साथ रह्याको षोडासानी नाम घोडा माथी सवार भै जोगी स्वरूपले दीयाको षड्ग हातमा ली प्रस्थानगरि आउदा गौरिघाट संधी कांतिपूरको काजीप्रजाहरूसंग भेटियो। उसवषत्मा जयप्रकासमल्लले

ठुलो सब्द गरिआग्यागऱ्या हे प्रजाहरू तिमिहरू निर्दोषीहौं। तिमिहरू यकातिर सर मेरा द्रोही संग मलङ्छु भनि सस्त्र प्रहारगरि पैले ४।५ जनाकन मारि हटाई ल्याया कसैलाई गौरीघाट् संधी कसैलाइ कसाही-गाउ संधी माऱ्या। कसैलाई हाडिगाउं संधी माऱ्या उसवषत् कांति-पुरका काजीहरूले सैन्य सीपाहिहरूले देषदा जयप्रकास मल्लका संग देवीका कृपाले असंष्य लस्कर देष्या र सवै सैन्य सिपाहीहरू जतातता पाया उताउता भागी गया। ताहापछि जयप्रकास मल्ल सरासर जाई सोकनवु ढोका वाट भीत्र पसि कांतिपूरमा सहरभित्र प्रवेश गरि सिंह धोकावात तलेजुमा जाई देवालय प्रदक्षिणा गरि धोकामा साष्टांग डंडवत् प्रणाम गरी दक्षिणा चढाई आफना पुत्र जोतिप्रकास मल्लकन काषमा राषी झ्यावमा वसि प्रजाहरूकन वोलाई हुकुमगऱ्या। हे प्रजा-हरू क्ांतिपुरका राजा जोतिप्रकासमल्ल हो म देषि केहि संदेह मांनु-पर्दैन। यकमाना षाई छोराकन रक्षागरि राजकाज गरिरहुला। हाम्रा-मुलुक अघिदेषि सत्रुका हातमा पऱ्या का राज्य लीन उद्योग गर्दा तिमि-हरूले भरसक गरि मेहेनत् गरिदिया भनि प्रजाहरूकन मधुरवाणीले वोधदी सव प्रजाकन षुसि गराई हात लिया ताहा पछि प्रजाहरूले विन्ति गऱ्या हे महाराज अघि हामिहरूवाट भयाको सव अपराध क्षमागरि प्रसंन हुनु होला चरणको सेवा हामीवाट सष्यभर गरौला अव उप्रान्त शत्रुका हात पऱ्याको राज्य झिकदा षेलषार गर्न्या उ नगर्न्या माथी विवेक गऱ्या जाला सास्त्र प्रसादको धनि हजुर हुनुहुंछ भनि प्रजाहरूले विंति गऱ्या याहा पछि मिलदा ति भिष्वाल् तुइष्वाल् आदि दुष्ट काजीहरूकन समाई मारि जमलोक पठाया धंजु कोठा मोच्या र हुलनायके अरू सातजनाकन माऱ्यामुष्यकाजी टौधीक र जयप्रकास मल्ल कांतिपूर प्रवेश गऱ्या भंन्या षवर सुनी वित्तिकै मनोरथ सीं मास्कीका घरका वैंगल्मा वन्दुकको कल चढाई आत्मा हत्या गरि मऱ्या यसै वातमा मनोरथ सींलाई मेरा परम शत्रुकन तैले वैंगलमा लुकाया छस् भनी सर्वस्व हरणगरि लिया दयावति रानिकन विगार्न्या गरूड सिं भडेल र षवर जाहेर हुनि वित्तिकै गोर्षाका राजासंग सरणजाई

जीव वचायो यहि सत्रु साधना गर्न नपाउदा राजा वहुत दीक थिया इनै रानीसंग वीराउ भयाका उपाध्या भाजु भक्तपूरमा भागि रहन्यालाई भन्या मान्या यस तरहसंग जयप्रकास मल्लले कुल्याहा शत्रुकन संहार गन्या कोही काजीहरू र जयप्रकास मल्लदेखि डराई विष षाइ मन्या यहा पछि दयावति नाम रानीलाई वडो दुष्टिनी ठहराई आपना स्वामिलाई त्याग गरि दुष्ट काजि गरूर्डसिं भडेलसंग सुखक्रीडा गरि सत्य छाडी परपुरूष तुल्याउन्या भनि वंधनैमा मान्या " (पृ.२५६–६४)।

अरू साधन नपाउँदा गरुर्डसिंहको कथा र तौढिकको आत्महत्याको कथाका विषयमा यसैको भर पर्नुपरेको छ। यसमा लेखिएकी रानी दयावती भनेकी जयप्रकाश मल्लकी राजदरवारदेखि वाहिर राखिएकी, रखौटी '**नानिचा**' हुन् भन्ने मेरो अनुमान छ र यिनी रानी जयलक्ष्मीको पतनपछि राखिएकी देखिन्छिन्।

५– ने. रा. मु., पृ. ११०, चित्र, पृ. १२।

६– जयप्रकाश मल्लले भगवती वन (कमल वनका चेला) लाई कांतिपुर -मुकामबाट लेखेका पत्र पनि नुवाकोटका धामीसंग रहेछ। यसको प्रतिलिपि यस प्रकारको छः–

"श्री ३ पशुपतिर्जयति

स्वस्ति श्री मतपशुपति चरणकमलेत्यादि श्रीमन्महाराजाधिराजा श्रीश्री जयप्रकाश मल्लदेवानां सदा समर वियिनाम् श्री भगवतिवन गोसाइको नमोनारायण वाचना आगे इहा हमारे कुशल आनन्द है उहा आपका कुशल आनन्द हमेशा चाहितौ वहुत षातिज्माहै आगे हकीगत सव भलीहै आपका पाश गुदखानाको भेजाहै जो गुदरवावा कहे सो आपके प्रमान मानना कहा जो करना तुमारे चार भाइ वंधुहै और वन पंथ सो लेर आउना वावा गुदर कहै सो जिनीश समेत आउना आपहै सो कमल वन गोशाइका चेले हौ सो मेरा अतीत हौ कौने वातमो अविश्वास नमानना वहुत क्या लेषए आप सज्ञान हौ मु. कांतिपुर।"

यस पत्रमा साल, तिथिमिति केही छैन। यसमा कमल वनका चेलाहरूकोमात्र उल्लेख भएको हुनाले कमल वनले काठमाडौं

उपत्यका अथवा यस संसारलाई नै छोडेको देखिन्छ। कान्तिपुरमा उनको अधिकार भइसकेको हुनाले यस पत्रमा उनले आनन्द प्रकट गरेको देखिन्छ। साथमा **'वावा गुदरले भने बमोजिमको'** **'जिनिस समेत लिएरआउनू'** भनेको बन्धकी राखेका जडाऊ गहना लिएर आउनू भन्ने संकेत गरेको देखिनआएको छ। 'गुदखाना' र 'वावा गुदर' एउटै व्यक्ति देखिन्छन्। गुदखानाको अर्थ स्पष्ट बुझिदैन। सभवत: 'गुदरखान' को बदला गुदखाना लेखिएको छ। कान्तिपुरमा प्रवेश भएको पाँचसात दिनपछि यो पत्र लेखिएको देखिनआएको छ। कान्तिपुरमा प्रवेश गर्दा यिनलाई वाधा दिन खडा कोही नहुँदा हतियार चलेको देखिन्न।

७– सम्वत् १८२३ पौषमा कीर्तिपुर दखल भएको थिएन। त्यो गाउँ दखल गर्ने तेस्रो उद्योग भई काजी वंशराज पाँडेले घेरा दिइरहेका थिए। अब चाँडै नै कीर्तिपुर दखल हुनेदेखिएको थियो। कान्तिपुर र भक्तपुर दखल हुन दुइ-तीन वर्ष वाँकी नै थियो। तर, ती दुवै राजधानी गोर्खालीका दखलमा आउँछन् भन्ने भगवती वनले देखिसकेका थिए। यसकारण आफ्ना मठ-गुठीका जग्गाजमीनको थमौती अगावै गर्नुपर्छ भनेर भगवती वन र लछिमन वनले सम्वत् १८२३ पौष १० रोज ६ मा थमौतीको लालमोहर गराई (इ. प्र. भा. १, पृ. ९०) **श्री ५ पृथ्वीनारायण शाह**का उनीहरू सहायक वन्नपुगेका थिए। त्यस लालमोहरमा भक्तपुरका चिकँफलेमठमा रहेका जग्गा-जमीनबाहेक धुनीमठमा रहेको **'गोकर्नको षेत मुरि ८०० डिही समेत'** भन्ने पनि जनिएको छ। मुरी ८०० भनेको रोपनी २०० र डिही भनेको **'धुनीमठ'** देखिन्छ। त्यो दुइसय रोपनी खेत उस समयमा कान्तिपुरका ठकुराइमा पर्ने र वर्तमान समयमा पनि काठमाडौं जिल्ला-मा परी धुनीमठको महन्तको भोगचलनमा रहेको छ।

अरू सामान्यभूल पनि याद हुन आए जत्ति यहाँ दिइन्छ:–

१– लमजुंगका राजा रिपुमर्दन शाहका छोराको नाम लमजुंगका राजाका नामावलीमा वीरमर्दन शाह पाइन्छ। रिपुमर्दन

शाहको देहान्त भएको साल थाहा पाइएको थिएन । सम्वत् १८०२ मा लमजुंगका राजा वीरनारायण शाहका दूत कुमाउँका राजाछेउ गएका देखिनाले यसै साल रिपुमर्दन शाहको देहान्त भएको र उनका छोराले वीरनारायण नाम लिएर गादीमा बसी, पछि फेरि उनले नाम बदलेर वीरमर्दन गराएको देखिनआएको छ । यसकारण सम्वत् १८०६ माघ २५ गते **श्री ५ पृथ्वीनारायण शाहले** कालू पाँडेलाई लेखिदिएका गोप्यपत्रमा साक्षी बसेका '**लमजुंग महाराज**' भनेको (पृ. ३१२) वीरमर्दन शाह देखिनआएका छन् ।

२– विजयपुरका राजाहरूका गृहकलहमा कान्तिपुरका राजा प्रताप मल्लले पनि सबैका लहैलहैमा पसेर भाग लिएको देखिनआएको छ । (पृ. १४) ।

३– भक्तपुरका राजा जितामित्र मल्लपछि ने. सं. ८१६ भाद्रवदि ११ मा नयाँ टक ढालेर भूपतीन्द्र मल्ल भक्तपुरका गद्दीमा बसेका हुनाले यिनका पिता जितामित्र मल्ल र काका उग्र मल्लसमेत यसै समयमा गुज्रिसकेका होलान् भन्ने अनुमान गरिएको थियो । तर, जितामित्र मल्ल आफू जीवित छँदै छोरालाई गादी सौंपी केही वर्ष जीवित रहेका देखिनआएका छन् ।

यस तरहका छोटामोटा भूल अन्यत्र पनि परेका होलान् ती पछि शुद्ध गरिँदै लगिनेछन् ।

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, काठमाडौं नेपाल ।